# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन

# पर्यवेक्षण र समीक्षा

२०७९



निर्वाचन पर्यवेक्षण समिति नेपाल

**Election Observation Committee Nepal**


EDEN JUNGLE RESORT




EDEN JUNGLE RESORT






**सम्पादन सल्लाहकार**

प्रदिप पोखरेल

तुलबहादुर कँडेल

राजाराम बर्तौला

**अनुसन्धान, लेखन तथा सम्पादन**

बद्रीप्रसाद शिवाकोटी

**अनुसन्धान, लेखन तथा सम्पादन सहयोगी**

रमेशकुमार पौडेल

उज्वल अधिकारी

**प्रकाशक**
निर्वाचन पर्यवेक्षण समिति नेपाल **(EOC- Nepal)**
Buddhanagar, Kathmandu
Phone No 0097714794568/4791044
Email : eocnepal123@gmail.com
www.eocnepal.org.np

**मुद्रक**
आवृत्ति छापाखाना प्रा.लि.
बागबजार, काठमाडौं
सम्पर्क : ०१-४१६७५७१

# विषय सूची


| | |
|---|---|
| **प्रकाशकीय** | ५ |
| **कार्यकारी सारांश** | ७ |
| **निर्वाचनको ऐतिहासिक पृष्ठभूमि** | ९ |
| ■ मध्यकालिन भेनिस | ९ |
| ■ अमेरिका | १० |
| ■ भारत | १० |
| ■ नेपाल | ११ |
| ■ किराँतकाल | ११ |
| ■ लिच्छविकाल | ११ |
| ■ मध्यकाल | १२ |
| ■ खस साम्राज्य एवं बाइसी चौबिसी राज्य | १३ |
| ■ आधुनिक काल | १३ |
| ■ स्थानीय तहको निर्वाचन २०७४ | १५ |
| ■ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ | १५ |
| ■ स्थानीय तहको निर्वाचन २०७९ | १६ |
| **प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९** | १७ |
| ■ पृष्ठभूमि | १७ |
| ■ निर्वाचन पर्यवेक्षण चक्र | १८ |
| ■ निर्वाचनपूर्व अवस्था | १८ |
| ■ निर्वाचनको दिनको अवस्था | २० |
| ■ राजनीतिक दलका क्रियाकलाप र युवा सहभागिता | २१ |
| ■ नेपाल सरकार र निर्वाचन आयोग | २१ |

- सञ्चार जगत — २३
- निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरू — २३
- सवल पक्षहरू — २४
- सुझावहरू — २४

**निर्वाचनसम्बन्धी प्रतिनिधिमूलक घटनाका विवरणहरू** — २६

- प्रदेश नं. १ — २६
- मधेश प्रदेश — २८
- बाग्मती प्रदेश — २९
- गण्डकी प्रदेश — ३१
- लुम्बिनी प्रदेश — ३२
- कर्णाली प्रदेश — ३३
- सुदूरपश्चिम प्रदेश — ३४

**विज्ञका विचार** — ३६

- निर्वाचनमा उम्मेदवारले गर्ने निर्वाचन खर्च तथा त्यसको असर — ३६
- बहसमा निर्वाचन पद्धति र शासकीय स्वरूप — ४४
- निर्वाचनमा समावेशिता — ४९
- निर्वाचन आचारसंहिताः कार्यान्वयनमा प्रश्न — ५३

# प्रकाशकीय

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणपछि दोस्रो संविधान सभा निर्वाचन, २०७० र त्यसपछिका सबै निर्वाचनको पर्यवेक्षण गर्दै आएको छ ।

२०७९ मंसिर ४ गते प्रतिनिधिसभाका २७५ तथा प्रदेश सभाका ५५० सदस्यका लागि दोस्रो आम निर्वाचन सम्पन्न भयो । प्रतिनिधि सभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत एकल सदस्यीय निर्वाचन क्षेत्रबाट १६५ सदस्य र समानुपातिक प्रतिनिधित्वमार्फत एक राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट बाँकी ११० सदस्यहरू निर्वाचित भएका थिए । साथै प्रदेशसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत एकल सदस्यीय निर्वाचन क्षेत्रबाट ३३० र समानुपातिक प्रतिनिधित्वमार्फत बाँकी २२० सदस्यहरू निर्वाचित भएका थिए । उक्त निर्वाचनमा चार भिन्न प्रकारका मतपत्रको आधारमा सबै निर्वाचन एकै चरणमा सम्पन्न गरिएको थियो ।

२०३७ सालको जनमत संग्रह होस वा २०६४/०७० सालको संविधानसभाको निर्वाचन, नेपालको इतिहासमा निर्वाचन आयोगले निकै जटिल परिस्थितिमा पनि आफ्नो जिम्मेवारी पूरा गर्दै आइरहेको छ । यसका लागि नेपाल सरकार र निर्वाचन आयोगलाई धन्यवाद नदिई रहन सकिदैन ।

निर्वाचन आयोग र त्यसका अधिकार क्षेत्रहरूको बारेमा उठ्ने प्रश्नहरूमा निर्वाचन पर्यवेक्षण समिति नेपालले आफ्नो स्पष्ट धारणा र सुझावहरू हरेक निर्वाचन सम्पन्न भएपश्चात प्रतिवेदनमार्फत सार्वजनिक गर्दै आएको छ । संवैधानिक अङ्ग भएको र गुरुतर जिम्मेवारी भएको कारणले निर्वाचन आयोग सँधै स्वतन्त्र, निश्पक्ष र पारदर्शी हुनुपर्छ । यही मान्यताको आधारमा यसले संघीय तथा प्रदेशीय निर्वाचनको मिति तोक्न नीतिगत विषयमा स्पष्ट रूपले वैधानिक दायित्व लिनसक्नुपर्छ ।

निर्वाचन प्रणाली, निर्वाचन प्रक्रिया र निर्वाचन प्रशासनमा सुधार गर्नुपर्ने विषयहरू धेरै छन् । समय, काल र परिस्थितिले निर्दिष्ट गरेबमोजिम सम्पन्न गरिनु पर्ने वा सम्पादित कामको भूमिकामा फरक-फरक टिकाटिप्पणी हुनु अस्वभाविक हैन । तर, कहिलेकाहीँ नेपालका संवैधानिक निकायहरू राजनीतिक हस्तक्षेपका सिकारसमेत हुन सक्ने सम्भावनाहरूलाई दृष्टिगत गरी इओसी नेपालले निर्वाचन बाहेकका समयहरूमासमेत निरन्तर अवलोकन, अध्ययन, र पर्यवेक्षण गरिरहेको छ ।

लोकतन्त्रमा आवधिक निर्वाचन र त्यसको महत्व सर्वसाधारणलाई बुझाउने दायित्व मूलभूतरूपमा राजकीय दायित्व भएपनि सामाजिक जिम्मेवारीको दृष्टिबाट प्रबुद्ध नागरिक समाजको पनि हो । यही बिराट लक्षलाई अनुभूत गर्दै विकृति, विसङ्गति र बेथितिका विरुद्ध बोल्ने लेख्ने, आवाज उठाउने र सम्बन्धित सरोकारवाला समक्षमा पुर्‍याउने उद्देश्य र कर्तव्य इओसी नेपालको पनि हो भन्ने मान्यताले निर्देशित भएका छौं ।

निर्वाचन पर्यवेक्षण गर्नुको प्रयोजन र उद्देश्य निर्वाचनमा को उम्मेदवार, कुन दल र कुन समुदायभन्दा पनि निर्वाचन विधिसंगत र प्रकृयासहित उचित ढङ्गले भयो भएन र निर्वाचनको सर्वमान्य लोकतान्त्रिक सिद्धान्त, आधार, मूल्य मान्यतामा सम्झौता गरिएकि भन्ने कुरा नै यसको मूल विषय हो । पर्यवेक्षणको सिलसिलामा स्थलगतरूपमा देखिएका सम्बद्ध पक्षहरूले भोगेका समस्याहरू, बेथिति, वा अनधिकृत प्रयासहरू, तिनीहरूका जटिलता र तीनको सुधारका लागि उपयुक्त सुझावहरू दिनु पनि हाम्रो दायित्व हो ।

यिनै विषयहरू सम्बद्ध कृया, प्रतिकृया, घटनाहरूलाई प्रत्यक्ष देखेर, मतदाताहरू तथा उम्मेदवारहरू समेतसँग सम्वाद गरेर स्थलगत रूपमा टिपोट गरिएका विषयहरूलाई समेटेर २०७९ को प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको पर्यवेक्षण र समीक्षा २०७९ प्रकाशन गर्ने प्रयास गरिएको छ । ७७ वटै जिल्लामा खटिएका पर्यवेक्षकहरूले पठाएको प्रतिवेदन, स्थलगत भ्रमण, सम्वाद लगायत विशेषज्ञहरूका सल्लाह तथा सुझावको आधारमा यस प्रकाशनलाई अन्तिम रूप दिइएको छ । तथापि, निर्वाचन सम्बद्ध सबै कुराहरू समावेश नभएका पनि हुन सक्दछन् । लोकतन्त्रको संस्थागत विकासमा नागरिक समाजको तर्फबाट यो अभियानलाई निरन्तर जारी गर्न पाउँदा हामी हर्षित छौँ । साथै, पर्यवेक्षण पश्चात तयार गरिएको यस किसिमको प्रकाशनले नेपालको समग्र निर्वाचन प्रक्रियालाई सुसंस्कृत एवम सुधारका लागि थोरै भएपनि सहयोग गर्न मद्दत गर्नेछ भन्ने विश्वास लिएका छौँ ।

यस प्रतिवेदन प्रकाशनका लेखक, पर्यवेक्षकहरू, सचिवालयका कर्मचारीहरू र सम्पूर्ण सहयोगीहरूप्रति कृतज्ञ छौँ ।

**प्रदिप पोखरेल**
अध्यक्ष

■

# कार्यकारी सारांश

नेपालको संविधान बमोजिम प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरूका लागि दोश्रो आमनिर्वाचन विक्रम संवत् २०७९ सालको मंसिर चार गते सम्पन्न भयो । निर्वाचन आयोगले जारी गरेको समय तालिका बमोजिम बिहान सात बजेदेखि सुरू भई अपरान्ह पाँच बजेसम्मको निर्धारित समयभित्र निर्वाचनस्थल प्रवेश गरिसकेका मतदाताहरूले समेत मतदान गरी निर्वाचन कार्य मुलूकभर एकै चरणमा सम्पन्न भएको थियो । केही स्थानहरूमा अनपेक्षित घटनाहरूका कारणले पुनः मतदान गर्न पर्ने अवस्था आएको थियो । कतिपय मतदानस्थलमा वैदेशिक रोजगारमा गएका र मृत्युवरण गरिसकेका व्यक्तिहरूका नाममा समेत मतदान गरिएको कारण विवादहरू सिर्जना भएका थिए । तथापि, अधिकांश मतदान केन्द्रहरूमा मतदान समष्ठिगतरूपमा सफलतापूर्वक सम्पन्न भयो । लोकतन्त्रको संस्थागत विकास तथा स्थायित्वमा यो निर्वाचन अर्को एउटा कोषे ढुंगा साबित भएको छ ।

निर्वाचनको पर्यवेक्षणका लागि यस निर्वाचन पर्यवेक्षण समिति नेपालको तर्फबाट राष्ट्रिय पर्यवेक्षकहरू, सार्वजनिक सेवामा महत्वपूर्ण योगदान गरेका राष्ट्रिय व्यक्तित्वहरू, र अन्य स्वतन्त्र बुद्धिजीवीहरू समेत गरि ५२३ जना पर्यवेक्षकहरू ७७ वटै जिल्लास्थित मतदान केन्द्रहरूमा परिचालित थिए । स्थलगत पर्यवेक्षणबाट प्राप्त भएको तथ्य, प्रमाण र विवरणहरूलाई आधार मानेर विश्लेषण गर्दा केही मतदान केन्द्रहरूमा द्वन्द, झडप, मुठभेड, मानवीय क्षति र विवादको कारणले निर्वाचनको स्वच्छता तथा निष्पक्षतामा प्रश्नहरू उठेका छन् ।

निर्वाचन केन्द्रहरूमा पर्यवेक्षणको लागि खटिएका हाम्रा पर्यवेक्षकहरूले प्रत्यक्ष देखेर र अनुभव गरेर स्थलगतरूपमा टिपोट गरेका, रेकर्ड गरेका र प्राप्त गरेका तथ्यहरूको आधारमा निर्वाचनको स्थिति, अवस्था र परिणामका सम्वन्धमा निम्न कुराहरू देखिन आएका छन् ।

तुलनात्मकरूपमा स्थानीय तहको निर्वाचनमा भन्दा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा मतदाताहरूको मतदानप्रतिको उत्साहमा उल्लेखनीय रूपमा कमि देखियो । स्थापित राजनीतिक दलहरूद्वारा उठाइएका उम्मेदवारहरू अधिकांश दोहोरिएका, युवाहरू माझ अलोकप्रिय रहेका र विगत निर्वाचनहरूमा निर्वाचित भई पदीय जिम्मेवारी पूरा गर्नं असमर्थ रहेका भन्दै, यस निर्वाचनमा युवाहरू निर्वाचनप्रति आकर्षणभन्दा बढि विकर्षण, उत्साहभन्दा निरासा व्यक्त गरेको पाइयो ।

शारीरिक रुपमा फरक क्षमता भएका मतदाताहरूको लागि सहज मतदानस्थलको व्यवस्थापनमा कमिकमजोरीको निरन्तरता कायमै रहेको देखियो । विगतमा झैँ कुनै-कुनै मतदानस्थलमा शारीरिक क्षमता कमजोर भएका मतदाताहरू बैशाखी टेकेर, जेष्ठ नागरिकहरू आफन्तको काँधमा झुण्डिएर, गएका दृष्यहरू पनि दोहरिए । अशक्त र सहारा चाहिने व्यक्तिहरूको लागि मतदान गर्न आफ्नो नजिकको नातेदारले सहयोग गर्न पाउने कानुनी अधिकारको दुरुपयोग गरेको समेत देखियो । यसैलाई कारण बनाएर राजनीतिक दलका कार्यकर्ताहरूबीच आपसी मतभेद, हुँदा मतदाताहरूमा त्रासको वातावरण सिर्जना भएको पनि पाइयो ।

कतिपय स्थानहरूमा हवाइ फायर र बम जस्ता शंकास्पद वस्तु राखिएको र विस्फोटका घटनाहरूले मतदाताहरू त्रसित देखिएको पाइयो । एउटै प्रकृतिका निर्वाचन विवादहरूमा कतै पुनः निर्वाचन गराउने कतै नगराउने निर्वाचन आयोगको निर्णय प्रति मतदाताहरू, राजनीतिक दल, नागरिक समाजले गुनासो गरेको पाइयो ।

निर्वाचन आयोगले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको लागि व्यवस्था गरिएका चार रङ्गका चारवटा मतपत्र र चारवटा बाकसमा मतदान गर्ने गरी व्यवस्था मिलाएपनि आयोगका कर्मचारीहरूको असावधानीका कारण मतदाताहरू अलमलमा परी मतमेटिकामा फरक मतपत्र मतदान गरेको कारण कतिपय मतदान स्थलहरूमा विवाद भएको थियो भने कतिपय मतदान केन्द्रहरूमा पुनः मतदान गरिएको पाइयो ।

छिटपुट रूपमा भएका आपसी द्वन्द, झडप, झगडा र हिंसात्मक घटनाहरूका कारणले पर्यवेक्षकहरूले समेत असुरक्षित महसुस गर्नु परेको र भयभित वातावरणमा पर्यवेक्षण गर्नु परेको प्रतिनिधिमूलक घटनाको रूपमा मुगु जिल्लाको छायाँनाथ नगरपालिकामा रहेका निर्वाचन पर्यवेक्षण समिति नेपालका पर्यवेक्षकमाथि गरिएको हातपातलाई लिन सकिन्छ ।

निर्वाचन शिक्षा, मतदाता शिक्षाको क्रममा रेडियो, टेलिभिजन, पोष्टर, पम्प्लेट, सामाजिक सञ्जाल, फोनको कलरटोन जस्ता माध्यमको प्रयोग गरेको पाइयो । सूचनाका साधनमा पहुँच नपुगेका सर्वसाधारण मतदाताहरूले आफ्नै घरगाउँमा भौतिक रूपमा मतदाता शिक्षा प्राप्त गर्ने अवसर नपाएका गुनासाहरू यथावत नै रहे । सार्वजनिक सवारी साधन तथा मालबाहक सवारी साधनहरूमा निर्वाचन आचारसंहिता विपरीत तयार गरिएका निर्वाचन प्रचार सामग्रीहरू टाँसेका र उम्मेदवारका प्रचारमूलक गीतहरू बजाइएको पाइयो । स्थिर समय (मौन अवधि) मा मतदातालाई आफ्नो पक्षमा पार्ने उद्देश्यले समूहगत रूपमा भोजभतेर, पैसा वितरण, लत्ताकपडाको वितरण गर्ने कार्यले यस पटक पनि निरन्तरता पायो । पर्यवेक्षकहरू मतदानस्थलमा पुग्दा प्रायः सबै स्थानमा मत दिएर फर्कने मतदाताहरूलाई चिया नास्ता, भोजभतेरको प्रबन्ध गरेको पाइयो । नगद वितरण र भोजभतेर गर्न नसक्ने उम्मेदवारको प्रतिनिधिले चुरोट खान भन्दै नगद रुपैयाँ बाँडेको समेत देखियो । राजनीतिक दलका शीर्षस्थ नेता तथा उम्मेदवार हरूका सार्वजनिक अभिव्यक्तिले मतदातामा डर, त्रासको स्थिति देखियो भने राजनीतिक दलका कार्यकर्ताहरूबीच वादविवादको स्थिति यथावत नै रह्यो । कुनै-कुनै मतदान केन्द्रमा निर्वाचन आयोगको स्वयंसेवकको परिचय पत्र बाहकलाई मतपत्रमा छाप लगाउने गोप्य स्थानमा राखेको देखियो । अतः निर्वाचनको सम्पन्नतामा अझै पनि कमीकमजोरीहरू देखिएका कारणले निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रश्न उठाउन सक्ने प्रसस्त आधारहरू विद्यमान रहेको देखियो ।

▪

# निर्वाचनको ऐतिहासिक पृष्ठभूमि

ईशापूर्व ५०८ वर्ष अघिदेखि प्राचिन ग्रीसमा प्रजातन्त्रको प्रारम्भिक रूपको अभ्यास गरिएको अनुमान गरिन्छ । त्यसबेला ग्रीसमा नकारात्मक निर्वाचनको अभ्यास गर्ने गरिएको थियो । नकारात्मक निर्वाचन भन्नाले प्रत्येक वर्ष राजनीतिक नेता वा उम्मेदवारलाई आगामी १० वर्षका लागि बहिष्कार गर्न मतदान गर्नु । यस्तो अभ्यासमा पुरुष जमिन्दारहरूले मात्र मतदान गर्न पाउँथे । उनीहरूलाई उठेका राजनीतिक नेता वा उम्मेदवारहरूलाई उक्त अवधिका लागि बहिष्कार गर्नका लागि मतदान गर्न लगाइन्थ्यो । त्यस बेलाको मतदान प्रणालीमा मतदाताहरूले आफूले चयन गरेको व्यक्तिको नाम फुटेका भाँडाका टुक्राहरू अथवा ओस्ट्राकाहरूमा लेख्नु पर्दथ्यो । यही ओस्ट्राका शब्दबाट नै वर्तमानमा प्रचलित ओस्ट्रासाइज शब्दको विकास भएको हो । यसको अर्थ हुन्छ शक्तिशाली व्यक्तिहरूलाई बहिष्कार गर्नु । यस क्रममा यदि कुनै राजनीतिक नेता वा उम्मेदवारले ६,००० भन्दा बढि मत प्राप्त गरे भने तीमध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने राजनीतिक नेतालाई शासनबाट बहिष्कार गरिन्थ्यो । तर यदि कसैले पनि छ हजार मत प्राप्त गरेनन् भने सबैको शासन सञ्चालनमा निरन्तरता हुने गर्दथ्यो ।[१]

## मध्यकालिन भेनिस

तेह्रौ शताब्दिमा भेनिस निवासीहरूले भेनेटियन राज्य शक्तिसाली बनाई निर्वाचन गरेर ४० सदस्यीय काउन्सिल बनाए । भेनेटियनहरूले "अनुमति मतदान"को पद्धति लागू गरे । यस प्रकारको निर्वाचनमा प्रत्येक मतदाताले आफूले स्वीकार गरेको उम्मेदवारलाई मत हाल्ने र आफूले अस्वीकार गरेको उम्मेदवारलाई मत नहाल्ने । अत्यधिक मतदाताहरूले स्वीकार गरेको व्यक्ति विजय हुने मान्यता राखिन्थ्यो ।[२]

प्राचिनकालमा एथेन्स, रोममा पोपहरू तथा पवित्र रोमन सम्राटहरूको चयनमा चुनावको प्रयोग गरिन्थ्यो । यसबेला चुनावलाई कुलिन संस्था मानिन्थ्यो र एथेन्सका राजनीतिक कार्यालयहरूका पदाधिकारीहरू चिट्ठाद्धारा चयन गर्ने गरिन्थ्यो ।[३]

## बेलायत

संसदीय प्रजातन्त्रको जननी भनिने बेलायतमा सन् १२६५ देखि त्यहाँका वयस्क पुरुषहरूको सानो समूहले संसदमा मतदान गर्ने गरेको थियो । बेलायतमा संसद अर्थात् हाउस अफ कमन्सको पहिलो निर्वाचन ३० अप्रिल १७०८ र

1 www.duvalelections.com/home/history of election
2 https://www.britannica.com/biography/Francesco-Foscari
3 https://www.britannica.com/topic/election-political-science

७ जुलाई १७०८ भएको थियो । तर, यसरी बेलायतका सबै निर्वाचन क्षेत्रहरूका तोकिएको मितिहरूमा निर्वाचन हुन सकेन । बेलायतमा प्रधानमन्त्री लर्ड ग्रेको पहलमा सन् १८३२ मा ग्रेट रिफर्म एक्ट पारित भयो । यसले बेलायत र वेल्सको निर्वाचन पद्धतिमा उल्लेख्य सुधार गऱ्यो । उक्त ऐनले त्यसबेला बेलायतमा भएका ससाना जिल्लाहरूलाई खारेज गऱ्यो र सहरहरूबाट प्रतिनिधित्व गर्ने व्यवस्था गऱ्यो । यसका साथै साना जमिन्दारहरू, पसलेहरूलाई समेत मतदान गर्ने अधिकार प्रदान गरियो । यसैबेलादेखि बेलायतभरि मतदाताहरूले मतदाता नामावलीमा नाम दर्ता गर्न आवश्यक पर्ने कुराको व्यवस्था भयो ।

सन् १८४८ मा जनप्रतिनिधित्वसम्बन्धी कानून पारित भयो यसले बेलायतमा पहिलो पटक एक मतदाताले एउटा मत हाल्न पाउने व्यवस्था गऱ्यो । यसअघि एक जनाले दुई मत हाल्न पाउने व्यवस्था थियो । यसै गरी सन् १९१८ मा केही महिलाहरूलाई मतदान गर्ने अधिकार प्रदान गरियो । पछि सन् १९२८ मा गएर संसदीय निर्वाचनमा महिला र पुरुषहरूलाई समान मताधिकार प्रदान गरियो । सन् १९६९ मा १८ वर्ष उमेर भएकाले मतदान गर्ने अधिकार प्राप्त गरेका थिए । १९३० को दशकदेखि बेलायतमा आम निर्वाचन विहीबार हुने चलन स्थापित भएको थियो ।[४]

## अमेरिका

अमेरिकी इतिहासलाई हेर्दा मतदानको अधिकारलगायत अन्य अधिकारहरू क्रमशः वृद्धि भएको पाइन्छ । अमेरिकामा सन् १९७६ मा सबै मानिसहरू समान छन् भनेर उद्घोष गरियो तर यो मान्यता सबैलाई समान ढङ्गले लागू भएन । प्रारम्भमा अमेरिकामा २१ वर्ष पुगेका गोरा पुरुषहरूलाई मात्र मतदानको अधिकार थियो ।[५]

अमेरिकामा काला जातिहरूलाई मतदान गर्ने अधिकार थिएन । सन् १८६० पछि अमेरिकी संविधानमा भएको तेह्रौं, चौधौं र पन्ध्रौं संशोधन पश्चात पूर्व दासहरूलाई नागरिक अधिकार र मतदानको अधिकार प्रदान गरियो । यसले अफ्रिकी अमेरिकनहरूको मतदान गर्ने अधिकार त स्थापित गऱ्यो । तर, काला जातिहरूमाथि लगाइएका धेरै प्रतिबन्धहरू यथावत थिए । सन् १९६० को मतदान अधिकार ऐन पारित भएपछि मात्र उनीहरूले वास्तविक मतदानको अधिकारको अभ्यास गर्न पाएका थिए । सन् १९२० मा संविधानमा भएको उन्नाइसौं संशोधनबाट महिलाहरूलाई मतदान गर्ने अधिकार प्रदान गरियो । यस अधिसम्म अमेरिकामा महिलाहरूलाई मतदान गर्ने अधिकार प्राप्त थिएन । यसैगरी अमेरिकी संविधानमा भएको छब्बीसौं संशोधनले मतदान गर्ने उमेरलाई २१ बाट घटाएर १८ बनाएको थियो ।[६]

## भारत

ईश्वीपूर्व छैटौं शताब्दीदेखि भारत वर्षका गणराज्यका प्रमुख निर्वाचन जनताले गर्ने गर्दथे । यसरी प्राचिनकालदेखि नै निर्वाचन प्रक्रिया विद्यमान थियो । त्यसबेला हालको तमिलनाडुमा प्रजातान्त्रिक निर्वाचन पद्धति प्रयोगमा ल्याइएको थियो (पृष्ठ २८, नेपालको निर्वाचनको इतिहास, निर्वाचन आयोग नेपाल) । यो प्रक्रियामा ताडपत्रमा उम्मेदवारको नाम लेखेर एउटा माटोको भाडोमा हालिन्थ्यो र कुनै छान्नुपर्ने सदस्यको सङ्ख्या अनुसारको ताडपत्र भाडोबाट बच्चालाई निकाल्न लगाइन्थ्यो । यसरी छानिएका व्यक्ति निर्वाचित भएको मानिन्थ्यो । यसप्रकार त्यो क्षेत्रमा ग्रामसभाको निर्वाचन सम्पन्न हुन्थ्यो । ग्रामसभाको चुनाव पूर्ण प्रजातान्त्रिक ढङ्गमा हुन्थ्यो । यो यस

4 The History of the Parliamentary Franchise downloaded from: https://researchbriefings.files.parliament.uk/documents/RP13-14/RP13-14.pdf

5 www.duvalelection.com/home/history of election

6 https://www.history.com/topics/us-presidents/presidential-elections-1

क्षेत्रको निर्वाचनको इतिहासको एउटा सुन्दरतम उदाहरण हो । आठौंदेखि सोह्रौं शताब्दीसम्म तमिलनाडुमा यस प्रकारको निर्वाचनको विधि कायम रहेको थियो । यो प्रणाली करिब १३०० वर्ष अगाडि दक्षिण भारतमा सुरू भएको थियो (पृष्ठ २८, नेपालको निर्वाचनको इतिहास, निर्वाचन आयोग नेपाल)[७] । ग्राम सभाको निर्वाचनको यो प्रणालीमा कतिपय आधुनिक प्रजातान्त्रिक पद्धतिले अङ्गीकार गरे अनुरूपका प्रावधानहरू पनि विद्यमान थिए । यसको साथै ग्राम सभा उम्मेदवारको योग्यता, मतदाताको योग्यता, निर्वाचन प्रणाली, निर्वाचित उम्मेदवारको कर्तव्य, प्रत्याह्वानको प्रावधान आदि धेरै महत्वपूर्ण कुराहरूको व्यवस्था गरिएको थियो । यसले ग्रामसभाको कार्यप्रणाली, निर्वाचित प्रतिनिधिको ग्रामीण जनताप्रतिको उत्तरदायित्व आदि प्रावधानहरू सुनिश्चित गरेको थियो । यसरी सार्वजनिक पद धारण गर्नेहरूका लागि निश्चित प्रावधानहरू राखिएका थिए ।(पृष्ठ २९, नेपालको इतिहास, निर्वाचन आयोग नेपाल)

सन् १९४७ मा भारत स्वतन्त्र भएपछिको पहिलो लोक सभाको निर्वाचन २५ अक्टोबर १९५१ र २१ फरवरी १९५२ को बीचमा सम्पन्न भएको थियो । लोकसभाको निर्वाचनको साथसाथै अधिकांश राज्य विधायिकाको निर्वाचन पनि सम्पन्न भएको थियो । यस निर्वाचनमा लोकसभाका कूल ४८९ वटा सिटका लागि कूल १९४९ उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए । उक्त सिटमध्ये भारतीय राष्ट्रिय काँग्रेसले ३६४ सिट जितेको थियो भने निर्वाचनमा कूल मतदाता संख्या १७ करोड ३० लाख थिए । यस निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूले ३७ सिट, भारतीय कम्युनिष्ट पार्टीले १६ र समाजवादी पार्टीले १२ सिट जितेका थिए । निर्वाचनमा भारतीय काँग्रेसले कूल मतको ४५ प्रतिशत मत प्राप्त गरेको थियो । यो निर्वाचन २६ जुन १९४९ स्वीकृत भएको भारतीय संविधान अनुसार भएको थियो । निर्वाचनबाट भारतीय राष्ट्रिय काँग्रेसका नेता जवाहरलाल नेहरू पहिलो लोकतान्त्रिक प्रधानमन्त्रीको रूपमा निर्वाचित भएका थिए ।[८]

## नेपाल

### किराँतकाल

ऐतिहासिक दस्तावेजहरूको उपलब्धताको आधारमा नेपालको निर्वाचनको ऐतिहासिक पृष्ठभूमि किराँतकालदेखि केलाउन उपयुक्त हुन्छ। ईशापूर्व दोस्रो शताब्दीदेखि ईशापूर्व आठौं शताब्दीसम्मको काललाई किराँतकाल मानिएको छ। यसबेला मानिसहरू बाह्य विपत्ती, आपसी झैंझगडा तथा अन्य विभिन्न समस्याबाट सुरक्षित रहन आपसमा संगठित भएर रहने अवस्था आयो । यसरी बस्दा आफू मध्येबाटै योग्य र शारीरिक रूपमा पनि सक्षम, हतियार चलाउन निपूण सचेत व्यक्तिलाई आफ्नो नेताको रूपमा चयन गर्ने चलन सुरू भएको अनुमान गरिएको छ। यसरी नेता चयन गर्दा निश्चित समयको लागि गर्ने र ततपश्चात अर्को सक्षम व्यक्तिलाई चयन गरिन्थ्यो भन्ने अनुमान गरिएको छ। यही प्रचलनपछि गएर किराँतकालमा नै राजतन्त्रको रूपमा विकसित भएको मानिएको छ। (पृष्ठ ६, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)

### लिच्छविकाल

किराँत कालपछि नेपालमा लिच्छविकाल प्रारम्भ भयो । प्रथमदेखि आठौं शताब्दीसम्मलाई लिच्छवीकाल मानिन्छ । यस कालमा धार्मिक, सामाजिक साँस्कृतिक, बौद्धिकलगायतका क्षेत्रमा अभूतपूर्व उन्नति भएको

7 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf
8 http://eci.nic.in/eci_main/StatisticalReports/LS_1951/VOL_11_51_LS.PDF

हुनाले लिच्छविकाललाई नेपालको स्वर्णकाल पनि भनिन्छ । लिच्छविकालमा ग्राम पाञ्चालीको माध्यमबाट जनताले शासनमा सहभागी हुने अवसर पाएका थिए । प्रत्येक गाउँमा ग्राम पाञ्चालीको स्थापना गरिएको थियो । पाञ्चालीका पाञ्चालिकहरूले नै ग्राम प्रधानको छनोट गर्दथे । तिनीहरूको स्थान सम्मानपूर्ण थियो । पाञ्चालीको सम्बन्ध सोझै राजासित हुन्थ्यो । राष्ट्रिय समस्या आइपरेमा समाधानको लागि आवश्यक निर्णय लिन पाञ्चालीको सभा बस्दथ्यो । यसरी भेला हुँदा त्यस क्षेत्रका घरमूलीहरू भेला भई विमर्श गर्दथे । अर्को प्रकारको पाञ्चाली सभा स्थायी प्रकारको थियो जसमा स्थायी रूपमा तोकिएका सदस्यहरू हुन्थे । छानिएका पाञ्चालिकहरूको जिम्मेवारी तोकिएको प्रशासनिक काम गर्ने, आइपरेको राष्ट्रिय सङ्कट समाधान गर्न आवश्यक निर्णय लिने र तोकिएका कर सङ्कलन गर्नु थियो (पृष्ठ १०, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[९] ।

## मध्यकाल

मध्यकालीन नेपालमा कान्तिपुरमा तीनवटा राज्य र पश्चिम कर्णालीमा बाइसी र गण्डकीमा चौबीसी राज्यहरू विद्यमान थिए । विभिन्न राजवंशका अनेकौं राजाले शासन गरे । समष्टिगत रूपमा मध्य काल राजनीतिक रूपमा शक्तिको होडबाजी र खिचातानीले भरिएको भए तापनि धार्मिक व्यवहार, कला कौशल, ज्ञान विज्ञान, विद्वता आदि क्षेत्रमा उल्लेखनीय प्रगति भएको थियो । साधारणतया राजाहरू उदार प्रवृत्तिका भएका कारणले गर्दा उपत्यकाका मल्ल राज्यहरूमा यस प्रकारको विकास सम्भव भएको हो । यसका साथै राजाहरूले स्थानीय स्तरमा जनप्रतिनिधिहरूलाई ठूलो महत्व दिए । यसरी राज्यका काम कारवाहीमा जनसहभागितालाई बढावा दिने व्यवस्था र प्रक्रियाको प्रादुर्भाव भयो (पृष्ठ ११ नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१०] ।

ई.सं. १७६२ मा भक्तपुरमा रणजीत मल्ल राजा भएको बेला उनले प्रजामाथि अन्याय हुन नदिन थिति बन्देज पनि बाँधेका थिए । देशमा अनुकूल परिस्थिति नभएको अवस्थामा रणजित मल्लले भक्तपुरका चौबिसै टोलका प्रतिनिधि डाकी राय लिने गरेका कतिपय उदाहरणहरू छन् । ती चौबिस टोलका नाइकेले नै जनप्रतिनिधिको रूपमा काम गर्दथे । यिनले आफ्ना उत्तराधिकारी छान्ने क्रममा भित्रिनी रानीबाट विरोध भई कचिङ्गल उठ्यो । यसलाई समाधान गर्न यिनले दरबारमा सबै वर्गका प्रतिनिधिको भेला डाकी राय लिएका थिए । जनताको राय बमोजिम रानीको विरोधका बावजुद विवाहिता रानीपट्टिका छोरालाई नै उत्तराधिकारी घोषित गरे (पृष्ठ १३, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[११] ।

मध्य कालमा पञ्चायत व्यवस्था थियो । यस्ता पञ्चायतलाई पञ्चसमुच्चय भनिएको पाइन्छ । यी केन्द्रीय र स्थानीय गरी दुई तहका हुन्थे । स्थानीय स्तरमा टोल र गाउँ तह गरी दुई एकाइ थिए । केन्द्रीय स्तरको पञ्चायतलाई पञ्चसमुच्चय भनिन्थ्यो । यसको सभालाई पञ्च कचहरी भनिन्थ्यो । पञ्च समुच्चयबाट पाँचजना प्रतिनिधि छानेर पञ्चकचहरीमा पठाइन्थ्यो । यसरी छानिएर गएका प्रतिनिधिलाई पञ्चप्रमान भनिन्थ्यो । राजाले पञ्चप्रमानमध्ये एकजनालाई प्रमुख प्रमानको जिम्मेवारी दिन्थे (पृष्ठ १४, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१२] ।

स्थानीय संरचनामा टोल र ग्राम गरी दुई एकाइ थिए । त्यस बखत कान्तिपुरमा छब्बीस तथा भक्तपुर र ललितपुरमा चौबिस चौबिसवटा टोल थिए । पञ्चप्रमान वा परमान टोल वा ग्राम प्रतिनिधि थिए । हरेक टोल वा ग्रामबाट

---

9 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf
10 सूर्यविक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास,ः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०१९
11 Medieval Nepal. Volume 2: A History of the Three Kingdoms 1520 - 1768. Regmi, D R
12 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf

एकजना परमान छानिन्थे । पञ्चप्रमान निश्चित अवधिका लागि चुनिन्थे । तिनीहरूले प्रजापञ्चको प्रतिनिधित्व गर्दथे । तर तिनीहरूको छनोट प्रक्रिया बारे भने खासै जानकारी प्राप्त छैन(पृष्ठ १५, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१३] ।

## खस साम्राज्य एवं बाइसी चौबिसी राज्य

खस राज्य पश्चिम नेपालमा अस्तित्वमा थियो । यो राज्यमा केन्द्रकै नियन्त्रण थियो । खस राज्यमा जनप्रतिनिधिको व्यवस्था गरी छनोट गर्ने सम्बन्धमा खासै जानकारी प्राप्त छैन । खस साम्राज्यको आफ्नै कमजोरीका कारण समाप्त भई बाइसी र चौबिसी राज्यहरूको उदय भएको थियो । बाइसी राज्यअन्तर्गत महत्वपूर्ण र शक्तिशाली राज्यमा जुम्ला, डोटी, जाजरकोट, सल्यान, बझाङ, दैलेख आदि थिए । ती राज्यहरूमा शाही, मल्ल, शाह, सिंह र सेन वंशको शासन स्थापना भएको थियो । बाइसी राज्यहरूमा पनि प्रशासनिक व्यवस्था केन्द्रमुखी थियो । यसले गर्दा जनप्रतिनिधि राख्ने वा चुन्ने विषयमा त्यस्तो उल्लेखनीय व्यवस्था थिएन । (पृष्ठ १७, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल) अर्थात् सर्वसाधारणले आफ्ना प्रतिनिधिमार्फत आफ्नो मत अभिव्यक्त गर्ने कुनै प्रकारको व्यवस्था त्यतिबेला गरिएको थिएन (पृष्ठ १८, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल) ।

चौबिसी राज्यहरूमा पञ्चायतको व्यवस्था थियो । चौबिसी राज्यहरूमध्ये पर्वतमा प्रचलित व्यवस्था अनुसार प्रत्येक घरको एक पञ्चको गणना हुन्थ्यो । त्यहाँ पञ्चहरूलाई संरक्षण दिनुका साथै मुद्दा छिन्ने अधिकारसमेत दिइएको थियो । यिनीहरू स्थानीय प्रशासनका पनि महत्वपूर्ण अङ्ग थिए । पञ्चले बिराम गरी नखानु र पञ्चमाथि हातपात गर्नेलाई मृत्युदण्ड दिनु भन्ने व्यवस्था गरिएको थियो । पञ्चहरू जनप्रतिनिधि थिए । तसर्थ, यिनीहरू देश निर्माणको कार्यमा पनि संलग्न हुन्थे । पर्वतमा रहेको यस प्रकारको जनप्रतिनिधिको रूपमा पञ्चको व्यवस्था नेपाल एकीकरणपश्चात पनि प्रचलनमा थियो । तर यसमा घरधुरीका एक पञ्च मान्ने व्यवस्था भएको तर मुख्य पञ्च कसरी छान्ने विषयमा भने जानकारी प्राप्त छैन (पृष्ठ १८, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१४]।

## आधुनिक काल

'गोर्खा' का राजा पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि नेपालमा शाह वंशको शासन सुरू भयो । शाह वंशको शासन २४० वर्षसम्म कायम रह्यो र विक्रम संवत् २०६४ मा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछि अन्त्य भयो । शाह वंशकै शासनकालमा वि.सं १९०३ मा त्यतिबेलाका चतुरभारदार जंगबहादुर राणा प्रधानमन्त्री र श्री ३ भएपछि राजाहरूमा निहित शासन अधिकार राणाहरूको हातमा गयो ।

राणाशासन कालमा पनि निर्वाचनको अभ्यास भएको थियो । पहिलो पटक २००४ साल जेठमा भएको स्थानीय निकाय अन्तर्गत काठमाडौ म्युनिसिप्यालिटीको निर्वाचनलाई उदाहरणको रूपमा लिन सकिन्छ । काठमाडौ म्युनिसिप्यालिटीको निर्वाचन २०१० सालमा पनि भएको थियो । (पृष्ठ ३५, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१५] ।

नेपालमा वि.सं २००७ मा प्रजातन्त्रको स्थापना भयो २००७ साल फागुन ७ गतेको घोषणामा राजा त्रिभुवनले मुलुकको शासन व्यवस्था जनताबाट निर्वाचित विधानसभाले बनाएको संविधानबमोजिम् सञ्चालन हुने कुरा उल्लेख गरे । तर,

13 तुलसीराम बैद्य र भद्ररत्न वज्राचार्य, मध्यकालीन नेपालको प्रशासनिक इतिहास
14 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf
15 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf

घोषणा अनुसार विधानसभाको निर्वाचन भने भएन । बरु विधानसभाको लागि भनिएको निर्वाचन अन्ततः संसदको लागि हुने भयो । जस अनुसार वि.सं २०१५ साल फागुन ७ गते संसदको लागि निर्वाचन भयो । यो नै नेपालमा बालिग मताधिकारको आधारमा भएको पहिलो आमनिर्वाचन थियो । यस निर्वाचनबाट विश्वेश्वरप्रसाद कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भए (पृष्ठ १९, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१६] ।

२०१७ साल पौष १ गते राजा महेन्द्रले संसदीय व्यवस्था अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । मुलुकको शासन सञ्चालन गर्न गाउँ, जिल्ला अञ्चल गर्दै केन्द्रीय तहसम्मका पञ्चायती प्रशासनिक इकाईहरू बनाइए । ती इकाईहरूमा निर्वाचनको माध्यमबाट जनप्रतिनिधिहरू चुनिन थालियो । नेपालको संविधान, २०१९ को तेस्रो संशोधनपूर्वसम्म स्थानीय निकाय र विधायिकाको निर्वाचन अप्रत्यक्ष विधिबाट हुने गरेको पाइन्छ । तेस्रो संशोधनपछि भने बालिग मताधिकारका आधारमा हुने व्यवस्था गरियो । पञ्चायत व्यवस्था मुलुकमा करिब ३० वर्षसम्म सञ्चालनमा रह्यो (पृष्ठ २०, नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल)[१७] ।

२०३६ सालमा पञ्चायती व्यवस्थाको विरुद्धमा भएको विद्यार्थी आन्दोलनपछि राजा बीरेन्द्रले २०३७ सालमा बहुदलीय व्यवस्था अपनाउने वा सुधारसहितको पञ्चायत व्यवस्था कायम राख्ने भन्ने विषयमा जनमत संग्रहको घोषणा गरे । बालिगमताधिकारको माध्यमबाट गरिएको जनमत संग्रहबाट सुधारसहितको पञ्चायती व्यवस्था कायम भयो । तर, सुधारसहितको पञ्चायती व्यवस्थाले पनि जनताका असन्तोषहरूलाई सम्बोधन गर्न सकेन । वि.सं. २०४६ सालमा पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन भयो । परिणामस्वरूप २०४६ साल चैत्र २६ गते पञ्चायत व्यवस्था समाप्त भई प्रजातन्त्र पुर्नस्थापना भयो अर्थात् संसदीय राजतन्त्रात्मक शासन पद्धति प्रारम्भ भयो । यस अवधिमा पनि निर्वाचनहरू भए । वि.सं. २०५४ सालको जेठ ४ र १३ गते दुई चरणमा गरी स्थानीय निकायको निर्वाचन भएको थियो । पाँच वर्षको अवधि तोकिएको यो निर्वाचनबाट ५८ वटा नगरपालिका, ७५ वटा जिल्ला विकास समिति र ३ हजार ९ सय १५ वटा गाउँ विकास समितिमा जनप्रतिनिधिहरू निर्वाचित भएका थिए (पृष्ठ १०, स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभा २०७४ पर्यवेक्षण प्रतिवेदन)[१८] ।

वि.सं.२०६० मा निर्वाचन हुनुपर्ने भएतापनि आन्तरिक गृहयुद्धका कारण यो समयमा निर्वाचन हुन सकेन । २०६२ मंसिर २८ गते राजा ज्ञानेन्द्र शाहले नगरपालिकाको निर्वाचन गराएका थिए । तर प्रमुख राजनीतिक दलहरूद्वारा निर्वाचन बहिष्कार गरेका कारण निर्वाचनमा जनताको झिनो सहभागिता भयो । यसरी नेपाली काँग्रेस, नेकपा एमाले लगायतका प्रमुख दलहरू नभएको उक्त निर्वाचन हैसियतविहिन हुन पुग्यो । यसपछि लामो समयसम्म निर्वाचन हुनसकेन । यस अवधिमा स्थानीय निकायहरू कर्मचारीका भरमा सञ्चालन भए ।

संसदीय राजतन्त्रात्मक शासन पद्धतिबाट पनि मुलुकमा राजनीतिक स्थिरता कायम रहन सकेन । फलतः २०६२/०६३ सालमा अर्को जनआन्दोलन भयो । यसपछि २०६४ सालमा बालिगमताधिकारको आधारमा संविधानसभाको निर्वाचन भयो । तर, यसले नयाँ संविधान निर्माण गर्न नसकेकोले फेरि २०७० साल मंसीर चार गते दोस्रो पटक संविधान सभाको निर्वाचन भयो । यस निर्वाचनपछि बनेको संविधान सभाले २०७२ असोज तीन गते नेपालको संविधान निर्माण गर्‍यो र नेपालमा गणतन्त्र स्थापना भयो । यसले राज्यको पुर्नसंरचना गरी प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह गरी तीन तहको शासन प्रणाली स्थापना गर्‍यो र ७ प्रदेश, ७७ वटा जिल्ला तथा ७५३ वटा स्थानीय तह कायम गर्‍यो ।

16 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf
17 https://election.gov.np/source/Resources%20Other/इतिहास.pdf
18 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf

## स्थानीय तहको निर्वाचन २०७४

नेपालको संविधान कार्यान्वयनको क्रममा २०७४ बैशाख ३१, असार १४ र असोज दुई गरी तीन चरणमा निर्वाचन गरियो । यसबाट स्थानीय तहका लागि ३५ हजार ४१ जनप्रतिनिधिहरू चुनिए । (पृष्ठ १०, स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभा २०७४ पर्यवेक्षण प्रतिवेदन) यसमध्ये पहिलो चरणमा तीन प्रदेशको ३४ वटा जिल्लाका २८३ स्थानमा निर्वाचन भएको थियो । ३२ जिल्ला, चार महानगर, एक उपमहानगर, ९३ नगरपालिका १९४ गाउँपालिका र २६०६ वडाबाट १३ हजार ११४ प्रतिनिधि चयन भए ।

दोस्रो चरणमा प्रदेश नं. १, ५ र ७ को ३५ जिल्लाका ३३४ स्थानीय तहमा ३६४ मतदान केन्द्रमा मतदान सम्पन्न भयो । एक महानगरपालिका, सात उपमहानगरपालिका, १११ नगरपालिका, २१५ गाउँपालिका गरी १५ हजार ३८ जनप्रतिनिधिहरू चयन भएका थिए । यसका लागि ६२ हजार चार सय आठ जना प्रतिष्पर्धी थिए । यसमध्ये ४१ जनप्रतिनिधि यस अघि नै निर्विरोध निर्वाचित भइसकेका थिए ।

तेस्रो चरणमा प्रदेश नं. दुई मा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका का लागि निर्वाचन भएको थियो । यस निर्वाचनमा १ सय ३६ वटा स्थानीय तहका ६ हजार ६ सय २७ पदका लागि निर्वाचन भएको थियो । २६ लाख ६४ हजार ९५० मतदाता रहेको उक्त प्रदेशमा २१६६ मतदान स्थल रहेको थियो भने मतदान केन्द्र ३,५७८ रहेको थियो (पृष्ठ १२, स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन, निर्वाचन पर्यवेक्षण समिति नेपाल)[१९] ।

## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४

स्थानीय तहको निर्वाचन पछि २०७४ मंसिर १० र २१ गते गरी दुई चरणमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । सरकारले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको घोषणा गरेको दिन २०७४ भदौ ५ गतेसम्म १८ वर्ष पुगेका र फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका मतदाताहरूको नाम निर्वाचन आयोगको मतदाता नामावलीमा समावेश गरेको थियो । प्रतिनिधि सभाका २७५ सदस्यहरूको चयन दुई तरिकाले गरिने व्यवस्था गरिएको थियो । १६५ सदस्यको चयन पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धति प्रयोग गरेर र बाँकी ११० सदस्यको निर्वाचन एक राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट बन्द सूचीको समानुपातिक प्रतिनिधित्वद्वारा गरिने व्यवस्था गरिएको थियो । प्रत्येक मतदाताले दुईवटा विधिहरूका लागि छुट्टाछुट्टै मतपत्र पाउने व्यवस्था थियो । नेपालको सात वटै प्रदेशको प्रदेश सभाका लागि तय गरिएको ५५० सिटमध्ये प्रत्यक्ष निर्वाचन प्रणालीबाट ३३० र समानुपातिक निर्वाचन प्रणालीबाट २२० का लागि निर्वाचन सम्पन्न गरिएको हो (पृष्ठ १७, स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन, निर्वाचन पर्यवेक्षण समिति नेपाल)[२०] ।

समानुपातिकतर्फ कुनै पनि एक पार्टी वा निर्वाचन गठबन्धनले एउटा सिट पाउन समग्रमा कूल सदर मतको ३ प्रतिशत मत पाउनु पर्ने व्यवस्था रहेको छ। दुई चरणमा सम्पन्न भएको यस निर्वाचनको पहिलो चरणमा ३२ हिमाली जिल्लामा र दोस्रो चरणमा ४५ जिल्लामा निर्वाचन सम्पन्न भएको थियो । निर्वाचनमा कूल संख्या १ करोड ५४ लाख २७ हजार ७३१ मतदाताले मतदान गरेका थिए । जसमा पुरुष मतदाताको संख्या ७७ लाख ७६ हजार ४८६, महिला मतदाताको संख्या ७६ लाख ५१ हजार ६५ र तेस्रो लिङ्गी १७० रहेका थिए । (पृष्ठ १८, स्थानीय

19 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf
20 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf

तह, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन, निर्वाचन पर्यवेक्षण समिति नेपाल)[२१] ।

निर्वाचन आयोगले निर्वाचनमा उम्मेदवारहरूले गर्न पाउने खर्चको सीमा तोकेको थियो । जस अनुसार प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचनमा उम्मेदवारले बढिमा २५ लाख र प्रदेश सभा निर्वाचनतर्फ बढिमा १५ लाख प्रचारप्रसार अभियानमा खर्च गर्न पाउने व्यवस्था गरिएको थियो । यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको संख्या अनुसार प्रतिउम्मेदवार रु. २ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको थियो । यसका साथै प्रदेश सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु. एक लाख ५० हजारसम्म खर्च गर्न सक्ने व्यवस्था थियो (पृष्ठ १९, स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन, निर्वाचन पर्यवेक्षण समिति नेपाल)[२२] ।

## स्थानीय तहको निर्वाचन २०७९

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० मा सम्पन्न भएको थियो । एकै चरणमा ७७ जिल्लाका ७५३ पालिकाहरूमा सम्पन्न भएको यो निर्वाचनमा ३५ हजार ४५ जनप्रतिनिधिलाई निर्वाचित गरेको थियो । निर्वाचनमा महिला ८७ लाख ४१ हजार ५ सय ३० र पुरुष ८९ लाख ९२ हजार १० गरी जम्मा मतदाता संख्याः १,७७,३३,७२३ र १८३ अन्य मतदाताले मतदान गरेका थिए । यसरी स्थानीय तहको निर्वाचनमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा मतदान सम्पन्न भएको थियो । यस निर्वाचनमा कूल मतदान केन्द्र १० हजार ७ सय ५६ र कुल मतदान बुथ २१ हजार ९ सय ५५ रहेका थिए । निर्वाचन आयोगमा स्थानीय तहको निर्वाचनको लागि दर्ता भएका ७९ वटा दलहरू मध्ये ६६ वटा राजनीतिक दलहरूले यो स्थानीय तहको निर्वाचनमा प्रतिस्पर्धाको लागि आ-आफ्ना उम्मेदवारहरू सहित सहभागिता जनाएका थिए । निर्वाचनमा चुनावी प्रतिस्पर्धाका लागि उम्मेदवारी दिनेहरूमध्ये अध्यक्ष पदमा ३ हजार ९२, उपाध्यक्षमा २ हजार १ सय ६३, मेयरमा ३ हजार २ सय ३८, उपमेयरमा १ हजार ९ सय ६४, वडाध्यक्षमा ३२ हजार ४ सय ९६, महिला सदस्यमा २५ हजार ५ सय ९९, दलित महिला सदस्यमा २३ हजार २ सय ८५, सदस्यहरूमा ५३ हजार १ सय ७३ जना रहेका थिए । स्थानीय तहको निर्वाचनमा १७० स्थानहरूमा दलित महिलाहरूको उम्मेदवारी परेन जसका कारण उक्त स्थानहरूमा ती पदहरू रिक्त रहेका छन् । (स्थानीय तह निर्वाचन २०७९ पर्यवेक्षणको अन्तिम प्रतिवेदन, निर्वाचन पर्यवेक्षण समिति नेपाल)[२३] ।

■

21 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf
22 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf
23 https://eocnepal.org.np/uploads/releases/Final_Observation_Report-Nepali.pdf

# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

## पृष्ठभूमि

प्रत्येक पाँच पाँच वर्षमा आवधिक निर्वाचन हुनुपर्ने संवैधानिक व्यवस्था भएअनुसार यसभन्दा अघि २०७४ सालमा पहिलो निर्वाचन सम्पन्न भएको थियो । पहिलो चरणको निर्वाचन तीन चरणमा सम्पन्न गर्नु परेको थियो भने दोस्रो निर्वाचन स्थानीय तहको निर्वाचन सम्पन्न भएको सात महिनापछि २०७९ मंसिर चारमा सातै प्रदेशमा एकै चरणमा सम्पन्न भयो । नेपालको संविधान र निर्वाचन कानूनहरूले व्यवस्था गरेबमोजिम प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन मिश्रित निर्वाचन प्रणालीबमोजिम भएको हो । प्रतिनिधि सभामा रहेको कूल २७५ सदस्य मध्ये १६५ जनाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमार्फत र बाँकी ११० जनाको समानुपातिक प्रणालीअनुसार निर्वाचन भई सदस्यहरू निर्वाचित गरियो । प्रदेश सभातर्फ सात प्रदेश सभामा रहने गरी कूल ५५० सदस्य मध्ये ३३० सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमार्फत तथा २२० समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित गरियो । प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ८६ वटा राजनीतिक दल दर्ता भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा मात्र राजनीतिक दलले उम्मेदवारी दिए तथा समानुपातिक निर्वाचन प्रणालीमा ४७ वटा राजनीतिक दल सहभागी भए । निर्वाचन आयोगको तथ्याङ्कअनुसार निर्वाचनमा व्यवस्था गरिएको कुल मतदान स्थल १०८९१ मा २२२२६ बुथहरू रहेका थिए । त्यस्तै, निर्वाचनमा प्रतिस्पर्धा गर्ने उम्मेदवार तथा मतदाताहरूको विस्तृत विवरण तल उल्लेख गरिएको चार्टमा समावेश गरिएको छ :

समानुपातिकसहित प्रतिनिधि सभा तथा प्रदेश सभामा प्रतिस्पर्धी उम्मेदवारहरूको तथ्याङ्क

| | पहिलो हुने निर्वाचित हुने प्रणाली | | | समानुपातिक प्रणाली | | जम्मा |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | महिला | पुरुष | |
| **प्रतिनिधि सभा** | २२५ | २१८६ | | ११८७ | १०१२ | ४६१० |
| **प्रदेश सभा** | २८० | २९४३ | १ | १५११ | २१९७ | ६९३२ |
| **जम्मा** | **५०५** | **५१२९** | **१** | **२६९८** | **३२०९** | **११५४२** |


स्रोत : निर्वाचन आयोग

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९मा दर्ता भएका तथा मतदाताहरूको तथ्याङ्क

| मतदाता | संख्या |
|---|---|
| महिला | ८८,४७,५७९ |
| पुरुष | ९१,४०,८०६ |
| अन्य | १८५ |
| **जम्मा मतदाता संख्या** | **१,७९,८८,५७०** |

स्रोत : निर्वाचन आयोग

# निर्वाचन पर्यवेक्षण चक्र




## निर्वाचनपूर्व अवस्था

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको सिलसिलामा उम्मेदवारी मनोनयनदेखि उम्मेदवारले नाम फिर्ता लिने समयसम्म राजनीतिक दल तथा उम्मेदवारहरूको अभिव्यक्ति र गतिविधिहरूप्रति निर्वाचन पर्यवेक्षण समितिले पर्यवेक्षणको विषयलाई प्रमुख विषय बनायो ।

प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा चुनाव प्रचारप्रसारको क्रममा विभिन्न स्वरूप र शैलीमा १८ वर्षमुनिका बालबालिकाहरूलाई प्रयोग गरेको देखियो । विगतका चुनावहरूको तुलनामा निर्वाचन चिन्ह अङ्कित गम्छा, टिसर्ट, टोपीको प्रयोग धेरै कम भएको देखियो । र्‍यालीमा साइकल, मोटरसाइकल र बाजागाजाको प्रयोगहरूले निरन्तरता पाएको देखियो । मतदाताहरूलाई मत आफ्नो पक्षमा पार्न प्रलोभन देखाउने, उम्मेदवार हरूलाई उम्मेदवारी फिर्ता लिनका लागि दबाब दिने जस्ता गतिविधिहरू पनि देखिए । कतिपय तराईका जिल्लाहरूमा भारतीय नम्बर प्लेटका गाडीहरू प्रयोगमा ल्याइएको पाइयो । चुनाव प्रचारप्रसारकै सदन्र्भमा केन्द्रीय तथा प्रदेशस्तरका मन्त्री तथा सरकारी सुविधा प्राप्त राजनीतिक पद धारण गरेकाहरूबाट समेत सरकारी साधन र स्रोतहरूको दुरुपयोग गरिएको घटनाहरू सामान्यजस्ता देखिए र यस किसिमका सरकारी सम्पत्तिहरू दुरुपयोग भएका घटनाहरू सार्वजनिक पनि भए ।

स्थिर समय (मौन अवधि)को अवधिमा मतदाताहरूलाई आफ्नो पक्षमा पार्ने उद्देश्यले समूहगतरूपमा भोजभतेर, नगद वितरण, लत्ताकपडाको वितरण गर्ने कार्यहरूले विगतमा झैँ पनि निरन्तरता पाएको देखियो । पर्यवेक्षकहरू मतदानस्थलमा पुग्दा प्रायः सबै स्थानमा मत दिएर फर्किएका मतदाताहरूलाई मतदान केन्द्रको केही दुरीमा खानपानको प्रबन्ध गरेको पनि पाइयो । नगद वितरण र भोजभतेर गर्न असमर्थ उम्मेदवारहरूले चुरोट खान भन्दै नगद रुपैयाँ बाँडेको समेत पर्यवेक्षणको समयमा प्रत्यक्ष देखियो । राजनीतिक दलका शीर्षस्थ नेता तथा उम्मेदवारहरूका सार्वजनिक अभिव्यक्तिहरूले र दलका कार्यकर्ताहरू बीच वादविवादको स्थितिले मतदातामा एक किसिमको असहज परिस्थितिका बीच डर, भय र त्रासको स्थिति रहेको देखियो ।

अतः यस किसिमका निर्वाचन आचारसंहिता विपरीतका घटना तथा गतिविधिहरूलाई समयमै नियन्त्रण गर्न निर्वाचन आयोगका प्रयासहरू पनि कतिपय अवस्थामा निरर्थकजस्ता देखिए । अतः निर्वाचन सम्बद्ध निकायहरू राजनीतिक दलहरू, उम्मेदवार र निर्वाचन आयोग स्वयम्ले आचारसंहिता पालनाको लागि नैतिकरूपमा दायित्व लिई निर्वाचनको गरिमा र सर्वस्वीकार्यतालाई सम्मान गर्नका साथै आममतदाता, सर्वसाधारण र शिक्षित तथा चेतनशील जनताले निर्वाचन आचारसंहिता पालना भए नभएको सम्बन्धमा निष्पक्ष मूल्याङ्कन गरी सचेतना अभिवृद्धि गरिदिन हुनका लागि सम्बन्धित पक्षहरूसँग निर्वाचन पर्यवेक्षण समिति नेपालको आग्रह रह्यो ।

## उम्मेदवारी मनोनयन

निर्वाचनको मिति घोषणा पश्चात् राजनीतिक दलहरूले आ-आफ्नो दलको प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवारहरू मनोनयन गर्दा स्थापित नैतिक मूल्य र मान्यताहरू विपरीत उम्मेदवारहरूको राजनीतिक पृष्ठभूमि, समर्पण, त्याग र निष्ठालाई गौण राख्दै आर्थिक सक्षमता र सहयोगलाई अदृष्य रुपमा मान्यता प्रदान गरी उम्मेदवार मनोनयन गरिएको घटनाहरू व्यक्त अव्यक्त रुपमा बाहिर आए । साथै, नातावाद र आफन्तीको घेराबाट नेतृत्व तह मुक्त रहन नसकेको समेत देखियो ।

राजनीतिक दलहरूबाट निर्वाचन प्रतिस्पर्धाका लागि टिकट प्राप्त गरी उम्मेदवारी दर्ता गर्न जाँदा निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको विपरीत ठूलो संख्यामा कार्यकर्ता, सुभेच्छुकहरू सहितको बाजागाजा, तामझाम गर्दै झाँकी प्रदर्शनसहित नामावली दर्ताका लागि गएको देखियो । शक्ति प्रदर्शनको यस किसिमको आचारसंहिता उल्लंघनका घटनालाई उचित भन्न सकिएन ।

## निर्वाचनको दिनको अवस्था

नेपालको संविधानबमोजिम प्रतिनिधि सभा र प्रदेश सभाका प्रतिनिधिहरूका लागि दोश्रो आमनिर्वाचन विक्रम संवत् २०७९ सालको मंसिर चार गते सम्पन्न भयो । निर्वाचन आयोगले जारी गरेको समय तालिकाबमोजिम बिहान सात बजेदेखि सुरू भई अपरान्ह पाँच बजेसम्मको निर्धारित समयभित्र निर्वाचनस्थल प्रवेश गरिसकेका मतदाताहरूले समेत मतदान गरी निर्वाचन कार्य मुलुकैभर एकै चरणमा सम्पन्न भएको थियो । केही स्थानहरूमा अनपेक्षित घटनाहरूका कारण पुनः मतदान कार्य सञ्चालन गरियो । कतिपय मतदान स्थलमा वैदेशिक रोजगारमा गएका र मत्युवरण गरिसकेका व्यक्तिहरूका नाममा समेत मतदान गरिएको कारण विवादहरू सिर्जना भएका थिए । तथापि, अधिकांश मतदान केन्द्रहरूमा मतदान समष्ठिगत रूपमा सफलतापूर्वक सम्पन्न भयो ।

निर्वाचनको पर्यवेक्षणका लागि निर्वाचन पर्यवेक्षण समिति नेपालले ५२३ जना पर्यवेक्षकहरू ७७ वटै जिल्लास्थित मतदान केन्द्रहरूमा परिचालित गरिएको थियो । पर्यवेक्षणबाट प्राप्त भएको तथ्य, प्रमाण र विवरणहरूलाई आधार मानेर विश्लेषण गर्दा केही मतदान केन्द्रहरूमा द्वन्द, झडप, मुठभेड, मानवीय क्षति र विवादको कारणले निर्वाचनको स्वच्छता तथा निष्पक्षतामा प्रश्नहरू उठेका थिए ।

शारीरिक रूपमा फरक क्षमता भएका मतदाताहरूका लागि सहज मतदानस्थलको व्यवस्थापनमा कमिकमजोरीको निरन्तरता कायमै रहेको देखियो । विगतमा झैँ कुनै-कुनै मतदानस्थलमा शारीरिक क्षमता कमजोर भएका मतदाताहरू बैशाखी टेकेर, जेष्ठ नागरिकहरू आफन्तको काँधमा झुण्डिएर, गएका दृष्यहरू पनि दोहोरिए । अशक्त र सहारा चाहिने व्यक्तिहरूका लागि मतदान गर्न आफ्नो नजिकको नातेदारले सहयोग गर्न पाउने सहयोगी मतको सुविधालाई अवाञ्छित तरिकाले कानुनी अधिकारको दुरुपयोग गर्दै मतदान गरेको समेत देखियो । यसै प्रकरणलाई कारण बनाएर राजनीतिक दलका कार्यकर्ताहरूबीच आपसी मतभेदले विवादको रूप लिँदा मतदाताहरूका बीचमा भय र सन्त्रासको वातावरण सिर्जना भई अशान्तिको वातावरण सिर्जना भएको पाइएको थियो ।

यो निर्वाचनमा कतिपय निर्वाचन क्षेत्रहरूको हार र जीतको मतान्तर अत्यन्तै झिनो रहेको पाइन्छ । निर्वाचन परिणामसम्बन्धी तथ्यगत अवस्थालाई हेर्दा र माथि वर्णन गरिएको सहयोगी मतको दुरुपयोगको अवस्थालाई विचार गर्दा निर्वाचन परिणाममा तात्विक भिन्नता पार्न सक्ने सम्भावना देखिन्छ । अतः यस किसिमको सहयोगी मतसम्बन्धी व्यवस्थालाई दुरुपयोग भएको अवस्थामा सहयोगी र मतदाता दुवैलाई दण्डनीय हुने गरी कानुनी व्यवस्थामा परिमार्जन हुन आवश्यक छ ।

कतिपय स्थानहरूमा हवाइ फायर र बम जस्ता शंकास्पद वस्तु राखिएको, विस्फोटका घटनाहरूले मतदाताहरू त्रसित बनाएको देखिएको विवरणहरू पर्यवेक्षकहरूको स्थलगत भ्रमण र पर्यवेक्षणबाट प्राप्त प्रतिवेदनमा देखिन आयो ।

राजनीतिक दलका कार्यकर्ताहरूबीचको आपसी द्वन्द, झडप, झगडा र हिंसात्मक घटनाहरूले पर्यवेक्षकहरूले समेत असुरक्षित महसुस गर्नु परेको र भयभित वातावरणमा पर्यवेक्षण गर्नु परेको अवस्था थियो । यस किसिमको प्रतिनिधिमूलक घटनाको रूपमा मुगु जिल्लाको छायाँनाथ नगरपालिकामा रहेका निर्वाचन पर्यवेक्षण समिति नेपालको पर्यवेक्षकमाथि गरिएको दुर्व्यवहार र हातपातलाई लिन सकिन्छ ।

कुनै-कुनै मतदान केन्द्रमा निर्वाचन आयोगको स्वयंसेवकको परिचय पत्र बाहकलाई मतपत्रमा छाप लगाउने गोप्य स्थानको समिपमा राखेको पाइयो । उक्त व्यहोरा निर्वाचन पर्यवेक्षकले मतदान अधिकृतको ध्यानाकर्षण गर्दासमेत

स्वयंसेवकले अटेरी गरेको अवस्थासमेत देखियो । अतः निर्वाचनको प्रक्रियामा अझै पनि कमीकमजोरीहरू रहेको देखिएका कारणले निर्वाचनको स्वच्छता र निष्पक्षतामाथि प्रश्न उठाउन सक्ने आधारहरू देखिन्छन् ।

## राजनीतिक दलका क्रियाकलाप र युवा सहभागिता

गएको निर्वाचनबाट निर्मित प्रतिनिधि सभा र सो मा सहभागी राजनीतिक दल, सरकार, र प्रतिपक्षी राजनीतिक दलसमेतको कार्यसम्पादनप्रति मतदातामा निराशाभाव र आक्रोस चुलिएको अवस्था थियो । यस किसिमको अवस्था सिर्जना हुनमा सत्ता लिप्सा, सत्ता मोह, सदाचारको अभाव, राज्य स्रोतको दुरुपयोग, राजनीतिक कुण्ठा, बैरभाव, अवाञ्छित हस्तक्षेप र अप्राकृतिक गठबन्धनलगायत असामयिक रुपमा प्रतिनिधि सभाको विघटनजस्ता घटनाहरू नागरिक वितृष्णाका लागि कारक तत्वको रुपमा देखिन आए र उक्त भावनाहरू यो निर्वाचनको अवसरमा पोखिन आएको देखियो ।

स्थापित राजनीतिक दलहरूद्वारा उठाइएका उम्मेदवारहरू अधिकांश पहिलो कार्यकाल सभासद भई काम गरेकाहरू नै दोहोरिएका, युवाहरूमाझ अलोकप्रिय रहेका र विगतका निर्वाचनहरूमा निर्वाचित भई पदीय जिम्मेवारी पूरा गर्न नसकेका भनी आरोपित सदस्यहरू नै यस निर्वाचनमा प्रतिस्पर्धीका रुपमा देखा परेका उम्मेदवारहरू प्रति र निर्वाचन प्रति नै युवाहरू उत्साहित नभएको पाइयो ।

## नेपाल सरकार र निर्वाचन आयोग

एउटै प्रकृतिका निर्वाचन विवादहरूमा कतै पुनः निर्वाचन गराउने कतै नगराउने निर्वाचन आयोगको निर्णयप्रति मतदाताहरू, राजनीतिक दल, नागरिक समाजले गुनासो गर्ने अवसर पाए । निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको लागि व्यवस्था गरिएका चार रङ्गका चार वटा मतपत्र र चारवटा बाकसमा मतदान गर्ने गरी व्यवस्था मिलाएपनि आयोगका कर्मचारीहरूको असावधानीका कारण मतदाताहरू अलमलमा परे । मतमेटिकामा फरक मतपत्र मतदान गरेको कारण कतिपय मतदान स्थलहरूमा विवाद भएको थियो भने कतिपय मतदान केन्द्रहरूमा पुनः मतदान गर्नु पर्ने परिस्थिति सिर्जना भयो ।

## निर्वाचन अभियान खर्च प्रयास र प्रवृत्तिहरू

विगत वर्षका निर्वाचनहरू झैँ चार मङसिर २०७९ मा भएको प्रतिनिधि सभा तथा प्रदेश सभाका निर्वाचनहरूमा पनि निर्वाचन अभियान खर्चको कोणबाट हेर्दा कुनै तात्विक भिन्नताको अनुभव गर्न सकिएन । निर्वाचन अभियानमा हुने खर्चहरूको आयतन प्रत्येक निर्वाचनहरूमा अस्वभाविक तरिकाले बढ्दै गएको देखिएको छ । यस किसिमको प्रवृत्तिले निर्वाचनको बहुआयामिक क्षेत्रहरूमा परोक्ष या अपरोक्ष प्रभाव पर्न गई निर्वाचनको निष्ठा तथा सर्वस्वीकार्यतामा प्रश्न चिन्ह उपस्थित हुने देखिन्छ । यस निर्वाचनमा देखिएका खर्चका प्रकृतिहरू निम्न बमोजिम छन् ः

## खर्चवृद्धिको अनुपात

राजनीतिक दलहरूको आ-आफ्नो राजनीतिक हैसियत बमोजिम निर्वाचनमा उपस्थीती तथा सर्वोच्चता कायम गर्न आर्थिक शक्तिको समेत भरपूर प्रयोग गरेको देखिन आयो । राजनीतिक दलहरूको आम्दानीका श्रोतहरू अदृश्य र अस्पष्ट देखिन्छ भने अनेक थरिका शीर्षकहरूमा खर्चका गरिएको देखिन्छ । निर्वाचनमा मूलतः पाँच प्रकारबाट श्रोत संकलन गरिएको देखिन्छ । ती पाँच प्रकारहरू १. व्यवसायिक चन्दा, २. कार्यकर्ताहरूबाट संकलित लेबि, ३.

शुभेच्छुकहरूबाट प्राप्त हुने सानो सानो अंशको सहयोग, ४. अदृश्य सहयोग र ५. प्रतिस्पिर्धीको निजि श्रोत हुन, यो निर्वाचनमा पनि यी सबै प्रकारका सहयोगहरूको प्रयोग भएको देखियो । जसलाई राजनीतिक दलहरूले देखाएको आधिकारिक खर्चको स्थिति र निर्वाचन क्षेत्रमा देखिएको खर्चका आकारको भिन्नताबाट प्रमाणित हुन्छ। राष्ट्रियस्तरका राजनितिक दलहरूले निर्वाचन आयोगमा पेश गरेको निर्वाचन अभियानको लागि भएको खर्चको यथार्थ विवरण :

| सि. नं. | राजनीतिक दल | रकम |
|---|---|---|
| १ | नेपाली काँग्रेस | १,५५,३२,५७८ |
| २ | नेकपा (एमाले) | १,३३,२६,६९३ |
| ३ | नेकपा (माओवादी केन्द्र) | १,०४,००,३४६ |
| ४ | राष्ट्रिय स्वतन्त्र पार्टी | ३६,८६,२२५ |
| ५ | रा.प्र.पा. | १,८९,००,००० |
| ६ | जनता समाजवादी पार्टी | ३५,००,००० |
| ७ | जनमत पार्टी | ३,८८,००० |
| ८ | नेकपा (एकिकृत समाजवादी) | १,९०,८९,५०० |

- **जसरी पनि जित्नु पर्ने मनोवृत्ति**

  निर्वाचन प्रतिस्पर्धा आर्थिक बोझको हिसाबले ज्यादै खर्चिलो हुँदै गएको यथार्त एकातिर छ भने प्रतिस्पर्धाको मनोवृत्ति जसरी पनि, जुनसुकै वैधानिक, अवैधानिक, नैतिक, अनैतिक विधिहरू लगायत जोर जुलुम र शक्तिको प्रयोगसमेत गरेर जित्नै पर्ने मानसिकताका विकसित कारणहरूले निर्वाचन अभियान खर्च थामिनसक्नु तरिकाले बढ्दै गइरहेको छ ।

- **बढि खर्च गर्नेले जित्ने सम्भावना बढि**

  निर्वाचन पर्यवेक्षण समिति नेपालले २०७४ सालमा निर्वाचन परिणामलाई पर्यवेक्षण गर्दै उक्त निर्वाचन अभियानमा भएको खर्चहरूको अध्ययन गरी प्रकाशित गरेको प्रतिवेदनमा बढि खर्च गर्नेले निर्वाचन जितेको देखिंदा निर्वाचन खर्च र निर्वाचन परिणाम अर्न्तसम्बन्धलाई दर्शाइएको थियो । सोहि प्रवृत्तिको पुनरावृत्ति यस निर्वाचनमा पनि देखियो ।

- **आम्दानीको तथा खर्चको श्रोतको अनुलेखन**

  राजनीतिक दल र दलसँग सम्बन्धित प्रतिस्पर्धी उम्मेदवारहरूको खर्चको आयतन र प्रकारहरूलाई नजिकबाट विश्लेषण गर्दा र निजहरूले निर्वाचन आयोगमा उनीहरूले पेश गरेको खर्चको आर्थिक विवरणलाई हेर्दा आम्दानीका श्रोतलाई सिमित देखाइ बराबरको खर्च उल्लेख गरेर हिसाब मिलान गरेका देखिन्छ । यसरी हेर्दा आम्दानी तथा खर्चका श्रोत र शीर्षकहरूलाई अनुलेख गरेको देखिन्छ ।

- **लेखापरीक्षण देखाउने दाँत मात्रै**

  निर्वाचन ऐन तथा राजनीतिक दलहरूसम्बन्धी नियमावलीले राजनीतिक दलहरूको आम्दानी तथा खर्च विवरण लेखापरीक्षण गराउनु पर्ने कानुनी बाध्यात्मक अवस्था रहेको छ । तर राजनीतिक दलहरूलाई प्राप्त हुने अदृश्य

श्रोतका आम्दानीहरू र त्यसबाट गरिने खर्चहरू दुवै लेखाङ्कन नगरिने गरेको देखिँदा लेखापरीक्षणको औचित्यता र प्रभावकारितालाई पुनर्मूल्याङ्कन गरिनुपर्ने देखिन्छ ।

- **खर्चको सीमा**

निर्वाचनमा उम्मेदवारहरूले निर्वाचन पश्चात निर्वाचन अभियानको सिलसिलामा भएगरेका आम्दानी तथा खर्चहरूको विवरण निर्वाचन आयोगमा पेश गर्नुपर्ने बाध्यात्मक अवस्थालाई वस्तुगत यथार्थता भन्दा पृथक, मनोगतरूपमा कानूनले निदृष्ट गरेको सीमा ननाघ्ने गरी भ्तारा टराइ गर्दै विवरणहरू पेश गरेको देखिदा कानुनी प्रभावकारीताको लागि विशेष प्रबन्ध गरिनु आवश्यक छ ।

## सञ्चार जगत

निर्वाचन तथा मतदाता शिक्षाको लागि रेडियो, टेलिभिजन, पोष्टर, पम्प्लेट, सामाजिक सञ्जाल, फोनको कलरटोनजस्ता माध्यमहरूको प्रयोग गरेको पाइयो । निर्वाचनको सिलसिलामा मतदाताहरूलाई नागरिक अधिकार तथा निर्वाचनको विधि र प्रक्रियासम्बन्धमा सुसूचित गराउन निर्वाचन शिक्षालाई पर्याप्त मात्रामा समुदायसमक्ष पुऱ्याउन सकेको देखिएन । अतः सूचनाका साधनमा पहुँच नपुगेका सर्वसाधारण मतदाताहरूले आफ्नै घरगाउँमा सरकारी प्रतिनिधि, राजनीतिक दलहरूका प्रशिक्षक, सामाजिक स्वयंसेवकहरू उपस्थित भई मतदातालाई सुसूचित गराउने प्रयाससमेत अपर्याप्त भएको देखियो । मतदाता शिक्षाबाट बञ्चित मतदाताहरूका गुनासाहरू गत निर्वाचनमा झैँ यथावत नै रहेको पाइयो । मतदाता शिक्षालाई आधार लिँदै उम्मेदवारका चुनाव प्रचारका गतिविधि र उम्मेदवारका लागि मत आफ्नो पक्षमा पार्ने सूचना माध्यमका रूपमा समेत प्रयोग भएको देखियो ।

सञ्चार जगतको निष्पक्ष रिपोर्टिङ सम्बन्धमा कुनै-कुनै सञ्चार माध्यमले वैधानिक आचारसंहिताको परोक्ष तथा अपरोक्षरूपमा उल्लंघन गरेका घटनाहरू देखिन आएको र मिथ्या प्रचार दुष्प्रचारको माध्यमसमेत बन्न प्रयास गरेको आधारमा निर्वाचन आयोगको कारबाहीमा परेको समेत देखियो । यस निर्वाचनमा निर्वाचन आयोगले सूचनाको माध्यमबाट हुन सक्ने दुरुपयोगलाई रोक्न सामाजिक सञ्जालको अनुगमन गरेको पाइयो, जुन एउटा स्वागतयोग्य कदम हो ।

फोनको रिङ्गटोन लामो, कर्णपृय नभएको, आदि कारणले धेरै प्रयोगकर्ताहरूले यसको उपहास गरेको पाइयो । यसमा उपभोक्ताको नजरबाट ग्राह्य हुने तरिकाको छनौट गरिनु आवश्यक छ । जिङ्गल र यसमा प्रयोग भएका भाषा तथा गायन तथा संगीतमा पनि यथेष्ट परिमार्जन आवश्यक देखिएको थियो । यी विषयहरूमाथि थप विचार गरिनु पर्दछ । निर्वाचनका विज्ञापनहरूमा महिलालाई होच्याउने प्रकृतिका पनि देखिए, यसमा सुधार गर्नुपर्छ ।

## निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरू

यस निर्वाचनमा निर्वाचन पर्यवेक्षण समिति नेपाल, जियोक, इन्सेक, नियोक, संकल्प, अँगालो, डेमोक्रेसी रिसोर्स सेन्टर, राष्ट्रिय व्यवसायिक पहल, नेपाल मतदाता अधिकार संरक्षण मञ्चलगायतका ४६ वटा राष्ट्रिय संस्थाहरूले पर्यवेक्षण गरेका थिए । यसैगरी निर्वाचन पर्यवेक्षण गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूमा एशियन नेटवर्क फर फ्रि इलेक्सन र सिभिक चेम्बर अफ द रसियन फेडरेसन रहेका थिए । यसैगरी निर्वाचन अवलोकन तथा पर्यवेक्षण गर्न मित्रराष्ट्रहरू भारत, बंगलादेश, भुटान, माल्दिभ्स, श्रीलंका र दक्षिण कोरियाका निर्वाचन आयोगका आयुक्त तथा प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । यसको अतिरिक्त काठमाण्डौस्थित कूटनीतिक नियोगका नियोग प्रमुखहरूले विभिन्न निर्वाचन केन्द्रहरू भ्रमण गरी निर्वाचन अवलोकन तथा पर्यवेक्षणसमेत गरेका थिए ।

## निर्वाचनका सबल पक्षहरू

- गत निर्वाचनको तुलनामा यस पटकको निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवारहरूको चिन्ह मात्र रहने गरी मत पत्र छापिएका कारण मतदाताहरूले मतदान प्रक्रियामा सहज अनुभूति गरेको पाइयो,

- विगतमा दुई चरणमा भएको निर्वाचन यस पटक एकै चरणमा सम्पन्न हुनुमा निर्वाचन आयोगको व्यवस्थापकीय कुशलता सह्रानीय छ,

- आयोगले निर्वाचनका सम्बन्धित सरोकारवाला निकायहरूसँग निरन्तर छलफल तथा संवादको माध्यमबाट सुझाव लिनु र कार्यान्वयन गर्नु स्वागतयोग्य कुरा हो,

- पर्यवेक्षण गर्ने संस्थाहरूका लागि सरल दर्ता प्रक्रिया, लचिलो समय सीमा तथा पर्यवेक्षकहरूलाई यातायात व्यवस्थापनमा सहज प्रक्रिया अपनाइनु पनि प्रशंसनीय रह्यो,

- निर्वाचन आचारसंहिता उल्लङ्घन कार्यमा संलग्न दलका नेता, उम्मेदवार, सञ्चार गृह, स्थानीय निकायका पदाधिकारीहरू, सरकारका मन्त्रीहरूलाई स्पष्टीकरण सोध्ने कार्य सह्रानीय रह्यो । साथै बहालवाला मन्त्रीसमेतलाई आचारसंहिता उल्लङ्घनमा जरिवाना समेतको कारबाही हुनु विधिको शासन प्रयोगले स्थान पाएको देखिंदा यस किसिमको कार्य प्रशंसनीय रह्यो,

- समय सीमाभित्र निर्वाचन खर्च विवरण पेश नगर्ने स्थानीय निकायका उम्मेदवारहरूलाई दण्डस्वरूप जरिवाना असुल उपर गर्ने तथा आम निर्वाचनको उम्मेदवारीसमेत खारिज गर्ने कार्य प्रशंसनीय छ जसको प्रभाव यस प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा पर्ने र सकारात्मक परिणाम आउने देखिन्छ । कानूनको प्रयोगमा देखाईएको जाँगर उल्लेख्य रह्यो,

- यस पटकको निर्वाचनमा मतदाता शिक्षामा आर्थिक मितव्ययीताका साथै बदर मतमा आएको कमीलाई सकारात्मक रूपमा लिन सकिन्छ,

- तोकिएको मिति र समयमा निर्वाचन सम्पन्न हुनु यसको सकारात्मक पक्ष हो भने आगामी निर्वाचनहरूलाई समेत तोकिएको समय र मितिमा निर्वाचन सम्पन्न गर्ने नजिर स्थापित गरेको छ,

## सुझावहरू

- निर्वाचन मिति घोषणा भएपछि कुनै कारणवस मतदानको दिन उपस्थित हुन नसक्ने, मतदानको दिनभन्दा अगाडि कारणवस विदेश जाने, निर्वाचनमा खटिने सुरक्षाकर्मी, कर्मचारीहरूका साथै अशक्त तथा अपाङ्गता भएकाहरूको सुविधाका लागि पूर्वमतदान (Early Voting) को व्यवस्था मिलाउनुपर्ने,

- विगतमा झैं आचारसंहिता बाध्यतावश नभई नियतवश सचेतरूपमा स्वच्छन्दतापूर्वक उल्लङ्घन गर्ने प्रवृत्ति देखियो । यसलाई संस्कारको रूपमा विकास हुन नदिन विद्यमान कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्ने ।

- सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना, भ्रामक सूचना र द्वेषपूर्ण सन्देश (Misinformation, Disinformation and Hate Speech) प्रवाह गर्ने चेष्टा गरेको पाइयो । यस किसिमको कार्यले निर्वाचनको स्वच्छता तथा निष्पक्षतामाथि नै बाधा अड्चन खडा गरेको पाइयो । यस प्रकारका गतिविधिलाई निरुत्साहित पार्नका

लागि निर्वाचन आयोगमा सामाजिक सञ्जालहरूको सहकार्यमा प्राविधिक डेस्क खडा गरी प्रभावकारी नियन्त्रण तथा नियमन गर्नु पर्ने देखियो । अतः निर्वाचनसम्बन्धी कानून कार्यान्वयनमा सञ्चार जगतको नियन्त्रण, अनुगमन र दण्डसम्बन्धी व्यवस्थाको प्रावधानलाई परिष्कृत तथा परिमार्जन गर्न आवश्यक देखिन्छ,

- उम्मेदवारहरूले निर्वाचनको प्रचार अभियानमा मतदाता आकर्षण गर्न विगत देखिनै परम्पराकै निरन्तरताको रूपमा भोजभतेर गरिआएकामा यस पटक केही कमी देखिएकोजस्तो भएतापनि यो प्रचलनलाई फरकरूपमा गर्ने गरेको देखियो र स-साना समूहमा घरघरमै, टोलटोलमै खाद्यान्न, र पेय पदार्थ पुऱ्याउने प्रवृत्तिको आम प्रयोग भएको देखियो । यस्ता प्रवृत्तिलाई रोक्नका लागि आयोगको सुक्ष्म अनुगमन संयन्त्रलाई थप क्रियाशील र प्रभावकारी बनाउनु पर्ने देखियो,

- उम्मेदवारहरूको समर्थनमा मत माग्न र आवश्यक प्रचार प्रसार गर्नका लागि खटाइने आधिकारिक प्रचारकहरूलाई उनीहरूको पहिचान खुल्ने परिचयपत्रका साथ परिचालित गर्ने व्यवस्था मिलाउनु पर्ने, यस किसिमको व्यवस्थाले निर्वाचन कानून तथा सुरक्षा व्यवस्थापनको लागि सहज हुने,

- घरका अन्य सदस्यहरूको मतदान गर्ने स्वतन्त्र अधिकारमाथि सम्बन्धित एकाघरको घरमूलीको निर्णयले हस्तक्षेप गर्ने परिवेश विद्यमान रहिरहेको हुँदा यस परिवेशको अन्त्यका लागि आयोगले निर्वाचन शिक्षा र मतदाता शिक्षालाई जोडेर नागरिक शिक्षाको रूपमा स्थानीय समुदायका मातृभाषामा निरन्तर सञ्चालन गर्नु पर्ने देखिन्छ, जसको प्रभावले गर्दा मत बदरको संख्यालाई न्यूनीकरण गर्न पनि सहयोग पुग्नेछ । यस प्रकारको निरन्तरको प्रयासले नागरिक शिक्षाको प्रचार तथा प्रसार भई नागरिक सचेतना बृद्धि भई नागरिक अधिकार रक्षामा उपलब्धि प्राप्त हुने समेत देखिन्छ,

- मतपत्र, स्वस्तिक चिन्ह तथा मसी गुणस्तरीय नहुँदाको अवस्थामा मसी लतरपतर हुन गई मत बदर भएको देखिएकोले निर्वाचनमा प्रयोग गरिने उक्त सामाग्रीहरू उच्च गुणस्तरयुक्त हुनु पर्ने,

- उम्मेदवारको मनोनयन दर्ता प्रकृयालाई (अनलाइन) Online मार्फत गर्दाको अवस्थामा ब्यानर, जुलुस, वाजागाजाको प्रयोगवाट हुने आचारसहिंता उल्लङघनको कार्य न्यूनका साथै दलहरूविचको अस्वस्थ्य प्रतिस्पर्धा र कार्यकर्ताविच भिडन्त हुने जोखिमसमेत न्यूनिकरण हुन्छ ।

- सम्भावित स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै मतदान केन्द्रमा प्राथमिक स्वास्थ्योपचारको व्यवस्थापन गर्नुपर्ने,

- म्यादी प्रहरीहरू नियुक्ति गर्दा महिना दिनभन्दा बढि अवधिको लागि नियुक्ति गर्ने गरेको कारणले समग्र निर्वाचन खर्चिलो हुने हुँदा, छोटो समयको लागि सुरक्षा स्वयंसेवकहरूको नियुक्ति गर्दा तुलनात्मक लाभ देखिन्छ, यसतर्फ विचार गरिनुपर्ने,

- विदेशमा भएका मतदाताहरूको लागि मतदानको अधिकार प्रयोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि आवश्यक अध्ययन, अनुसन्धानसहित आधुनिक सूचना प्रविधिको उचित प्रयोग गर्नेतर्फ आवश्यक पहल गर्ने र

- सर्वोच्च अदालतले समेत निर्णय गरिसकेको आधारमा “राइट टु रिजेक्ट” अथवा नो भोट (NOTA) लाई स्थायी रूपमा मतपत्रमा समावेश गर्न आवश्यक पहल गर्ने ।

■

# निर्वाचनसम्बन्धी प्रतिनिधिमूलक घटनाका विवरणहरू

## प्रदेश नं. १

- **ताप्लेजुङ** : ओलाङचुङ गोला, धुन्सा, फलेयाङ्गमा, लेलेप जस्ता दुर्गम स्थानहरूबाट मतपेटिका सुरक्षित रूपले मतगणना स्थानसम्म ल्याउन कठिन भएको देखियो । चार दिनको पैदल यात्राबाट मतपेटिकाहरूलाई जिल्ला सदरमुकाम ल्याउने काम भएको थियो । यस किसिमको पैदल यात्राबाट मतपेटिका ढुवानी गर्दा सो को सुरक्षाको लागि उचित प्रबन्ध देखिएन ।

- **पाँचथर** : नमुना मतदान र मतदाता शिक्षाको लागि जनशक्ति परिचालन गरिएको थियो । मतदाता शिक्षाका लागि खटाइएको जनशक्ति आम मतदाता समक्ष पुग्न सकेन । कतिपय निर्वाचन केन्द्रमा खटिएका कर्मचारीमा निर्वाचन प्रकृया र निर्वाचन कानून को विषयमा अनभिज्ञ देखिए । उम्मेद्वारी दर्ता गर्न जाँदा विजय र्‍याली भैँ तडकभडक र होडबाजी गरिएको पाइयो । शक्तिवाला र पहुँचवालाहरूले आचारसंहिता पालनाको बेवास्ता गरेको पाइयो ।

- **इलाम** : तुलनात्मक रुपमा मतदान शान्तिपूर्ण भएतापनि मतदान प्रतिशत उल्लेख्य हुन सकेन र आम मतदातामा निर्वाचन प्रति उदाशिनता र राजनीतिक दलहरूप्रति नैराश्यता रहेको पाइयो ।

- **संखुवासभा** : खाँदबारीको महेन्द्र मावि मतदान केन्द्र र चैनपुरको सरस्वती बिहिटी डाँडा केन्द्रमा मतदान अवरुद्ध भएको थियो । मतदान अधिकृतले प्रतिनिधि सभाको मतपत्र दिनु पर्नेमा प्रदेश सभाको मतपत्र दिएपछि विवाद सिर्जना भएको थियो ।

- **तेह्रथुम** : अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा भएको निर्वाचनमा मतदाताहरू उत्साही भएका थिएनन् । राजनीतिक दलहरूले आयोजना गरेका चुनावी कार्यक्रमहरूमा आम मतदाताहरूको उपस्थिति न्यून थियो । जिल्लाको लालीगुराँस नगरपालिका ८ सोल्माको रत्न मावि मतदान केन्द्रमा मतदान गर्न पुगेका ८८ वर्षीय युहाङजित लिम्बुको लाइन लाग्ने क्रममा मृत्यु भएको थियो ।

- **धनकुटा** : निर्वाचनमा खटिएका कर्मचारीलाई प्रभावकारी रूपमा मतदाता शिक्षा/तालीम प्रदान नगरिएको र मतदाताहरूलाई मतदाता शिक्षा प्रभावकारी रूपमा नहुँदा मतदाताहरूमा मत हाल्ने बेला अलमल तथा निराशा उत्पन्न भएको । निर्वाचन आचारसंहिता पालना पर्याप्त मात्रामा नभएको पाइयो । यस जिल्लामा मृत्य भएका

व्यक्तिको नामबाट पनि भोट खसालेको, अपाङ्ग, वृद्धवृद्धाहरूको सहायता गर्ने नाममा उनीहरूको राजीखुसी बिना नै मत खसालेको पाइयो ।

- **भोजपुर** : माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी भएको लोकतान्त्रिक बाम गठबन्धनको पौवादुम्मा गाउँपालिकाको चुनावी सभामा विष्फोट भएको थियो । विष्फोटमा परेर भोजपुर चरम्बीका सुमन श्रेष्ठ घाइते भएका थिए ।

- **खोटाङ** : खोटाङ जिल्ला निर्वाचन कार्यालयले नमुना मतदान कार्यक्रम सञ्चालन गरेको थियो । आयोगले यस जिल्लाको जन्तेढुङ्गा र बराहपोखरी गाउँपालिकामा नमुना मतदान गरेको थियो । यस क्रममा सर्वसाधारणलाई स्वस्तिक छाप लगाउन र मतपत्र पट्याएर मतपेटिकामा खसाल्ने विधिलगायतका बारेमा जानकारी गराइएको थियो ।

- **सोलुखुम्बु** : मतदाता शिक्षाको कमीका कारण कतिपय मतदाताले एउटै मतपत्रमा धेरै स्वस्तिक छाप लगाएका थिए । यस जिल्लाको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा अत्यधिक मात्रामा मतपत्र बदर भएको पाइएको थियो ।

- **ओखलढुंगा** : ओखलढुङ्गामा पहिलो पटक प्रदेश सभा सदस्य पदको लागि दलित समुदायका तर्फबाट उम्मेदवारी दर्ता भएको थियो । उम्मेदवार मनोनयन दर्ताको क्रममा आचारसंहिता विपरीत उमेदवारहरूले आफ्ना प्रतिष्पर्धीलाई गलत लाञ्छनाहरू लगाउने काम गरको, पत्रकारहरूले नै सामाजिक सञ्जालमार्फत आफ्ना नजिकका पार्टीका उम्मेदवारलाई फोटो राखेर नै भोट मागेको जस्ता घटनाहरू देखिए ।

- **उदयपुर** : प्रतिनिधि सभा तथा प्रदेश सभाको चुनावलाई लक्षित गर्दै नमुना मतदान कार्यक्रम सम्पन्न गरिएको थियो । आम मतदाताहरूको निर्वाचनप्रति उत्साह देखिएन ।

- **झापा** : चुनावी प्रचारका लागि आचारसंहिता विपरीत बहालवाला जनप्रतिनिधि नै मत माग्न लागिपरेको पाइयो । झापा गाउँपालिका-२ को कुवाडीदेवी विद्यालयस्थित मतदान केन्द्रमा बम विष्फोट भएर केहीबेर मतदान अवरुद्ध भएको थियो ।

  बिर्तामोडको देवी मावि केन्द्रमा एकजना मतदाताले प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिक तर्फको मतपत्र सम्बन्धित मतपेटिकामा खसालेर प्रदेशसभाको प्रत्यक्षतर्फको मतपत्र भने च्यातेका थिए ।

  प्रदेश सभा सदस्य उम्मेदवारको मतपत्रमा एउटा चुनाव चिन्ह नभएपछि विवाद भएर झापा क्षेत्र नं. १ अन्तर्गत मेचीनगर नगरपालिका -१४ को बालसुबोधिनी मावि मतदान केन्द्रमा मतदान स्थगित भएको थियो । झापा क्षेत्र नं. ४ अन्तरगत शिवसताक्षी १० स्थित बालनिकुञ्ज माध्यमिक विद्यालयको (ग) मतदानकेन्द्रमा प्रत्यक्षतर्फको प्रतिनिधिसभा सदस्यको मतपत्र मतदाताले समानुपातिक तर्फको मतपेटिकामा खसालेपछि मतदान अवरुद्ध भएको थियो ।

- **मोरङ** : मनोनयन गर्न पुगेका स्वतन्त्रबाहेकका सबै दलका उम्मेदवारहरूले आचारसंहिता विपरीत बाजागाजा, टयाक्टर, सिटिरिक्सा र बसमा सयौंको संख्यामा जुलुस लिएर मनोनयन दर्ता गराउन निर्वाचन कार्यालयमा पुगेका थिए । उम्मेदवारहरूले प्रचारप्रसारको लागि सवारी साधनहरूमा आचारसंहित विपरीत झण्डा, माइक राखेर

श्रव्य सामग्री बजाउदै प्रचार प्रसार गरेका थिए । कार्यकर्ताको खानपिनको बहानामा सामूहिक भोज हुने गरेको थियो । कार्यकर्ताहरूको खानपिनमा मदिरासमेत उपलब्ध थियो । कटहरी गापा ३ चम्राहामा चुनाव प्रचारप्रसारको दौरानमा गरिएको चुनावी सभामा उम्मेदवारलाई प्रश्न सोध्ने व्यक्तिमाथि कुटपिट गरियो । बुढीगंगा- १ करैया मतदान केन्द्रभित्र मतदान सुचारु भइरहेको अवस्थामा ९:१५ बजे माटोमुनि गाडेर राखिएको मोबाइल बम विस्फोट भयो । पथरी- ३ जनता मावि मतदान केन्द्रमा कर्मचारीको रूपमा खटिएकी स्थायी शिक्षकले गठबन्धनको पक्षमा खुलेआम मतमागेको कारण मतदान अधिकृतले दाहाललाई तत्काल निष्कासन गरेका थिए ।

## मधेश प्रदेश

- **सप्तरी** : धेरै जसो मतदाताहरूले घरमूलीले भनेको उम्मेदवारलाई मतदान गरेको कुरा जानकारीमा आयो । मौन अवधिमा दलहरूका उम्मेदवारहरूको क्षमताले भ्याएसम्म मतदाताहरूलाई रकम बाँडी भोजभतेर गर्ने तथा रकम बाँड्ने काम भयो । मतदाताहरूसमेत पनि राति पैसा बाँड्न आउँछन् भनेर बसेको पाइयो ।

- **सिराहा** : कर्जन्हामा जनता समाजवादी पार्टी नेपाल र नेकपा एकीकृत समाजवादी पार्टीका नेताबीच विवाद भएपछि प्रहरीले गोली चलाएको थियो । दुई पार्टीका कार्यकर्ताबीच विवाद बढ्दै जाँदा मतपेटिका नै खोसाखोसको अवस्था आई स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गोलीसमेत चलाउने अवस्था आइपरेको थियो ।

- **धनुषा** : मतदाताको मतदाता परिचय पत्रमा र मतदान केन्द्रमा रहेको तालिकामा नम्बर सिलसिलेवार नमिलेको हुँदा नाम भिडाउन कठिनाई भयो । निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्दै उम्मेदवारी दर्ता गराउन जाँदा सवारी साधनको दुरुपयोग भएको र जुलुसमा बालबालिकाको प्रयोग गरिएको थियो । यसका साथै जथाभावी पर्चापम्पलेटले सार्वजनिक तथा निजी घर पर्खालका भित्ता कुरूप बनायो । स्थानीय तहका जनप्रतिनिधिहरू खुलेआम प्रचारप्रसारमा लागेको र सरकारी सवारीसाधनको पनि दुरुपयोग गरेको पाइयो । मतदातालाई प्रभावित पार्ने किसिमले आर्थिक चलखेल, भोजभतेर र भयत्रासको वातावरण सृजना गर्ने खालका क्रियाकलापहरू गरेका थिए ।

- **महोत्तरी** : जनतामा निर्वाचनको उत्साह नै देखिएन । जिल्लामा राजनीतिक दलहरूले मौन अवधिमा मतदातालाई प्रलोभनमा पार्ने काममा लागेको पाइयो । निर्वाचनमा भोजभतेर खुवाउने पैसा बाँड्नेसम्मका गतिविधि भए । पैसा र पम्प्लेट बोकेर मौन अवधिमा हिडेका तीन वटा गाडी महोत्तरी प्रहरीले नियन्त्रणमा लियो । निर्वाचनमा महोत्तरीको जलेश्वर कारागारमा पनि मतदान भएको थियो ।

- **रौतहट** : निर्वाचनमा मतदातालाई प्रभावित गर्न छठ पर्वको अवसर पारेर साड़ी, धोती वितरण गरेको देखियो । आचारसंहिता विपरितका कार्यहरू जस्तै मौन अवधिमा खुला रूपमा मासु ,माछा ,रक्सी वितरण, गाडीमा डीजे प्रयोग गरी प्रचार प्रसार, सार्वजनिक स्थलमा ब्यानर ,पोस्टर, झण्डा, फ्लेक्स प्रिन्टको प्रयोग, ठूलो संख्यामा भारतीय नम्बरको गाडीको प्रयोग र चुनाव चिन्ह अंकित टोपी, टी सर्ट, गम्छा आदिको प्रयोग गरेको देखियो । निर्धन तथा सिमान्तकृत समुदायमा उम्मेदवारहरूले आर्थिक प्रलोभन दिने, लिने गरेको पाइयो । साथै मतदाता शिक्षाको आभावको कारण करिब २२ हजारभन्दा बढि मत बदर भएको छ । रौतहटको दुई मतदान केन्द्र गुजरा र गरुडामा सामान्य विवाद हुँदा प्रहरीले शान्ति सुरक्षाको लागि भनेर हवाइ फायर गरेका थिए ।

- **बारा** : करमैया गाउँपालिका ३ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय बजनी टोलमा रहेको मतदान स्थलमा बिहान ८:११ सम्म पनि मतदान प्रक्रिया सुरू भएको थिएन । कतिपय मतदाताहरूले मत पत्रको अधकट्टीमा ल्याप्चे लगाइएको पाइयो । कलैया नगरपालिका एक स्थित रामजानकी मन्दिर छठघाटमा उम्मेदवारले आचारसंहिता विपरीत चुनावी डिजिटल ब्यानर लगाएका थिए ।

- **पर्सा** : आचारसंहिता विपरीत निर्वाचन प्रचारप्रसार सामग्री हटाउन गरिएको अनुरोधको विषयमा प्रतिवाद गर्दै आचारसंहिता अनुगमन अधिकृतलाई धम्की दिएका कारण प्रतिनिधि सभा सदस्यका एक उम्मेदवारलाई आयोगले स्पष्टीकरण सोधेको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी १५ हजार थान नक्कली नमूना मतपत्र सहित एक भारतीय नागरिक पर्साबाट पक्राउ परेका थिए ।

## बाग्मती प्रदेश

- **दोलखा** : बैतेश्वरको वडा नम्बर दुई र छ नम्बर वडा तथा तामाकोसीको तीन नम्बर वडामा बुथ कब्जा भएको र बैतेश्वर तीन मा १०० थान मतपत्रको अर्धकट्टी हराएकोले पुनः मतदान गराइएको थियो। यसका साथै आर्थिक प्रलोभनमा परी नागरिकको अभिमत लत्याएकाले मुख्य निर्वाचन अधिकृत परिवर्तन हुनुपर्ने नेपाली काँग्रेसले माग गरेको थियो। चुनावी प्रचार प्रसारको सिलसिलामा कार्यकर्ताहरू परिचालन गर्दै निजहरूलाई खान र बस्नको लागि खर्च उपलब्ध गराइएको थियो भने मतदातालाई जिल्ला ल्याउनका लागि पनि एक सयभन्दा माथि गाडी प्रयोग गरिएको थियो ।

- **रामेछाप** : मतदाता शिक्षा प्रभावकारी हुन सकेन । आचारसंहिता उल्लघंनका घटनाहरू सामान्य जस्ता देखिए र आम मतदाताहरू निर्वाचनको प्रचार प्रसार, तडक भडक र उम्मेदवारहरूको चुनावी सभाबाट प्रभावित हुन सकेको देखिएन । निर्वाचन प्रतिको वितृष्णा र युवा सहभागिताको कमी प्रस्ट देखियो ।

- **सिन्धुली** : आचारसंहिता उल्लङ्घनका दलहरूले उम्मेदवारी दर्ता गराउने दिन देखिनै प्रचार प्रसारका क्रममा झाँकी, बाजा गाजासहितको र्‍यालीमा, बालबालिकाहरूको प्रयोग सबै दलबाट सामान्यरूपमा लिइएको देखियो । त्यसैगरी दृष्यरूपमा मास, मदिरासहितको भोज भतेर निरन्तर गरेको पाइयो । दलीय नेताको आव्हानमा स्थानीय जनप्रतिनिधि, सार्वजनिक विद्यालयको शिक्षकहरू खुलेआमरूपमा चुनावी प्रचारमा लागेको देखियो । सरकारी गाडीमा झण्डा राखि चुनावी प्रचारमा प्रयोग गरेको विषयमा सरकारी कर्मचारीलाई हातपात गरेपछि तनाव उत्पन्न भएको थियो ।

- **काभ्रेपलाञ्चोक** : निर्वाचन सामान्यरुपमा शान्तिपूर्ण तरिकाले सम्पन्न भएको देखियतापनि मतदाता शिक्षाको अभाव मतदानको प्रकृयामा टड्कारो रूपमा देखियो । प्रतिस्पर्धि उम्मेदवारहरूको बीचमा मतदाताहरूलाई आफ्नो पक्षमा ल्याउन वैध, अवैध, नैतिक, अनैतिक राजनीतिक चालबाजी र शक्ति प्रयोगका विविध उपाय अवलम्बन गरेको देखियो । मतदान केन्द्रहरू अपाङ्गमैत्री थिएनन् ।

- **सिन्धुपाल्चोक** : स्थिर समय (मौन अवधि) मा केही उम्मेदवारहरूले घरमै बसेर फोन मार्फत मत मागेको पाइयो । यसै अवधिमा पैसा बाँड्न गएको र जसले गर्दा राजनीतिक दलहरू बीच झडप भएका घटनाहरू पनि भएको थियो । स्थिर समयको बेला राजनीतिक दलहरूले सामाजिक सञ्जालको आचारसंहिता विपरित प्रयोग गरेको पाइयो ।

- **रसुवा** : निर्वाचनमा राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गरेको पाइएन । मतदाताहरूले मतदान केन्द्र महिलामैत्री र अपाङ्गमैत्री नभएको गुनासो गरेका थिए । अशक्त, वृद्ध, बिरामी, फरक क्षमताका व्यक्तिहरूका लागि कानूनले दिएको नजिकका नातेदारमार्फत मतदान गर्न पाउने सुविधाको दुरुपयोग गर्दै अरू व्यक्तिले मतदान गरेको देखियो ।

- **धादिङ** : सिद्धलेक गाउँपालिका सात स्थित महाकाली मावि मतदान केन्द्रमा अशक्त मतदाताको मत इच्छाएको व्यक्तिले हाल्ने वा परिवारको सदस्यले हाल्ने विषयमा विवाद भयो । यस विवादमा सत्ता पक्षीय गठबन्धनका कार्यकर्ताको आक्रमणबाट दुई जना सामान्य घाइते भए ।

- **चितवन** : राप्ती नगरपालिका ८ खिर्कीस्थित ब्रम्हस्थानी विद्यालय मतदान केन्द्रमा करिब ५० जनाको संख्यामा आएको नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहको कार्यकर्ताद्वारा मतपेटिका जलाउने प्रयास गरेका थिए । यस जिल्लामा निर्वाचन आचारसंहिता विपरीत झण्डा सवारी साधन, भोजभतेरहरू भए । प्रचारप्रसारको क्रममा दलका कार्यकर्ताहरू बीच सामान्य विवाद एवं सवारी साधन तोडफोडसमेत भएको थियो ।

- **मकवानपुर** : भीमफेदी कारागारमा कैदी बन्दीहरूले मतदान गर्ने अवसर पाए तर यहाँ रहेका ९९० कैदीबन्दीहरूमध्येमा केवल २७ जनाले मात्र मतदान गरेका थिए । व्यवस्थापकीय कमजोरीको कारणले गर्दा कैदी बन्दीहरूलाई समयमा नै परिचय पत्र उपलब्ध हुन सकेन जस्को कारणले अधिकांश कैदिबन्दी मतदान गर्नबाट बञ्चित भए । निर्वाचन प्रचारप्रसारको सिलसिलामा आर्थिक अपचलन, झुठ्ठा आश्वासनहरू लगायत आचारसंहिता विपरीतका गतिविधि व्यापकरूपमा भएको पाइयो ।

- **भक्तपुर** : उम्मेदवारको मनोनयन दर्ता गरेको दिन आचारसंहिता विपरीत सैयौंको संख्यामा बाजागाजा र साँस्कृतिक झाँकी सहितको जुलुस लिएर जिल्ला निर्वाचन कार्यालय पुगेका थिए । यस जिल्लामा मतदाता नामावली दर्ताको क्रममा भर्खर १८ वर्ष पुगेका नागरिकहरूलाई निर्वाचन अगाडि उनीहरूकै स्थानीय निकायमा दर्ता गरिने भन्ने सूचना जारी गरिएकोमा सो नहुनाले १८ वर्ष पुगेका उल्लेख्य संख्याका मतदाताहरूले मतदान गर्न पाएनन् ।

- **ललितपुर** : कुनै एक उम्मेदवारको लाभको पद हो होइन भन्ने विषयमा कानुनी उपचार खोज्नु परेको अवस्था पार गर्दै प्रतिस्पर्धामा उम्मेदवारी दर्ता भएको थियो । साथै कुनै एक स्वतन्त्र उम्मेदवारले निर्वाचनलाई अनुचित प्रभाव पार्ने गरी विभिन्न माग राखि सत्याग्रह गरेको देखियो । पर्यवेक्षणको सिलसिलामा नक्खु कारागारमा १४२९ जना पुरुष कैदी बन्दीहरू रहेकोमा आवश्यक कागजात पुगेका ५३ जना कैदी बन्दीहरूले मात्र मतदान गर्ने अवसर पाई अधिकांश कैदीबन्दी मतदानबाट बञ्चित रहेका थिए ।

- **काठमाण्डौ** : निर्वाचन आयोगले "जय लौरो" नामक फेसबुक पेज खोली प्रचार प्रसार गरेको विषयमा का.म.पा.का. मेयर बालेन शाहलाई स्पष्टीकरण सोधेको थियो साथै निज संलग्न नै रहेको जस्तो देखिने गरी निजको नाम निरन्तर प्रयोग भई रहेको विषयमा आयोगले निजलाई ध्यानाकर्षण पत्र पठाएको थियो ।

  चारखालस्थित कारागारमा जम्मा ६६३ जना कैदी बन्दी रहेकोमा १२३ जना पुरुष मतदाताहरूले मात्र मतदान गरे । यसैगरी बृद्धाश्रमका बृद्धबृद्धाको मतदान गर्न पाउने अधिकारको सन्दर्भमा पशुपति बृद्धाश्रममा जम्मा ९४ जना बृद्ध बृद्धाहरू रहेकोमा २७ जनाले मात्र मतदानमा भाग लिन पाएका थिए ।

प्रमुख दलका शिर्षस्त पुराना नेताहरूलाई निर्वाचनमा दोहोरिन नदिन सञ्चालित अभियानको रूपमा “नो नट अगेन” फेसबुक पेजका सन्दर्भमा निर्वाचन आयोगको निर्णयविरुद्ध कानुनी उपचारमा गएको सम्बन्धमा सर्वोच्च अदालतले नो नट अगेन फेस बुक पेजका अभियन्ताको पक्षमा फैसला गरेको थियो ।

## गण्डकी प्रदेश

- **गोरखा** : गोरखा नगरपालिका वडा नं. ८ मा रहेको द वल्ड क्यापिटल विद्यालयको बुथ नजिक अज्ञात समूहले प्रेसर कुकरमा तार जडान गरी मतदाताहरूलाई डर देखाई मतदान कार्यलाई प्रभावित गराउने प्रयास गरेका थिए । साथै निर्वाचन आचारसंहिता उल्लघंनका घटनाहरूपनि देखिए ।

- **तनहुँ** : घिरिङ गाउँपालिका १ को कृष्ण मावि मतदान केन्द्रमा तोकिएको समयभित्र मतदान सञ्चालन हुन सकेन । करिब बिहान ८:३० बजेसम्म पनि मतदान सुरू भएको थिएन । यसै जिल्लामा प्रहरीले मंसिर ३ गते राति नेकपा एमालेका दुई जना कार्यकर्तालाई पक्राउ गरेको थियो । यसैकारण एमालेले उनीहरूको रिहाइ नभएसम्म मतदान गर्न अवरोध गरेको थियो ।

- **कास्की** : कुनै कुनै मतदानस्थलहरूमा कार्यकर्ताहरूको बासका लागि होटेलहरू बुक गरिएको थियो साथै मतदानको दिन तोकिएको होटलमा गई खान मतदातालाई खानाका लागि कुपनहरू बाँडिएको थियो । कुनै-कुनै मतदानस्थलको निर्माण गर्दा मतदान गोपनियताको लागि बारबेरको उचित प्रबन्ध थिएन, जस्को कारणले मतदाताहरूले कुन चिन्हमा मतदान गऱ्यो भन्ने कुरा सहजै देख्न सक्ने अवस्था थियो । कुनै-कुनै मतदान स्थलमा एउटै दलबाट १५-२० सम्म निर्वाचन प्रतिनिधिहरू बसेर भिडभाड गरेको पाइयो ।

- **मनाङ** : नर्पा गाउँपालिकामा नेपाली काँग्रेसका कार्यकर्ता र नेकपा एमालेका कार्यकर्ताबीच झडप भएको थियो । झडपमा घाइतेलाई उपचार गर्न हेलिकप्टरको प्रयोग गर्नु परेको थियो । भौगोलिक बिकटता र प्रतिकूल मौसमको कारणले निर्वाचनमा खटिने कर्मचारीहरू र मतदाताहरूलाई समेत सहज स्थिति थिएन । अतः हिउँदमा जाने सुख्खा पैरो र बर्षादमा आउने भेलबाढीले हरेक वर्ष यहाँका मानिसहरू पीडित हुनेहुँदा निर्वाचनलाई चैत, बैशाखमा गर्नु उपयुक्त हुने ।

- **मुस्ताङ** : मतदाताहरू १०,९८७ रहेका सन्दर्भमा ठूला राजनीतिक दलहका प्रत्यासीहरूबाट निर्वाचनमा आफ्नो पक्ष विजयकालागि मतदाताहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने प्रचलन रहेको सुन्नमा आएको छ । मतदाता नामावली दर्तामा धेरै त्रुटीहरू देखियो । मृत्यु भएका धेरै मतदाताहरूको नाम मतदाता नामावलीबाट हटाइएको पाइएन । मतदाता नामावलीमा उल्लेखित कुनै एक व्यक्तिको नाम, ठेगाना, उही तथा फोटो चाहिँ फरक भएको भेटियो । कागबेनी मतदान स्थलमा तीन/चार जना मतदातालाई झुटो नाता देखाई मत खसाल्न सघाइएको पाइयो ।

- **पर्वत** : मोदी गाउँपालिकाको वडा नं ६ तिलाहारको ख केन्द्रमा प्रतिनिधि सभा र प्रदेश सभाको मतपत्र एउटाको मतपत्र अर्कोमा वितरण हुन गएकोले मतदान कार्य स्थगित भएको थियो र उक्त विवादलाई सर्वदलीय बैठकमार्फत समाधान गरिएको थियो ।

- **स्याङ्जा** : अर्जुन चौपारी गाउँपालिकाको कालिका आधारभूत विद्यालय मतदान केन्द्र अपायक र असुविधायुक्त थियो जसको कारणले कर्मचारी तथा मतदाताहरूले असुविधा भोग्नु परेको देखियो । निर्वाचनको अघिल्लो दिन

अर्थात स्थितर समयमा रातको समयमा आर्थिक चलखेल भएको गुनासो सुनिएको थियो । चापाकोट मतदान केन्द्रमा मरेका मानिसको नामबाट पनि मतदान गरेको पाइयो । आयोगकै टोलीसमक्ष त्यहाँ मृत्यु भएका २५ र विदेश गएका १ सय २५ जनाको नाममा मत खसाइएको अध्ययन प्रतिवेदन बुझाइएको थियो । तर टोलीले पुनः निर्वाचन गर्नुपर्ने आधार नदिएको भन्दै मंसिर चार मा खसाइएको मतलाई नै गणना गर्ने निर्देशन दिएको थियो ।

- **म्याग्दी** : अन्नपूर्ण गाउँपालिका पाँच शिखमा प्रतिनिधि सभाको मतपत्र प्रदेश सभाको मतपेटिकामा र प्रदेश सभाको मतपत्र प्रतिनिधि सभाको मतपेटिकामा खसे पछि विवाद उत्पन्न भयो । विवाद उत्पन्न भएपछि उक्त मतदान केन्द्रमा मतदान रोकिएको थियो ।

- **नवलपरासी** (**बर्दघाट सुस्तापूर्व**) : मतदान केन्द्रहरू अपाङ्ग मैत्री थिएनन् । दलहरू र निर्वाचन प्रत्यासीहरूले गरेको खर्चहरू पारदर्शी थिएनन् । आम मानिसहरू दलप्रति आक्रोषित भएको पाइयो । निर्वाचन प्रचारप्रसारको क्रममा आचारसंहिता पालन नभएको पाइयो । मौन अवधिमा पनि शैली बदलेर दलका उम्मेदवारहरूको प्रचारप्रसार गर्ने काम गरियो ।

## लुम्बिनी प्रदेश

- **रुपन्देही** : उम्मेदवारी दर्ताको क्रममा राजनीतिक दलका उम्मेदवारहरूले गराएको कार्यकर्ताको जमघट, संगितमय ऱ्याली हेर्न लायककै आकर्षक थिए । निर्वाचन आयोगले जारी गरेको २५ जनासम्मको ऱ्याली निकाल्न पाइने, तोकिएको आकारभन्दा ठूला आकारका ब्यानर, झण्डा लगायतका प्रचार सामाग्रीहरूले आचारसंहिताको उल्लङ्घन मात्र हैन खिल्ली उडाएको पाइयो । गृहमन्त्रालय तथा निर्वाचन कार्यालयले निर्वाचनमा खटिएका कुनै पनि सुरक्षाकर्मीहरू (नेपाल प्रहरी र म्यादी प्रहरी) को नामावली मतदान केन्द्रमा नपठाएकोले उनीहरू मतदान गर्नबाट बञ्चित रहेको पाइयो ।

- **कपिलवस्तु** : निर्वाचनमा सहभागी भएका प्रायः सबै दलहरूले आचारसंहिता उल्लङ्घन गरे । राजमार्ग दक्षिणतिर भारतीय नम्बर प्लेटका गाडीहरू प्रचार प्रसारमा प्रयोग गरिएका थिए । यसैगरी स्वतन्त्र उठेका उम्मेदवारहरू बाहेक सबै दलहरूले प्रचारप्रसारको क्रममा तोकिएको संख्याभन्दा बढि व्यक्तिहरू लिएर हिडेका थिए ।

- **गुल्मी** : राजनीतिक दलका सवारी साधनहरूबाट मतदाताहरू ओसारपसार गरियो । दलका प्रतिनिधिहरूले मतदान केन्द्र बाहिर मतदाताहरूलाई प्रलोभन देखाउने काम गरे । खाना र खाजा वितरण गरी मतदाताहरूलाई प्रलोभनमा पारे । मतदाता शिक्षा प्रभावकारी ढङ्गले सञ्चालन गरिएन । मतदाता नामावलीमा त्रुटी भेटियो ।

- **रोल्पा** : प्रायः पुरानै उम्मेदवारहरू दोहोरिएकाले मतदाताहरू उत्साही नभएको पाइयो । दल तथा उम्मेदवारहरू एक अर्कामा आरोप प्रत्यारोपमा उत्रिएको पाइयो । दुर्गमका केही मतदान केन्द्रमा बत्ती र पानीको सुविधा नभएको पाइयो । समयमै मतदाता परिचय पत्र लिन नआउँदा कर्मचारीलाई मतदाता परिचयपत्र वितरणमा समस्या आएको देखियो । दलहरू र तिनका कार्यकर्ताहरू बीचको द्वन्द भइरहेको अवस्थामा मतदाताहरू अलमलमा परेको पाइयो ।

- **प्युठान** : स्वर्गद्वारी क्याम्पसमा मतगणना सकिनै लाग्दा ढुङ्गा प्रहारका घटनाबाट चार जना घाइते भए । यसैगरी सुरक्षाकर्मीहरूका अनुसार यस जिल्लामा मतदानको दिन जिल्लाका ६ ठाउँमा शंकास्पद वस्तु फेला पऱ्यो । ती शंकास्पद वस्तुहरू प्युठान नगरपालिका १० को बाग्दुला प्युठान खलंगा सडक, यसै वडाको मारान्ठा बजार, वडा नं. ९ को बालविद्या मावि मजुवा मतदान केन्द्रभन्दा करिब एक सय मिटरको दुरीमा, वडा नं. ८ खपेङ खोला झिमरुक करिडोर सडक र वडा नं. ८ कै बाग्दुला हाडिगैरा जोड्ने झोलुङ्गे पुल छेउ र प्युठान नगरपालिका

वडा नं. १० को मारन्ठाना जोड्ने झोलुङ्गे पुल छेउमा राखिएको थियो ।

- **दाङ** : निर्वाचनका प्रचारप्रसारका क्रममा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरू ठूला साउण्ड सिस्टमको प्रयोग, ठूला झण्डाको प्रयोग, घरदैलो तथा प्रचार प्रसारका क्रममा खाना खाजाको व्यवस्था, मतदानका दिन खटिने कार्यकर्ताहरूलाई खानाको व्यवस्था आदि गरिएको पाइयो । यसै गरी उम्मेदवारहरूले झण्डा नराखेर झण्डै १५ देखि २० वटासम्म स्कारपियो जिप प्रयोग गरेका थिए र नृत्य सहितका सांस्कृतिक कार्यक्रम गरेर प्रचार प्रसार गरेका थिए । घोराही उपमहानगरपालिका वडा १५ भरतपुरस्थित महेन्द्र बहुमुखी क्याम्पस र तुलसीपुर नगरपालिका वडा नं. १८ हेमन्तपुर वडा कार्यालयस्थित मतदान स्थल नजिक चौवाखोला नजिकै शंकास्पद वस्तु फेला परेको थियो । यस्तै यसै नगरपालिकाको वडा नं. १४ स्थित आधारभूत विद्यालय मतदान केन्द्रको तीन सय मिटर नजिक मुख्य सडकमा प्रेसर कुकर बम राखिएको थियो ।

- **बाँके** : निर्वाचनमा खटिएका पर्यवेक्षकहरूलाई मतदान स्थलमा जान नदिने, सूचना लिन खोज्दा रिसाउने, फोटो खिच्न नदिने मोबाइल नै लिन खोज्ने जस्ता व्यवहार गरेको पाइयो । साँघुरिएको ठांउमा मतदान स्थलहरू रहेकाले गोपनीयता कायम नरहने र आवत जावत गर्न कठिन भएको थियो । केही राजनीतिक दलहरूबाट जुलुसमा भारतीय नं.का गाडीहरू लगायत अन्य जीप, बोलेरो, स्कार्पियो बस, इलेक्ट्रिक रिक्सा, अटो, जे.सी.बी. समेतको प्रयोग भएको देखियो । स्थिर समय (मौन अवधि)मा पनि निर्वाचन प्रचारप्रसार, घरदैलो कार्यक्रम गरेको पाइयो । निर्वाचनमा खटिएका निर्वाचन कर्मचारी, अधिकृतहरूले स्थानीय स्वयंसेवक नराखी आफ्नो नजिकका नाता गोताका व्यक्तिहरूलाई स्वयंसेवकमा राख्ने गरेको पाइयो ।

## कर्णाली प्रदेश

- **रुकुम (पश्चिम भाग)** : मतदानमा अवरोध गर्न प्रयास गर्ने नेकपा विप्लव समूहका तीन जना कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले पक्राउ गरेको थियो । निर्वाचन बहिष्कार गर्ने समूहका केही सदस्यहरूले आठविसकोट नगरपालिकाको पाँच, ११ र १३ वडामा मतपत्र च्यात्ने मतपेटिकामा लातले हिर्काएर मतदानमा अवरोध गर्ने प्रयास गरेका थिए ।

- **सल्यान** : सबैजसो राजनीतिक दलहरूको उम्मेदवारीमा समावेशिताको अभाव थियो । साथै मतदाताहरूमा पनि निर्वाचनप्रति खासै उत्साह थिएन । चुनाव प्रचारप्रसारको क्रममा प्रचारक कार्यकर्ताहरूलाई होटलमा खाने पिउनेको विशेष व्यवस्था गर्दै अन्य समर्थक र शुभचिन्तकहरूलाई समेत रक्सी र मासुमा पैसा खर्च गरेको पाइएको थियो ।

- **डोल्पा** : भौगोलिक विकटताको कारणले यातायात तथा समग्री ढुवानी समस्याहरू देखिएका थिए । हिउँद लागेसँगै हिमपातको कारणले गर्दा वासिन्दाहरू सबै नै स्थानान्तरण हुने हुँदा निर्वाचन गराउन समस्या हुने देखियो । ठूलीभेरी नगरपालिका वडा नं. नौं गौरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा सत्तापक्षीय गठबन्धन र एमालेका कार्यकर्ताबीच विवाद भई झडपसमेत भएको थियो । मतदाता शिक्षाको अभाव प्रष्ट देखियो र मतदाताहरूले गुनासोसमेत गरेको सुनियो ।

- **जुम्ला** : गुठिचौर गाउँपालिका वडा नं दुई स्थित हिराधनचन्द्र आधारभूत विद्यालयमा केही फर्जि (प्रोक्सी) मत हालेको अवस्था देखिएको थियो । मतदाताको शिक्षामा कमी भएकाले मतदाताले जुन बाकसमा खसाउनु पर्ने हो अर्को समानुपातिक मतपेटिकामा खसाल्न पुगेको पनि देखियो । मतगणना गर्दा मतदान अधिकृतले दस्तखत नगरेका मतपत्रहरू समेत भेटिएका थिए । मतदाता शिक्षा प्रभावकारी नभएको कारणले धेरै मतहरू बदर हुन गएको देखियो ।

- **मुगु** : कर्णाली मा.वि. बुथमा प्रोक्सी मत खसालेको देखियो । सोरु गाउँपालिकामा पनि क्षेत्र (ख) बुथमा दुई जनाले सबै मतदाताहरूको तर्फबाट मतदान गरेका थिए । निर्वाचनमा मतदातालाई फकाउनका लागि छायाँनाथ रारा नगरपालिका वडा नं. सात लगायत अन्यत्र गरी जम्मा १० खसी काटेर भोज ख्वाएको देखिएका थियो । छायाँनाथ रारा नगरपालिकामा पैसा बाँड्ने कुरालाई रोक्नखोज्दा झडप समेत भएको थियो ।

- **हुम्ला** : सर्केगाड गाउँपालिका तीन को देवकोटा आधारभूत विद्यालय, चंखेली गाउँपालिका वडा नं. ५, डाँफे मतदान केन्द्रहरूमा मतदाताको वारेसनामाबाट मतदान गर्न नपाएको कारणले राजनीतिक दलका कार्यकर्ताहरूबीच झडप भयो । झडपमा परी सुरक्षा निकायका जवानहरू घाइते भएका थिए । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले १७ राउण्ड हवाइफायर समेत गरेको थियो ।

- **जाजरकोट** : मतदाता शिक्षासम्बन्धी कुनै पनि कार्यक्रम सञ्चालन गरेको पाइएन । आचारसंहिताको धज्जी उडाउँदै यस जिल्लाको नलगाड नगरपालिकाको वडा नं. १२, मा गठबन्धनका दललगायत अन्य ठूला राजनीतिक दलहरूबाट मोटो रकम वितरण गरिएको पाइयो । भौगोलिक विकटता र मतदान केन्द्रलाई अपायक स्थानमा राखेको कारणले बिरामी, वृद्ध, अपाङ्गता भएकाहरूले कष्टका साथ मतदान गर्नु परेको गुनासो सुनियो ।

- **दैलेख** : चामुण्डा बिन्द्रसैनी नगरपालिका वडा नं. पाँच स्थित जनता मावि वस्ताकोट मतदान स्थलमा शंकास्पद वस्तु फेला पऱ्यो । मतदाता शिक्षाको अभाव र आचारसंहिताको उल्लङघन सामान्य जस्तै देखियो ।

- **सुर्खेत** : निर्वाचनमा सहभागी भएका सबै राजनीतिक दलहरू र उनीहरूका उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गरेको पाइएन । निर्वाचन प्रचारप्रसारको क्रममा एकले अर्काबीच आरोप प्रत्यारोप लगाउने, अस्वस्थ्य अभिव्यक्ति दिने प्रवृत्तिमा सुधार आएको देखिएन । उम्मेदवारले विभिन्न बहाना र छलछाम गरी मत खरिद गरेका सूचनाहरू पनि बाहिर आयो । अटोरिक्सा र मोटरसाइकल प्रयोग गरी मतदाता ओसारेको देखियो ।

## सुदूरपश्चिम प्रदेश

- **बाजुरा** : बुढीगंगा नगरपालिका र हिमाली गाउँपालिकामा बुथ कब्जाको घटना हुँदासमेत प्रहरी प्रशासन निरिह बनेको देखियो । यही घटनाको क्रममा प्रहरीको गोली लागी सन्दीव अयडीको ज्यान गयो । यसको विरुद्धमा नेकपा एमालेले बजार बन्ददेखि आन्दोलनका गतिविधिले बाजुरा त्रसित बन्यो । बाजुरामा नेकपा एमालेले १६ र नेपाली काँग्रेसले आठ मतदान केन्द्रमा बुथ कब्जा गरेको आरोप प्रत्यारोप गरे । मतगणनाको क्रममा मुचुल्कामा रहेकोभन्दा बढि मत पाइएपछि दलका प्रतिनिधिहरूबीच विवाद उत्पन्न भएको थियो । फर्जी मतदान रोक्ने, मृत्यु भइसकेका र बसाइ सराई गरी गएका व्यक्तिहरूको नाम मतदाता नामावलीमा अध्यावधिक गरेको देखिएन । मतदाता शिक्षा दिने काम भएन ।

- **बझाङ** : निर्वाचन बहिष्कार गरौं भन्दै मतदानको दिन विप्लव नेतृत्वको नेकपाले जिल्ला सदरमुकाम चैनपुर, र बुङगल नगरपालिका वडा नं. चारमा प्रेसकुकर बम राखेको थियो । प्रचारप्रसार र मतदाता ओसार्न व्यापक सवारी साधनहरूको प्रयोग भयो । निर्वाचनमा मतदाताहरूमा खासै उत्साह देखिएन ।

- **डोटी** : के आइसिंह गाउँपालिका वडा नं. पाँच स्थित भुवनेश्वरी मावि मतदान केन्द्र नजिकै प्रेसरकुकर बम राखिएको थियो । मतदानको दिन मतदाताहरूलाई निर्वाचन बहिष्कार गर्ने समूहले वातावरण त्रस्त बनाएको

थियो । निर्वाचन प्रचार प्रसारको सिलसिलामा निर्वाचन आचारसंहितालाई महत्व दिएको देखिएन । साथै निर्वाचन शिक्षा प्रभावकारी रूपमा सञ्चालन गरेको पनि पाइएन ।

- **अछाम** : अछाम जिल्लाको ढकारी गाउँपालिका वडा नं. दुई हिच्माको कालिका माविमा रहेको मतदान केन्द्रमा प्रेसरकुकर बम फेला पर्‍यो । साँफेबगर नगरपालिका तीन मा मतदानका विषयमा गठबन्धन र स्वतन्त्र उम्मेदवारबीच झडप भयो । झडपमा साँफेबगर नगरपालिका वडा नं. तीन का शैलेश कुँवर घाइते भए । मंगलसेन नगरपालिका वडा नं. तीन शिवनिवास प्राविमा रहेको मतदान केन्द्रमा प्रदेश सभाका ५५ मत प्रतिनिधि सभाको मतपेटिकामा खसाएपछि मतगणना हुने गरेर मुचुल्का तयार गरेर मतदान सुचारु गरियो ।

- **दार्चुला** : अपिहिमाल गाउँपालिका वडा नं. पाँच ओखलमा चुनावी प्रचारप्रसारको क्रममा नेकपा एमाले र गठबन्धनका कार्यकर्ताबीच झडप भएको थियो । यस झडपको क्रममा चार जना घाइते भएका थिए । प्रतिस्पर्धी उम्मदवारहरूको बीचमा अस्वस्थ्य प्रतिषर्धा, आरोप प्रत्यारोप र नाराबाजीले चुनावी वातावरण अशान्त बनाएको थियो ।

- **बैतडी** : हाडाकोट मतदान केन्द्रमा मतगणना हुँदा खसेको मतभन्दा एक सय मत बढि पाइयो । कतिपय मतदाता भोट हाल्ने तरिकामा अलमल हुँदा मत बदर भए । महिला मतदाताहरू मतदानको लागि मतदान केन्द्रमा आएपनि उनीहरूका पुरुषहरूले जबरजस्ती वा फकाएर महिलाको मत आफैँले हालिदिएको पाइयो । आचारसंहिताको हुबहु पालना कतैपनि भएन । आमसभामा हजारौँ झण्डा, सयौँ ब्यानर, झण्डाका तोरणहरू लगाएको पाइयो भने, प्रमुख बजारहरूमा दिनभर ठूलो आवाजमा प्रचारमुखी गीतहरू बजाएको पाइयो । सार्वजनिक यातायातमा समेत दलका चुनावी गीत र पार्टीका लोगो अंकित पोष्टर लगाएकाले अधिकांश यात्रुहरूले असहज महसुस गरेको देखियो ।

- **डडेलधुरा** : वैदेशिक रोजगारमा भएका मतदाताहरूको नाम नामावलीमा समावेश गरिएको थिएन । स्थानीय जनप्रतिनिधिहरूले उम्मेदवारको पक्षमा प्रचारप्रसार र मत मागेको देखियो । चुनावी सभाहरूमा सरकारी सवारी साधनहरू पनि प्रयोग भएका थिए । राजनीतिक दलहरूले मतदातालाई रोजगारी उपलब्ध गराउने लगायतका विभिन्न प्रकारका प्रलोभनहरू पनि देखाएका थिए । मतदान केन्द्र नजिक मतदाताको लागि खाना, खाजाको व्यवस्था गरिएका दृष्यहरू देखिए ।

- **कञ्चनपुर** : मतदाता नामावली अध्यावधिक गर्दा मृतक एव बसाइँसराइ गरी अन्यन्त्र गएका मानिसहरूको नाम नहटाएको पाइयो । विगतको तुलनामा आचारसंहिता उल्लंघनमा घटनाहरूमा केही कमी आएको जस्तो देखिएपनि कतिपय राजनीतिक दलहरू तथा स्वतन्त्र उम्मेदवारबाट आचारसंहिता उल्लंघन भएको थियो । यस क्रममा भारतीय नम्बर प्लेटका सवारी साधनदेखि सार्वजनिक स्थानमा तोरण, चुनाव चिन्ह, झण्डा, स्टीकर लगायतको प्रयोग भयो । मतदान स्थलमा प्राथमिक उपचारका लागि आयोगबाटै बाहिर छुट्टै केन्द्र एव स्वाथ्यकर्मी टिम परिचालन गरेको देखिएन । अनुपयुक्त स्थानमा मतदान केन्द्र भएकाले मतदाताहरूको सहभागितामा असर परेको देखियो ।

- **कैलाली** : निर्वाचनमा मतदाताहरू उत्साही देखिएनन साथै, एक किसिमको मतदातामा नैराश्यता आएको देखिन्थ्यो । उम्मेदवारहरूले भोजभतेर लगाउने, कार्यकर्तालाई पैसा बाँड्ने, गरिब र दलित बस्तीमा नगद तथा जिन्सी वितरण गरी मत आफ्नो पक्षमा पार्ने काम भएको देखियो ।

■

# निर्वाचनमा उम्मेदवारले गर्ने निर्वाचन खर्च तथा त्यसको असर



**बिनोद सिजापती**

लोकतान्त्रिक प्रतिष्पर्धात्मक निर्वाचन प्रणाली सामान्यतया खर्चिलो हुन्छ । राजनीतिक दलले आफ्नो राजनीतिक एजेण्डा, उम्मेदवारको समर्थन एवम् विजयको सुनिश्चितताको निमित्त, उम्मेदवारले प्रचारप्रसारका निमित्त तथा सरकारले निर्वाचन व्यवस्थापनका निमित्त निर्वाचनमा खर्च गर्दछ । यसै सिलसिलामा आमनिर्वाचन २०२२, सम्पन्न गर्नका निमित्त नेपाल सरकार ले रु. १५ अर्ब ५० करोड विनियोजन गरेको थियो । उक्त रकममध्ये रु. ८ अर्ब ५० करोड निर्वाचन आयोगका लागि र रु. ६ अर्ब ८५ करोड सुरक्षा निकायहरूका निमित्त छुट्टाइएको हो । विनियोजित गरिएको रकमका अतिरिक्त पनि सरकारले निर्वाचनसँग प्रत्यक्ष तथा अप्रत्यक्ष तरिकाले सम्बन्ध राख्ने अन्य कार्यहरूको लागि पनि खर्च गरेको हुन्छ, जस्तो कि निर्वाचनमा खटिएका निजामती कर्मचारी तथा सुरक्षाकर्मीले खाईपाई आएको तलब भत्ता सुविधा उक्त विनियोजित रकममा समावेश गरिएको हुँदैन । त्यसैगरी, निर्वाचनको समयमा नेपाल सरकारका मन्त्री, उच्च सरकारी कर्मचारी तथा जिल्ला प्रशासनले गर्ने खर्च पनि निर्वाचनको लागि विनियोजित रकमको शिर्षक अन्तर्गत पर्दैन । निर्वाचन प्रयोजनको लागि सरकारले राजकीय कोषबाट गरेको खर्चभन्दा बढि खर्च राजनीतिक दलहरू तथा उमेदवारहरूले गर्दछन् । निर्वाचन पर्यवेक्षण समितिले गरेको निर्वाचन खर्चसम्बन्धी एक अध्ययनअनुसार कुल निर्वाचन प्रकृयामा हुने खर्चको ७२ प्रतिशत खर्च उमेदवारहरू स्वयंले गर्दछन् ।

समग्रमा (तीनै तह स्थानीय, प्रदेश र संघीय) हुने निर्वाचन खर्चको ४३ प्रतिशत खर्च संघीय प्रतिनिधि सभा निर्वाचनका निमित्त खर्च हुने अनुमान पनि माथि उल्लेख गरिएको अध्ययनले देखाउँछ । यो आलेख संघीय

प्रतिनिधि सभा उमेदवार तथा तिनको समर्थकले गर्ने खर्च केन्द्रित गरिएको छ । प्रतिनिधि सभा सदस्यले देशको भविष्य निर्धारण गर्न अहम् भूमिका खेल्दछन् । राज्यको दैनिकी व्यवस्थापनलगायत कानून निर्माण, नीति निर्माण, कर्यान्वयन, अवलोकन तथा मूल्याङ्कन आदि कार्यहरू गर्ने थलो प्रतिनिधि सभा हो ।

यस आलेखको मुख्य उद्देश्य संघीय प्रतिनिधि सभाका उमेदवारले गर्ने खर्च, त्यसका प्रभावहरू तथा निर्वाचन खर्च न्यूनिकरणका निमित्त केही नीतिगत सुझावहरू प्रस्तुत गर्नु हो ।

तल उल्लिखित तीन बहुचर्चित अभिव्यक्तिहरूले देशले अवलम्बन गरेको निर्वाचन खर्च प्रणालीका विषयमा प्रकाश पार्दछः

विभिन्न श्रोतबाट प्राप्त सूचनालाई आधार मानेर कुनै एउटा सार्वजनिक कार्यक्रममा सम्बोधन गर्नु हुँदा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (वर्तमान सम्माननीय प्रधानमंत्रीज्यू) ले भन्नु भएको थियो कि धेरै पैसा खर्च गर्न सकेन भने निर्वाचित हुन सम्भव छैन भन्नुहुँदै सामान्यत गाउँपालिका अध्यक्षको लागि प्रतिष्पर्धा गर्ने उमेदवारले पनि निर्वाचनका क्रममा रु. १० करोड खर्च गरेको सूचना पाएको भनी निर्वाचन खर्चको प्रकृति बारे खुलासा गरे र निर्वाचन कै कराणले गर्दा भ्रष्ट्राचार ब्याप्त भएको भन्ने समेतको धारणा राख्नु भएको थियो ।

नेपाली काँग्रेसको पूर्वमहामन्त्री डा. शशांक कोइराला, जो नवलपुर निर्वाचन क्षेत्र १ बाट तीनपटक निर्वाचित भएका थिए, उहाँको भनाईबमोजिम् २०६४ को संविधान सभाको निर्वाचनमा (उहाँको लागि प्रथम निर्वाचन) जम्मा रु. ८० हजार खर्च गरेका थिए भने दोश्रो संविधान सभा निर्वाचन (२०७०) मा रु.२ करोड खर्च गरे । त्यसैगरी प्रतिनिधि सभाको निर्वाचन (२०७४) मा रु. ६ करोड खर्च भएको भन्दै २०७९ को निर्वाचनमा रु. ६-७ करोड खर्च हुने अनुमान गरेका थिए ।

अस्वाभाविक प्रकारले बृद्धि भइरहेको निर्वाचन खर्चको वर्तमान अवस्थालाई देखाउँदै प्रतिनिधि सभामा सरकारलाई समर्थन नगर्ने दुई नेता मध्ये एक माननीय सांसद एवं पूर्वउप-प्रधानमन्त्री चित्रबहादुर केसीले “पहिला निर्वाचन खर्च गोजी तथा झोलामा अटाउने गर्दथ्यो भने अहिले बोरामा ओसार्न पर्ने भएको छ” भन्दै दुखेसो पोखे । माननीय केसीको भनाइलाई मान्ने हो भने निर्वाचन खर्च जुटाउनका लागि संसदमा उपस्थित अन्य दलहरूले सरकारलाई समर्थन गरेका हुन् ।

माथि उल्लेख गरिएको तीन प्रतिनिधि उदहारणहरूले नेपाली निर्वाचन प्रणालीका निम्न ६ पक्षहरूलाई उदाङ्गो पार्दछ; १) हामीले अभ्यास गरेको निर्वाचन प्रतिष्पर्धात्मक छैन । आर्थिक अवस्था कमजोर हुने दल तथा उमेदवारले निर्वाचनमा प्रतिष्पर्धा गर्न सक्दैनन् । हेक्का रहोस् कि धाँधलीरहित निर्वाचनको पूर्वशर्त स्वच्छ प्रतिष्पर्धा हो । अतः आर्थिक अवस्था कमजोर हुने उमेदवारको निर्वाचित हुने सम्भावना घट्ने तथा अत्यधिक खर्च गर्नसक्ने उमेदवारको निर्वाचित हुने सम्भावना बलियो हुने यस प्रकारको निर्वाचन प्रणालीलाई प्रतिष्पर्धात्मक भन्न सकिँदैन, २) नेपालको निर्वाचन पद्धति र त्यसले निसृत गर्ने परिणाममा पैसाको निर्णायक भूमिका देखिएको छ । बढि खर्च गर्ने उमेदवारको दाँजोमा कम खर्च गर्ने उमेदवारको निर्वाचित हुने सम्भावना कम हुन्छ । अर्थात, चुनावी खर्च क्षमताले निर्वाचन परिणामलाई निर्धारण गर्दछ । खर्च कै कारणले गर्दा निर्वाचित हुने अधिकारबाट बञ्चित हुनुपर्ने प्रणालीलाई न्यायोचित भन्न मिल्दैन, ३) निर्वाचन खर्च चुलिंदै गएको हुँनाले गर्दा खर्च गर्ने हैसियत भएका उमेदवारले मात्र उमेदवारी दिन सक्दछन् । उमेदवारी दिने क्षमता खर्च क्षमताले निर्धारण गर्ने निर्वाचन प्रणालीलाई विभेदकारी भन्न हिच्किचाउन पर्दैन, ४) निर्वाचन खर्च असुली कै निमित्त पनि सत्ताको रापताप नितान्त आवश्यक हुने गर्छ । अर्थात,

निर्वाचनका क्रममा भएको खर्च असुली सर्वसाधारणले तिरेको तिरोको दुरुपयोगबाट उपर गरिन्छ । भ्रष्टाचारलाई निर्वाचनले प्रोत्साहन गर्छ, ५) निर्वाचन आयोगले तोक्ने खर्चको सीमा केवल औपचारिकतामा मात्रै सिमित छ, र ६ ) निर्वाचन खर्चिलो भएकोमा राजनीतिककर्मीहरू चिन्तित छन् । तर, खर्च नियन्त्रण गर्ने दिशातर्फ उनीहरू उदासीन देखिएका छन् । यदि त्यसो नहुँदो हो भने त निर्वाचन खर्च नियन्त्रण तथा न्यूनिकरण प्रकृयालाई प्रभावकारी तुल्याइने थियो ।

**अपारदर्शी खर्च प्रणालीः**

माथि उल्लेख गरिएका ६ निष्कर्षहरूको अलावा पारदर्शिताको चरम अभाव छ। खर्च कसरी हुन्छ तथा कुन स्रोतबाट उपलब्ध हुन्छ भन्ने विषय पनि रहस्यमय छ। निर्वाचन आयोगले उमेदवारले निर्वाचनको क्रममा गर्ने खर्चको सीमा तोक्ने गरेको छ। २०७९ को निर्वाचनमा निर्वाचन खर्चको सीमाको विषयलाई लिएर निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचन क्षेत्रलाई चार प्रकारले वर्गीकरण गरेको थियो । उक्त वर्गिकरणअनुरूप उमेदवारले रु. २७ देखी रु. ३३ लाखसम्म खर्च गर्नसक्ने सीमा निर्धारण गरेको थियो । त्यसैगरी, उमेदवारले निर्वाचन आयोगलाई निर्वाचन सम्पन्न भएको ३० दिन भित्र निर्वाचन अभियानमा भएको आम्दानी तथा खर्चको यथार्थ विवरण तोकिएको ढाँचामा बुझाउनु पर्ने कानुनी प्रावधान रहेको छ । प्रायः सबै उम्मेदवारले तोकिएको समयसीमा भित्रमा नै खर्च विवरण बुझाउने गर्दछन् । त्यसरी बुझाएको खर्च विवरण अस्वाभाविकरूपमा निर्वाचन आयोगले तोकिएको सीमा भित्रको परिधि भित्र नै रही आम्दानी तथा खर्चको हिसाब दुरुस्त मिल्ने गरी पेश गरिएका हुन्छन् । जबकी अधिकांश उम्मेदवारले निर्वाचन खर्च सीमा उल्लङ्घन गरेका हुन्छन् । निर्वाचन पर्यवेक्षण समिति नेपालले २०७४ मा सम्पन्न भएको स्थानीय, प्रान्तीय तथा संघीय निर्वाचनमा निर्वाचनसँग सम्वन्धित निकायहरू, सरकार, राजनीतिक दलहरू, र उम्मेदवार समेतको निर्वाचन अभियानमा भएको कूल खर्चको अध्ययन गरी अनुमानित विवरण सार्वजनिक गरेको थियो । सो अध्ययनले जनाएअनुसार (२०७४ मा सम्पन्न भएको निर्वाचनमा) प्रतिनिधि सभाको निर्वाचित हुने उम्मेदवारले औसतमा रु. २ करोड १३ लाख खर्च गरेको पाइएको थियो । त्यसै गरी, दोश्रो स्थानमा पर्ने उमेदवारले रु( १ करोड ४९ लाख तथा अन्य अर्थात तेस्रो चौथो आदिको हकमा रु. ८५ लाख खर्च गरेका थिए ।

माथि उल्लेख गरिएको तीनवटा अभिव्यक्तिहरू दिने तीन नेताहरूको आर्थिक पृष्टभूमि पनि रोचक छ । तिनले सार्वजनिक गरेको खर्चको विवरणको आधारलाई समर्थन गर्ने गरी उनीहरूको व्यवहारिक अवस्था देखिँदैन, अर्थात् आर्थिक अवस्थासँग उनीहरूले गरेको निर्वाचन खर्चले तादाम्यतता राख्दैन । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको हकमा तिनले बारम्बार आफूसँग धन सम्पत्ति हुँदै नभएको सार्वजनिक गर्दै आएका छन् । त्यसैगरी, राष्ट्रिय जनमोर्चाका नेता चित्रबहादुर केसी एउटा उदाहरणनीय सर्वहारा नेता नै हुन् । यिनीहरू दुवैले निर्वाचन आयोगसमक्ष बुझाएको खर्च विवरण तथा सार्वजनिक गरेको विवरण वास्तविक जीवनसँग तालमेल खाँदैन । अन्यथा, दुवै नेताले खर्चको अभावमा उमेदवारी दिन नसक्नु पर्ने हो । निर्वाचनमा लाग्ने खर्चको हिसाबले बिजयी हुने सम्भावनको आर्थिक हैसियत त दुवैसँग हुनु नपर्ने हो । त्यसैगरी, डा. शशांक कोइरालाको हकमा पनि तिनले खर्च गरेको भनिएको रु. ८० हजार नगद कताबाट प्राप्त भयो ? निर्वाचनपूर्व उनी केवल त्रिभुवन विश्वविद्यालयको प्राध्यापक नै थिए । दोश्रो निर्वाचनका क्रममा भएको रु. २ करोड तथा तेस्रो निर्वाचनका क्रममा रु. ६ करोड खर्च रकम कुन श्रोतबाट जुट्यो? खर्च श्रोतका विषयमा डा. कोइरालाले खुलासा गर्नु पर्ने जरुरी ठानेनन् ।

माओबादी अध्यक्ष, चित्रबहादुर केसी तथा डा शशांक कोइरालाले २०७९ को अत्यन्त खर्चालु निर्वाचनमा सहभागी भएर विजयी भए । उनीहरू प्रत्येकले कुन स्रोतबाट निर्वाचित खर्च रकम जुटाए ? रहस्यको विषय छ यो । दाहालले

नेतृत्व गरेको दलको उम्मेदवारहरूलाई समेत आर्थिक सहयोग गरेको अनुमान गर्न सकिन्छ । उक्त रकम कुन श्रोत तथा सर्तमा उपलब्ध भएका हुन् ? के सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूले भने झैँ भ्रष्टाचार गरेर खर्च असुलउपर गर्न कै निमित्त उहाँले आफ्नै सकृयतामा निर्माण भएको पाँच दलीय गठबन्धन भत्काएर प्रधानमन्त्री पद प्राप्त गर्नु परेको हो ?

निर्वाचनको मैदानमा खडा हुने उम्मेदवारले खर्च कसरी तथा कुन कुन स्रोतबाट उक्त खर्च जुटाए भन्ने विषय जति महत्वपूर्ण छ त्यत्तिकै उनीहरूले गर्ने खर्चको विवरणको वास्तविकता । अधिकांश उम्मेदवारले स्रोतअनुसार खर्च विवरणको हिसाब किताब राख्दैनन् । स्रोत खुलाउँदा उम्मेदवारलाई जति अप्ठेरो पर्दछ त्यो भन्दा कठिनाइ दातालाई पर्ने प्रचुर सम्भावना हुन्छ । दाताको नाम तथा योगदान रकमसँगै उनीहरूले उक्त रकम प्राप्त गरेको श्रोत समेत खुलासा गर्नु पर्ने दायित्व आइलाग्छ । अधिकांश दाताहरूले वैध भन्दा अवैध कारोबारबाट आर्जेको रकम नै दिने हो, उम्मेदवारलाई । भोलिका दिनमा (आयकर, सम्पति शुद्धीकरण तथा अन्य सरकारी निकाय) को सामुन्ने उपस्थित हुनुपर्ने जोखिम हुन्छ, दातालाई । दाताको नाम सार्वजनिक हुँदा साथै लहरो तान्दा पहरो गर्जिने त्रास हुन्छ । कुनै उम्मेदवारलाई सहयोग गरेको खुलासा हुँदा साथै अन्य उम्मेदवारहरू हात पसारेर अघिपछि लागि हाल्छन् । आफूले सहयोग गरेको उमेदवारको बदलामा प्रतिद्वन्दी विजयी भयो भने ? जुनसुकै दाता पनि सजग हुन्छन् भविस्यमा आइपर्न सक्ने जोखिमहरूका विषयमा ।

नेपालको सामाजिक धरातलमा उम्मेदवारले गर्ने खर्चको विवरण राख्न सहज छैन । निर्वाचनमा होमिने निणर्य गरे लगतै खर्च शुरु हुन थाल्दछ । घरमा आउने जानेहरूको भिड बढछ । नेपाली संस्कारमा घर आउने पाउनालाई खाली मुख पठाउन मिल्दैन । भान्छामा हुने खर्चको हिसाब किताब राख्ने प्रचलन अधिकांश घरमा हुँदैन । केन्द्रीय, क्षेत्रीय तथा स्थानीय नेता कार्यकर्ताहरूको आवतजावत घर आँगनमा बढन थाल्दछ । स्थानीय चिया चमेना गृहमा हुने दैनिकी खर्चकै हिसाब राख्नसमेत अधिकांशलाई हम्मेहम्मे हुन्छ । कति उम्मेदवारलाई अन्तिम घडीमा केन्द्रिकृत दलीय निर्णयका कारणले गर्दा उम्मेदवारी दिन बञ्चित हुने गर्छन् । उम्मेदवारी दिन असफल हुने उम्मेदवारले उम्मेदवारी प्राप्त गर्न गरेको खर्च माटोमा मिल्दछ ।

उम्मेदवारी दर्ता गर्ने सफल उम्मेदवारलाई पनि वास्तविक निर्वाचन खर्च यकिन गर्न दुई कारणहरूले गर्दा सहज हुँदैन । प्रथम, निर्वाचनका निमित्त हुने खर्च तथा घरायसी खर्चको हिसाब अलग राख्ने उम्मेदवार बिरलै हुन्छन् । दोश्रो, उम्मेदवारका समर्थकहरूले प्रचार प्रसारका निमित्त स्वयम् नै खर्च गरिदिने प्रचलन पनि छ । आफूले गरेको खर्चको हेक्का भए पनि अर्कोले गर्ने खर्चको हेक्का कुन उमेदवारले राख्ने ?

दिनप्रतिदिन जटिल हुँदै गरेको समस्या भनेको उम्मेदवारी प्राप्त गर्न लाग्ने खर्चको हरहिसाब हो । स्थानीय तहका उम्मेदवार सिफारिस गर्ने समितिदेखि प्रदेश तथा केन्द्रिय तहका निर्णायक पंक्तिका सदस्य एवम् नेताहरूलाई उम्मेदवारीको समर्थन गरेबापत रकम बुझाउने प्रथा मौलाउन थालेको छ । “टिकट” प्राप्त गर्न लाग्ने खर्चलाई गोप्य राख्नु सबै उम्मेदवारका निमित्त अनिवार्य सर्त हुँदैछ । दलका नेता कार्यकर्तालाई उम्मेदवारीको समर्थन गरिदिएबापत बुझाएको “चन्दा” अझ भनौ भेटी चढाएको रकम सार्वजनिक गर्न मिल्दैन । त्यसरी समर्थन गर्ने नेता कार्यकर्तालाई मागबमोजिम “खुसुक्क” बुझाएको रकम गोप्य नै रहन्छ । निर्वाचन क्षेत्र आवतजावत खर्चबर्चका निमित्त हिसाब राख्ने प्रचलन त झनै छँदै छैन ।

२०७९ को निर्वाचनको सन्दर्भमा दुई उदाहरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक नै देखिन्छ । प्रथम, एक अनन्य मित्रका दाजु पहाडी जिल्लाको निर्वाचन क्षेत्रबाट निर्वाचित भए । उच्चशिक्षा हासिल गरेका र दाजुको सबैभन्दा सामिप्यको

विश्वासपात्र भएको हुनाले ती मित्रले निर्वाचन अवधिभरि सकृय रहेर दाज्युलाई सहयोग गरे । निर्वाचन खर्च जुटाउने कार्यमा तिनको संलग्नता थिएन । खर्च जुटाउने कार्य उम्मेदवार स्वयंले गरे । मित्रलाई भने खर्चको उपयोग तथा व्यवस्थापनको जिम्मेवारी सुम्पिएको थियो । दाजु अर्थात् निर्वाचित सांसदले रु. १ करोडभन्दा बढी रकम खर्च गरेको अनुमान मेरा मित्रले गरेका छन् । खर्चको श्रोतहरूको जोहो घडेरी बिक्री गरेर, स्थानीय सहकारीबाट ऋण लिएर तथा केही सथानीय व्यापारी तथा उधमीबाट आर्थिक सहयोग प्राप्त गरेर गरेको अनुमान छ ।

एकजना पूर्वछिमेकी २०७४ को निर्वाचनमा निर्वाचित वडाअध्यक्षको राम कथा उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ । अत्यधिक बहुमत प्राप्त गरेर निर्वाचित भएका थिए । उक्त निर्वाचनको क्रममा तिनले रु. २२-२३ लाख खर्च गरे । समाजसेवी नाम कमाएका यी मित्र पाँच वर्षको कार्यकालमा तिनी उदाहरणीय वडाअध्यक्ष कहलिएका थिए । यस पटकको निर्वाचनमा तिनले उमेदवारी दिएनन् । इमान्दार तथा लोकप्रिय राजनीतिकर्मी भएको हुनाले तिनलाई आफ्नो दल बाहेक अन्य राजनीतिक दलका स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधाहरणले २०७९ को निर्वाचनमा वडाध्यक्ष पदमा उम्मेदवारी दिन आग्रह गरेका पनि थिए । उम्मेदवारी दिन तिनले इन्कार गरे । कारण थियो पैसाको अभाव । अघिल्लो निर्वाचनको पूर्वसन्ध्यामा पैतृक सम्पत्ति प्राप्त भएको १० आना जमिन बिक्री गरेर निर्वाचनमा होमिएका थिए । वडाध्यक्ष पदमा आसिन हुँदा तिनले इमान्दारिताको सौदाबाजी गर्न चाहेनन् । इमान्दारीकासाथ आफ्नो कर्तव्य निभाए । "एक सुका" सार्वजनिक रकम हिनामिना गरेनन् । बचेखुचेको जमिनले जीविका धान्न कठिन भएको अवस्थामा पुनः जग्गा बिक्री गरेर टाट पल्टनुभन्दा राजनीतिबाट सन्यास लिने निधो तिनले गरे ।

निर्वाचनको क्रममा गरेको खर्चले घरबारविहीन हुने राजनीतिकर्मीहरूको संख्या सानो छैन । तिनका विषयमा मूलधार सञ्चार माध्यमको नजर नपर्नु अर्कै पक्ष हो । विगतमा हुनेखाने तर, निर्वाचनमा उम्मेदवार हुँदा श्रीसम्पत्ति गुमाउने परिचित केही नेता छन्, जसको वर्तमान आर्थिक अवस्था अत्यन्त नाजुक छ । यस सन्दर्भमा दुई प्रतिनिधि उदाहरणमध्ये एक हो सुदुरपश्चिमाञ्चलको नेता एवम् पूर्वमन्त्री स्व. टेक बहादुर चोखाल । तिनले तीनवटा निर्वाचनका क्रममा कञ्चनपुरको ३० बिघा जमिन बिक्री गरे र निर्वाचन खर्च जुटाए । २०५२ सालसम्म सम्पन्न चोखाल, सांसद भए, मन्त्री पनि भए तर तिनको अन्तिम अवस्था अत्यन्त आर्थिक विपन्नतासँग संघर्ष गर्दा गर्दै बित्यो । दोश्रो पात्र हुन् झापाका सम्भ्रान्त परिवार सदस्य स्व. चक्रप्रसाद बास्तोला एकजना शीर्षस्थ नेता तथा पूर्वमन्त्री थिए । तीन पटकको निर्वाचनका क्रममा तिनले झापाको पुर्खौली २५ बिघा जमिन बिक्री गर्नु परेको थियो । पैतृक सम्पत्ति सकेर पनि निर्वाचन लड्ने ? प्रश्नको उत्तर तिनले दिएका थिए र भन्दथे "घर खेत गरेर राजनीतिमा होमिए को हुँ, घर खेत जोड्नका निमित्त होइन" ।

**विकृति र विसंगतिः**

निःसन्देह नै पैसाको प्रभावले निर्वाचित हुने प्रणालीले धेरै तात्कालिक तथा दुरगामी असरहरू पार्दै छन् । ती मध्ये कति सतहमा छताछुल्ल हुनथालेका पनि छन् । निर्वाचन खर्च धेरै अर्थमा लगानी सिद्ध भएको छ । त्यसकारण, निर्वाचनको क्रममा भएको खर्च उठाउन निर्वाचित प्रतिनिधिहरू आतुर देखिन्छन् । जतिसक्यो चाँडो मुनाफासहित खर्च उठाउने कार्य सत्ताको दुरुपयोगबाट मात्र सम्भव हुन्छ । सत्तालिप्त राजनीतिक संस्कृति मौलाउनु पछाडिका अनेक कारणहरूमध्ये एक निर्वाचन खर्च चाँडोभन्दा चाँडो असुली गर्ने उद्देश्य हो । बिनासत्ताको राप र तापमा निर्वाचनमा भएको खर्च उठाउने सम्भावना हुँदैन । अर्कोतर्फ, निर्वाचनको क्रममा आर्थिक सहयोग उपलब्ध गराउने दाताको उद्देश्य पनि जतिसक्यो गरेको लगानी सुदसहित असुलउपर गर्ने हुन्छ । निर्वाचित जनप्रतिनिधि तथा तिनका सहयोगकर्ता दुवैथरीको स्वार्थ कै कारणले गर्दा द्रुत गतिमा देश भ्रष्टाचारमय हुँदै गएको हो भन्ने धेरै आधारहरू छन् ।

जति सक्यो चाँडो खर्च (निर्वाचन) उठाउने प्रवृत्तिसँगै स्वार्थ हित रक्षार्थ कानून परिमार्जन तथा निर्माणका साथै देशमा जवाफविहिन संस्कार मौलाउन थालेको छ । खुल्लारूपमा स्थापित नियम कानूनको उल्लङ्घन गरेर सार्वजनिक निर्माण तथा खरिद निर्वाचनका समय सहयोगी दाताको पक्षमा निणर्य गर्न थालिएको छ। तिनकै स्वार्थ हितार्थ नियम कानून को संशोधन हुने कार्यले गति लिन थालेको छ । नीतिगत भ्रष्टाचार मौलाउनु पछाडिका कारणहरू खोतल्दा निर्वाचनको क्रममा सहयोग गर्ने दाताहरूको भूमिका देखा पर्दछ ।

प्रत्येक दिन राष्ट्रिय सम्पत्तिको तथा राज्यकोषको चरम दुरुपयोगका काण्डहरू पर्दाफास भइरहेका छन् र हुनेक्रम यथावत रहेका छन् । भ्रष्टाचार रोकथाम गर्ने निकायहरूलाई निकम्मा अवस्थामा छन् । राजनीतिक निर्णयहरूले गर्दा त्यस्ता घोटलाहरू सहजै गलैँचा मुन्तिर राखिन्छ । दोषीलाई सजायभन्दा उम्काउने प्रयासले प्राथमिकता पाउने गर्दछ । त्यसो हुनाको पछाडि स्वार्थ सन्तुलन "तै.चुप मै चुप" नियम स्वतः लागु हुन्छ । एकले गरेको कुकृत्यलाई अर्कोले सकेसम्म अनादेखा गर्ने, लुकाउन सहयोग गर्ने अन्यथा मिलोमतोमा भागबण्डा गरिन्छ । माओवादी अर्थमन्त्री हुँदा अर्थमन्त्रालयले मेटेको भिडीयो फुटेजलाई एमालेको आधिकारिक सल्लाहकार नेपाल राष्ट्र बैंकको गभर्नरसँग संझौता गरिएजस्तो गरेर ढाकछोप गरिन्छ । दण्डहिनता तथा जवाफदेहिताविहीन प्रवृत्ति ऐतिहासिक उचाइमा पुग्नका पछाडि निर्वाचन क्रममा सहभागी तथा सहयोगीहरूको स्वार्थहित रक्षाले अत्यन्त ठूलो भूमिका खेलेको छ ।

निहित स्वार्थ रक्षाका निमित्त राजनीतिक तथा प्रशासनिक समर्पणका धेरै काण्डहरू उदाङ्ग हुन थालेका छन् । तौलको हिसाबले न्यून (ग्राममा) हुने लागू औषधी कारोबारी गिराफ्तार गर्न सक्षम प्रहरी ३३ किलो सुन हराएको अत्तोपत्तो पाउँदैन । वाइड बडी जहाज खरीद प्रकरणलाई पचाउन बुढीगण्डकीको पानीको सहारा लिइन्छ । कानुनी प्रकृयालाई ओझेलमा राखेर सरकारी स्वमित्वमा भएका सम्पत्तिहरू वितरण हुन्छन् । देश कोभिड महामारीको चक्रव्यूहमा फसेको समयमा औषधी, उपकरण तथा खोप खरिद प्रकरणमा राष्ट्रले खरबौँ गुमाउँछ । हजारौँको संख्यामा खोप सरकारी भण्डारबाट बेपत्ता हुन्छ । अर्थमन्त्रीजस्तो जिम्मेवार व्यक्तिलाई अविश्वास गरेर तिनको कार्यालयमा व्यापारिक घरानाका व्यक्ति प्रवेश गरेर करका दरहरू हेरफेर गरिन्छन् । घोटाला प्रकरण तथा काण्डहरूको फेहरिस्त लामो छ । निर्वाचन संघारमा आइपुग्दा सरकारी मिलोमतोमा रु ४५ अर्ब वितरण गरेको समाचार प्रसारण हुन्छ । देश भ्रष्टाचारमय भएको छ । जवाफदेहिता, दण्डहिनता तथा उत्तरदायित्वविहिन जस्ता मूल्य र मान्यताहरू समाजबाट लोप हुँदैछन् ।

व्यवसायिक हित र स्वार्थ रक्षाका खातिर डरलाग्दो किसिमबाट व्यवसायिक क्षेत्रको उपस्थिति प्रतिनिधि सभामा बाक्लिदै छ । स्वार्थका द्वन्द (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) ले व्यापकता पाउन थालेको छ । उच्च नियुक्तिहरू स्वार्थसिद्ध उद्देश्यअनुरूप गरिन थालेका छन् । सुशासनका निमित्त संवैधानिक निकायहरूलाई पङ्गु तुल्याइने कार्यले गति लिनथालेको छ । सुनवाइ हुने अथवा कोर्स करेक्सन गर्ने कार्यको थालनीभन्दा तिनको सम्भावनाका ढोकामा ताल्चा लगाउने कार्य जोडबलका साथ सञ्चालन हुँदैछ ।

फाटेको चप्पल लगाएर काठमाण्डौ प्रवेश गरेका राजनीतिकर्मीले जोडेको अलिसान महलको चर्चा खुबै हुने गर्दछ । त्यसैगरी भव्य "भाडाको महल" निवासी नेता जसको "नाममा" कुनै घोषित चल अचल सम्पत्ति नै छैन तिनले निर्वाचनको क्रममा खोलाजस्तो गरेर पैसा बगाएको बेलिबिस्तार गरिन्छ । त्यसैगरी, कतिपय "भविष्य" अर्थात् सत्तासिन हुने सुनिश्चित भएका उम्मेदवारका निमित्त निर्वाचनको समय किसानको लागि वर्षायाम जस्तो हुने गर्दछ । निर्वाचन खर्च जुटाउन प्राप्त गरेको सहयोगको केही अंशमात्र निर्वाचनमा खर्च गर्ने बाँकी भोलिका दिनका निमित्त जोहो गर्ने उनीहरूले अवसर पाउँछन् ।

**केही सुझाव**

निर्वाचन खर्च अचाक्ली भएको गुनासो वा सिकायत नगर्ने स्थानीयदेखि संघीय सरकारका जनप्रतिनिधिहरू भेटिँदैनन् । प्रायः सबै राजनीतिकर्मीहरूले निर्वाचन खर्च बढेकोमा दुखेसो व्यक्त गर्छन् । तर, खर्च नियन्त्रणका निमित्त पहलकदमीको सुरुवात हुन सकेको छैन । सम्भव छ, निर्वाचन खर्च नियन्त्रणभन्दा बाहिर जान नदिन । राष्ट्रिय निर्णय राजनीतिक निर्णयबाट हुन्छ । यदि नेतृत्वले चाहने हो भने निर्वाचन खर्च न्यूनीकरण गर्न सकिने उपायहरू थुप्रै देखिन्छ । निर्वाचन प्रणालीका अभिन्न ४ अङ्गहरू हुन् १) निर्वाचन आयोग, २) उम्मेदवार, ३) सरकार, र ४) मतदाता । यदि यी चारै अङ्गहरूले निष्ठापूर्वक कर्तव्य पालना गरिदिने हो भने नेपाली निर्वाचन प्रणाली अत्यासलाग्दो खर्चिलो हुने छैन ।

निर्वाचन आयोगलाई स्वच्छ राखेर उक्त संस्थालाई विद्यमान नियम कानून कै परिधि अन्तर्गत प्रभावकारी हुन दिने हो भने अधिकांश समस्या समाधान हुन्छ । निर्वाचन आयोगको पदाधिकारीको चयन राजनीतिक नेतृत्वले गर्छ । राजनीतिक दलका नेताजस्तो गरेर निर्वाचन आयोगका जिम्मेवार पात्रहरू भाषणबाजीमा उत्रन्छन् । व्यक्त गरेका दृढतालाई फितलो कार्यान्वयनको घुम्टोले नियुक्त गर्ने दलको स्वार्थअनुरूप ढपक्क छोपिदिने कार्यमा अभ्यस्त हुने गर्छन् । निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन आचारसंहिता अन्य राष्ट्रहरूको अभ्यासलाई सुक्ष्म अध्ययन गरेर निर्माण गरेको देखिन्छ । बिडम्बना नै भन्नु पर्दछ, उक्त आचारसंहिता कार्यान्वयनमा आउन नै पाएको छैन । नयाँ नियम कानून को आवश्यकता त्यति बेला पर्ने हो जब विद्यमान नियम कानून कार्यान्वयन गरिँदा समस्या देखा पर्छन् । लागू हुँदै नभएको अथवा कार्यान्वयन प्रकृयामा आउँदै नआएका नियम कानून लाई कसरी असफल करार गर्ने ? निर्वाचन आयोगले निर्धारण गरेको अनुशासन तथा नियमको पालना राजनीतिक दल तथा उम्मेदवारले अक्षरसः पालना गर्ने हो भने धेरै समस्या स्वतः हल हुन्छ । स्वच्छ, सबल तथा प्रभावकारी निर्वाचन आयोग हुन नदिएको अवस्थामा निर्वाचन प्रणाली स्वच्छ तथा कम खर्चिलो होला भन्ने आशा गर्नु व्यर्थ हुन्छ ।

उम्मेदवार चयन गर्ने प्रणाली त्रुटिपूर्ण छ । निर्वाचन क्षेत्रले आफ्नो उम्मेदवार बिरलै चयन गर्न पाउँछ । केन्द्रले उम्मेदवार मनोनयन गर्ने पद्धति हावी हुँदा स्थानीय तहले उक्त उम्मेदवारउपर स्वामित्व नै ग्रहण गर्दैन । केन्द्रले तोकेको उम्मेदवारको पक्षमा प्रचार प्रसार गर्न बाध्य दलका कार्यकर्ताले किन स्वयम् सेवक भएर प्रचार प्रसारमा सहभागी हुने ? त्यस्तो अवस्थामा निर्वाचन एक प्रकारको रोजगारीको अवसर साबित हुनु स्वाभाविक हो । प्यारासुटबाट अवतरण गरेका उम्मेदवार पनि विनाखर्च कार्यकर्ताहरूले सहयोग गर्दैनन् भन्ने मनोविज्ञान पीडित नै हुन्छन् ।

सरकारको भूमिका तटस्थ होस् भन्ने कामना सबैले गर्छन् । बिडम्बना यो छ कि, दलका नेता कै नेतृत्वमा गठन भएको सरकार तथा उक्त सरकारमा सामेल भएका मन्त्रीहरू विभिन्न गुटका नेता हुने पारिपाटीमा दलीय स्वार्थहितलाई सरकारले कसरी बिर्सने ? सार्वजनिक खर्चको चरम दुरुपयोग गर्दै सरकार सञ्चालकहरू निर्वाचनको पक्ष विपक्षमा प्रचारबाजी गर्न जाने प्रचलनलाई रोक लगाउन निर्वाचन आयोगले गरेको अनुरोधको सधैँ उल्लङ्घन भएकै हुन्छ । बिनावस्त्र पहिरिएर निर्वाचन क्षेत्रमा समर्थक कर्मचारी तथा सुरक्षाकर्मी परिचालन गर्ने पद्धतिको अन्त्य गर्न पनि आखिर राजनीतिक सहमति कै आवश्यकता छ ।

निर्वाचनको समय मतदाताले तीन किसिमको चरित्र प्रदर्शन गर्छन् । प्रथम, राजनीतिक दलप्रति आस्था राख्ने मतदाताहरू दलीय उम्मेदवारको पक्षमा मतदान गर्न अग्रसर हुन्छन् । उनीहरूका लागि दलले तोकेको उम्मेदवारबाहेक

अन्य उम्मेदवारका विषयले मतलब नै राख्दैन । दोश्रो कित्तामा त्यस्ता मतदाताहरू हुन्छन् जो उम्मेदवारको मूल्याङ्कन गरेर मत दिन अग्रसर हुने गर्छन् । तेश्रो पंक्तिका मतदाताको लागि भने मतपत्रको मूल्यले नै प्रमुख भूमिका खेल्ने गर्छ । बिडम्बना, देशमा तेश्रो कोटीका मतदाताहरूको संख्या ठूलो छ । त्यसो हुनाको कारण चाहिँ गरिबी तथा राजनीतिक पात्रहरूले निर्वाचन अवधिको समापनसँगै निम्न आय भएका मतदातालाई बिर्सिदिने कार्यले गर्दा हो । सरोकार नै नराख्ने उमेदवारहरूमध्ये एकलाई चुन्दा जसले बढि नगद दिन्छ उसैले प्राथमिकता पाउनुलाई अस्वाभाविक कसरी मान्ने ?

स्थापित नियम कानून बमोजिम राजनीतिक दल सञ्चालन हुने हो भने धेरै समस्याहरू स्वतः निराकरण हुने देखिन्छन् । राजनीतिक दलहरू यदि नैतिक धरातलमा रहने हो भने आफूले सम्पादन गरेका कामहरूका लागि पारदर्शी हुनु अनिवार्य छ । स्थापित नियम कानून को पालना गर्ने हो भने पारदर्शिता बाध्यात्मक शर्त बन्छ । दलको आयव्यय निर्वाचन आयोगसमक्ष प्रस्तुत गर्नुपर्ने कानुनी प्रावधान छ । पेस गर्नु पर्ने प्रतिवेदनमा समावेस गरिएका खर्च तथा आय विवरणलाई राजनीतिक दलले अक्षरस पालना गरिदिने हो भने नेपाली निर्वाचन खर्चिलो हुन पाउँदैन ।

अन्ततोगत्वा निर्वाचन प्रणालीलाई सुधार गर्नका निमित्त गोहीले आँसु बगाएजस्तो गर्नुको बदलामा राजनीतिक पात्रहरूले इमानदारीताका साथ जवाफदेहिता तथा उत्तरदायित्व निभाउनुको विकल्प छैन । जबसम्म दलहरू सामूहिक संकल्प गरेर स्वच्छ निर्वाचनको पक्षमा खडा हुँदैनन् तबसम्म भ्रष्टाचार निवारणको विषय उठाउनु केवल सर्वसाधारण नागरिकलाई रनभुल्ल तुल्याउने सिबाय केही हुनेवाला छैन ।

**प्रमुख स्रोतः**

*Adhikari Ujwal, Election Finance and Government Expenditure in Nepal, Election Observation Committee*

*Election Observation Committee, Study on Election Finance Campaign Finance, published by Asia Foundation Nepal, 2018 Kathmandu*

*OECD, Financing Democracy: Funding Political Parties and the Election Campaigns and the Risk of Policy Capture, Paris, February 2016*

*Office of Democracy and Governance, Money in Politics Handbook: A Guide to Increasing Transparency in Emerging Democracies, US Agency for International Development, Washington DC, 2005*

*International Foundation for Electoral System, Election FAQs: Nepal, 2022 House of Representatives and Provincial Assembly Election, Nov 20, 2022*

*Arlington, VA 2022*

*रामेश्वर बोहरा, व्यवसायीको चङ्गुलमा विधायिका, सिंहदरवारदेखि संसदसम्मै स्वार्थद्वन्द, उकालो पौष २०७९*

■

# बहसमा निर्वाचन पद्धति र शासकीय स्वरूप



**प्रदिप पोखरेल**

अध्यक्ष, निर्वाचन पर्यवेक्षण समिति नेपाल

प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा नेपाली काँग्रेसको अगुवाइमा नेकपा माओवादी केन्द्र समेतको सहभागितामा सात दलीय गठबन्धन मिलेर चुनाव लडेका थिए । अर्कोतर्फ नेकपा एमालेको अगुवाइमा जसपा राप्रपासहित पाँच दलीय गठबन्धनले चुनावमा प्रतिस्पर्धा गरेको थियो । कुनै पनि दल वा गठबन्धनले सामान्य बहुमत नल्याएपछि सरकार बनाउन साना दलहरूको साथ लिनु पर्ने स्थिति बन्यो । संख्यात्मक रूपमा नेपाली काँग्रेसले सांसदको सिट बढि प्राप्त गरेको हुँदा उसकै नेतृत्वमा सरकार बनाउन सक्ने थियो । नेकपा माओवादी र नेपाली काँग्रेसका अध्यक्ष पुष्पकमल दाहाल र शेरबहादुर देउवा आलो पालो प्रधानमन्त्री बन्ने सहमति भएपनि को पहिला प्रधानमन्त्री बन्ने भन्नेमा सहमति नबनेपछि शक्ति बाँडफाँडको विषय टुङ्गोमा नपुगी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल दोस्रो स्थानमा रहेको नेकपा एमालेका अध्यक्ष केपी ओलीसँग मिलेर संयुक्त सरकार बन्ने स्थिति बन्यो । पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउन सहमति भएपछि देउवा नेतृत्वको सात दलीय गठबन्धन टुट्न गयो । नेपाली काँग्रेसको नेतृत्वमा सरकार बन्ने अवसर गुमेपछि नेपाली राजनीतिको मोड एकाएक बदलियो र "यू टर्नको" अवस्थामा पुग्यो ।

२०७९ पुस १० मा निवर्तमान प्रधानमन्त्री देउवा नेतृत्वको गठबन्धन बीचको शक्ति बाँडफाँडको वार्ता टुटेपछि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल नेकपा एमाले नेतृत्वको नयाँ गठबन्धनको सहयोग र प्रस्तावमा प्रधानमन्त्री भए । नेकपा माओवादी केन्द्र, नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूसहित आठ सदस्य मन्त्रिपरिषद गठन भयो । जनमत पार्टी, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी र तीन स्वतन्त्रसहित वेस्टमिनिस्टर प्रणालीमा आधारित संसदीय लोकतन्त्रको ४४ औँ प्रधानमन्त्री नेपाली जनताले पाए । तर, विश्वासको मत दिनु पर्ने वैधानिक व्यवस्था रहेको कारण प्रधानमन्त्री प्रचण्डले संसदमा अत्यधिक बहुमत (९९.२५०%) सहित विश्वासको मत प्राप्त गरे ।

दलहरू र स्वतन्त्र सदस्यहरूले सामान्यतया आफ्नो नीति तथा कार्यक्रमको पक्षमा र विधायीकी बिलहरूमा विवेकमा मतदान गर्ने अधिकार राख्दछन् । प्रधानमन्त्रीका लागि प्रतिपक्षी दलसमेत नरहेको वर्तमान अवस्थामा सरकारको नेतृत्व गर्न र साझेदारी दलहरूको विश्वास कायम राख्न निकै कठिन छ भन्ने कुरा राजनीतिक विश्लेषकहरू बताउँछन् ।

मुलुकको संघीय लोकतन्त्रको स्थायीत्व र विकासका लागि निर्वाचन प्रणालीमा विभिन्न समस्याहरू देखिएका छन् । लामो संघर्ष पश्चात देशमा परिवर्तनहरू हुँदै गएका छन् । २०१७ सालको परिवर्तन २०३५/०३६ सालको संघर्ष ०४५/०४६ सालपछिको पहिलो जनआन्दोलन तथा १० वर्षे सशस्त्र द्वन्द, २०६२/०६३ सालको जनआन्दोलन पश्चात् मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । त्यो शासन व्यवस्थालाई स्थायित्व प्रदान गर्नका लागि २०६४ चैत्र २८ गते पहिलो संविधान सभा सम्पन्न भयो तर त्यस संविधान सभाले संविधान निर्माण गर्न नसकेपछि भएको २०७० मा दोस्रो संविधान सभा सम्पन्न भयो । यसपछि नेपालको संविधान २०७२ जारी भयो । त्यो संविधान अन्तर्गत मुलुकमा दुईवटा आम निर्वाचनहरू सम्पन्न भइसकेका छन् । पहिलो आम निर्वाचन २०७४ मा र दोस्रो आम निर्वाचन २०७९ साल मंसिर ४ गते क्रमशः स्थानीय तह तथा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । आजको अवस्थासम्म आइसक्दा मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्र अंगिकार गर्‍यो । यस अन्तरगत समावेशी र समानुपातिक प्रतिनिधित्व, धर्म निरपेक्षता, संघीयता, स्थानीय तह प्रदेश सभा र प्रतिनिधि सभा गरी तीन तहको शासन प्रणाली र यसका आधारमा तीन तहका सरकारहरू निर्माण भए । त्यसलाई स्थायित्व प्रदान गर्ने क्रममा धेरै समस्या र बाधा अडकाउहरू देखा परेका छन् । मुलुकले अंगिकार गरेको यो शासकीय स्वरूप अनुसार दुई तहको संसद रहेको छ । एउटा प्रतिनिधि सभा र अर्को राष्ट्रिय सभा । त्यसमा प्रतिनिधित्व गर्ने प्रक्रिया पनि दुई किसिमका छन् एउटा समानुपातिक र अर्को प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुने । यो शासन व्यवस्था अन्तर्गत पहिलो हुने दलले सरकार बनाउने प्रावधान छ । कसैले पनि बहुमत ल्याउन नसकेमा दुई वा दुईभन्दा बढी दलहरू मिलेर सरकार बनाउने प्रक्रिया छ । जसअन्तरगत भरखरै अहिले २०७९ मंसिर ४ गते सम्पन्न भएको निर्वाचनमा कुनै पनि दलले बहुमत ल्याउन नसक्दाको अवस्थामा संविधानमा व्यवस्था भएको दुई वा दुईभन्दा बढी दलहरूले सरकार बनाउने प्रक्रिया अगाडि बढेर अहिले सरकार बनेको अवस्था छ । मुलुकको निर्वाचन प्रणालीको विषय साथै संघीय लोकतान्त्रिक गणतन्त्र र यसको स्थायित्व प्रदान गर्ने थुप्रै कुराहरूमा ध्यान दिनु पर्ने देखिन्छ । जस्तो समानुपातिक, समावेशी प्रतिनिधित्वको विषय, यसमा जातीय प्रतिनिधित्व, भाषिक प्रतिनिधित्व, लैङ्गिक प्रतिनिधित्व, धार्मिक प्रतिनिधित्व, त्यसपछि भूगोलको प्रतिनिधित्व जस्ता कुराहरू पर्दछन् । किनकी भूगोलमा पनि विविधताहरू छन, जस्तै कुनै भूगोलमा विकासका गतिविधिहरू अधिक भएका जिल्लाहरू तथा क्षेत्रहरू छन् । यसका साथै भौतिक रूपमा विकट जिल्ला र क्षेत्रहरू पनि छन् । ती सबैको प्रतिनिधित्व गर्ने कुरामा र समावेशी किसिमको संरचना बनाउने कुरामा अहिले पनि समस्याहरू रहेको देखिन्छ । यध्यपि संविधानले हाम्रो जनसंख्याको आधारमा मधेसीहरूको प्रतिनिधित्व, महिलाहरूको प्रतिनिधित्व, अझ महिलामा पनि मुस्लिम महिला, दलित महिला, मधेसी महिलाहरूको प्रतिनिधित्वको सुनिश्चित गरेको छ । यसका साथै, पुरुषमा पनि मुस्लिम, दलित, मधेसी, पिछडिएका जनजातिहरूको प्रतिनिधित्व, युवाहरूको प्रतिनिधित्व आदि व्याख्याहरू गरेको छ । तर, त्यो व्याख्या अनुसार पनि तत् -तत् ठाउँमा तोकिएका संख्यामा प्रतिनिधिहरू ती समुदायका क्षेत्रबाट भइरहेको अवस्था छैनन् । यसो हुनाको कारणबारे विश्लेषण गर्दा शासकीय स्वरूप र निर्वाचन प्रणाली दुवैतर्फ नै समस्याहरू भएको पाइन्छ । पहिलो कुरा त प्रणालीमा स्पष्ट रूपमा तोकिएको छैन । जस्तै ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व भनेर भनियो । उक्त ३३ प्रतिशतमध्ये कति प्रतिशत प्रत्यक्षबाट र कति

प्रतिशत समानुपातिक प्रणालीबाट निर्वाचित हुने भन्ने कुरा प्रष्ट ढङ्गबाट तोकिएको छैन । त्यो नतोकिएको अवस्थामा पहिलो प्रत्यक्षमा चाहिँ पुरुषहरूकै संख्या बढि हुने र महिलाहरूको संख्या एकदमै न्यून हुने अवस्था सिर्जना भएको छ। ३३ प्रतिशत पुऱ्याउन बाँकी रहेको संख्या समानुपातिकबाट परिपूर्ति गर्ने अभ्यास राजनीतिक दलहरूले गर्ने गरेका छन् । यसरी समानुपातिकबाट मात्रै परिपूर्ति गर्दाखेरी त्यहाँ आउने समस्या भनेको मुस्लिम दलित र पिछडिएका समुदायबाट प्रतिनिधित्वको संख्या कम हुँदै जाने हो । समानुपातिकको कोटामा नेताहरूका परिवार, आफन्तहरू चयन हुने देखिएको छ। अर्कातिर मुलुकमा वर्तमान अवस्थामा जस्तो किसिमको निर्वाचन पद्धतिलाई अङ्गिकार गरिएकोछ त्यसले कुनै एउटा दलको बहुमत आउन सक्ने सम्भावना न्यून देखिन्छ। पहिलो चोटिको निर्वाचनमा बाम शक्तिहरू एकजुट भएर निर्वाचनमा जाने कुरा गर्दाको अवस्थामा बहुमत ल्याएको देखिन्छ। त्यो भनेको क्षणिक एउटा चुनावका लागि विभिन्न दलहरू मिलेर राज्य सत्ता कब्जा गर्ने उद्देश्यसहित भएको कारणले देखियो । तर, त्यो गठबन्धनकै कारणले बहुमत आउने भन्ने कुरा अहिले भरखर सम्पन्न भएको निर्वाचनमा असफल भएको देखियो । त्यसैले, स्पष्टरूपमा हेर्दा दलहरू छुट्टाछुट्टै लड्दा वा मिलेर लड्दा कुनै एक दलको स्पष्ट बहुमत आउन नसक्ने देखियो । निर्वाचन प्रणालीको कारणले उत्पन्न यो गम्भीर प्रकृतिको समस्या हो । त्यसकारण अब, यस्तो प्रकारको शासन पद्धतिले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्व र यसलाई संस्थागत गर्ने कुरामा यसले समस्याहरू उत्पन्न गर्दछ । जस्तै विद्यमान अवस्थामा विभिन्न दलहरू मिलिजुली सरकार बन्दा संघीयता विरोधीहरू सरकारमा आए । प्रदेश सभा चाहिदैन भन्नेहरू पनि सरकारमा गए । राजा चाहिन्छ भन्नेहरू पनि सरकारमा आए । हटाइसकेका राजालाई पुनर्स्थापना गर्ने सोच भएकाहरू अथवा गणतन्त्रको विकल्पको रूपमा राजतन्त्र चाहिन्छ भन्नेहरू सरकारमा भए । आन्दोलन गरेर गणतन्त्र ल्याउनेहरू पनि यही सरकारमा रहेको अवस्था छ। यस अवस्थामा प्रतिपक्ष शुन्यताको घेराबन्दीमा पर्न गयो । यो ढङ्गको शासन पद्धतिले सरकारमा सम्बद्ध भएका दलहरूको गठजोड कति समयसम्म चल्छ भन्ने आशङ्काहरू उब्जाएको छ। यस्तो अवस्थामा सहकार्य गर्ने स्थिति सहज नहुन सक्छ र संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व दिने काममा कम ध्यान दिने स्थिति सिर्जना हुन सक्छ। यी उल्लेखित समस्याहरूको निराकरण कसरी गर्न सकिन्छ त ? समाधान नै हुन नसक्ने समस्याहरू हुँदैनन् । अझ विश्वमा थुप्रै राजनीतिक पद्धतिहरू तथा निर्वाचन पद्धतिका अभ्यासहरू भएका छन् । तिनीहरूले निकालेका परिणामहरू पनि हेर्न र सुन्न पाएका छौँ । यस्तो स्थितिमा अब हामीले यस विषयमा बहस र छलफलको सुरुवात गरिहाल्नु पर्दछ। आवधिक निर्वाचन भनेको पाच-पाँच वर्षमा हुने गर्दछ। भरखरै हाम्रो निर्वाचन सम्पन्न भएको छ। यो अर्को निर्वाचनका लागि चार वर्षसम्म पर्याप्त गृहकार्य गर्न सक्ने सम्भावना छ। यसो हुँदा अब शासकीय स्वरूप र निर्वाचन प्रणालीका बारेमा बहस प्रारम्भ गर्नु पर्दछ किनभने त्यो एउटा पृष्ठभूमि तयार पनि भइसकेको छ। मुलुकमा अहिले नै ६ वटा दलहरू सरकारमा छन् । ती दलहरूको घोषणा पत्र हेर्दा विश्लेषण गर्दा चलिरहेको शासकीय स्वरूप र निर्वाचन पद्धतिको बारेमा कसैले पनि वकालत गरेका छैनन् । नेकपा माओवादीले शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको वकालत गरेको छ। निर्वाचन पद्धतिमा पूर्ण समानुपातिकको पक्षमा छ। एमालेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र सम्पूर्ण प्रत्यक्ष निर्वाचित संसद हुनु पर्दछ भनेको छ। उक्त दलले समानुपातिक प्रणाली नराख्ने भन्ने विचार राख्छ। राप्रपाले राजसंस्थाको पुनर्स्थापना गर्ने, धर्म सापेक्षता तथा हिन्दूराज्य स्थापना गर्ने कुरा गरेको छ। निर्वाचन प्रणालीमा प्रत्यक्ष राष्ट्रपतीय प्रणाली हुनु पर्दछ भन्ने सोचाइ राख्दछ। त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले संघीयताको बीचको अंश अर्थात् प्रदेश सभाको आवश्यकता नभएको विचार राख्ने गरेको छ। अथवा प्रदेश सभा नै खारेज गर्ने कुरा गरेको छ। यसैले यस पटकको प्रदेश सभाको निर्वाचनमा रास्वपाले भाग पनि लिएन र मतदान पनि गरेन । यसरी कुनै पनि राजनीतिक दलहरूले मुलुकमा विद्यमान शासकीय पद्धतिलाई

स्वीकार गरेको अवस्था छैन । यस अवस्थामा अब नयाँ पद्धतिमा जानु पर्दछ भन्ने विचारलाई अगाडि बढाउन आवश्यक छ । यस अनुसार ती दलहरूले राष्ट्रिय पार्टी हुनका लागि आवश्यक जनमत पनि प्राप्त गरेका छन् । संसदमा उनीहरूको उल्लेख्य प्रतिनिधित्व पनि भएको छ । राज्य सञ्चालनमा पनि उनीहरूको भूमिका हुन्छ । अब नेपालको सन्दर्भमा नयाँ शासकीय स्वरूप र नयाँ निर्वाचन पद्धतिमा जानुको विकल्प छैन । जुन मुलुकका लागि सुहाउँदो होस अथवा टिकाउ होस दीर्घकालिक होस । शासकीय पद्धति केवल प्रयोगात्मक अभ्यास मात्र गर्ने विषय नभएको हुनाले अबको चार वर्षसम्मको अवधिमा यस विषयमा संवाद गर्ने, बहस गर्ने, नीति संवाद गर्ने र नीति निर्माण गर्ने काम गर्नु आवश्यक छ । कस्तो किसिमको निर्वाचन पद्धति अपनाएमा हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रको परिकल्पना अनुसार समावेशी, समानुपातिक र सबैको प्रतिनिधिमूलक हुन सक्छ । सबैका लागि व्यवस्था सर्वमान्य हुन सक्छ । हाम्रो मुलुकको जातीय, भाषीय, सांस्कृतिक विविधताअनुसार सबैको प्रतिनिधित्व हुने गरी उक्त शासकीय पद्धति हुनु पर्दछ । यसैगरी उक्त शासकीय पद्धति स्थायी प्रकृतिको हुनु पर्दछ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाभन्दा अघि मात्र होइन यसपछि पनि नेपाली जनताले स्थिर सरकार पाउन सकिरहेका छैनन् । किन ? यो एउटा निर्वाचन पद्धति र शासकीय स्वरूपसँग जोडिएको प्रश्न हो । अर्को कुरा अहिलेसम्म स्थिर सरकार प्राप्त गर्न नसक्नुको कारण राजनीतिक दलहरूको पनि अनुभव तथा अभ्यासको कमीले हो । किनकी बहुमतको सरकार नभएको होइन । २०४७ मा बहुदलीय शासन व्यवस्था अनुसारको संविधान आयो । त्यही संविधानअनुसार २०४८ सालमा निर्वाचन भयो । त्यो निर्वाचनमा पूर्ण बहुमतका साथ नेपाली काँग्रेस शासनमा आयो । सरकार पनि बन्यो । त्यो सरकार पाँच वर्षसम्म टिक्न कुनै समस्या नै थिएन । बहुमत नेपाली काँग्रेसको थियो । अरू सबै दल एकातिर हुँदा पनि नेपाली काँग्रेस नै सबैभन्दा ठूलो पार्टी थियो । तर, काँग्रेसको आन्तरिक द्वन्द र समस्याको कारण उक्त सरकार टिक्न सकेन । प्रजातन्त्रको अभ्यासमा भएका कमी कमजोरीहरूको कारण ती समस्याहरू देखिए । परिणामस्वरूप काँग्रेसले बहुमतको सरकारलाई विघटन गरेर दुई तिहाइ बहुमतको सरकार बनाउछु भनेर मध्यावधि निर्वाचनमा गयो । तर, यस निर्वाचनमा उसले बहुमत पनि ल्याउन सकेन । वास्तवमा नेपालमा विकृत राजनीतिको सुरुवात त्यहीबाट भएको देखिन्छ । बहुमत कसैको पनि नपुग्ने यस्तो अवस्थामा बहुमत पुऱ्याउन संसद खरिद बिक्रीका अभ्यासहरू गरिए । सांसदहरूलाई प्रलोभन दिने जस्ता अभ्यासहरू गरिए । अर्कातिर निर्वाचन पद्धति पनि अहिलेको जति व्यवस्थित थिएन । एउटै मानिसले चार ठाउँमा मत हाल्ने गर्दथे । धेरै फर्जी मत खसाल्न सक्ने मानिसहरूले गौरव अनुभव गर्ने स्थिति बन्यो । त्यसबेलाको निर्वाचनमा एकै मानिसले धेरै पटक मत खसाएका घटनाहरू भए । यसका साथै उम्मेदवारहरू पनि सबै क्षेत्रबाट उठ्न पाउने व्यवस्था थियो । ती विकृतिहरूको कारण र लोकतन्त्रप्रतिको प्रतिवद्धता र त्यसमा गरिने अभ्यासका अनुभवहरूको कमी गर्दा ती समस्याहरू देखा परेका थिए । अहिलेसम्म पनि अस्थिर सरकार बन्ने परिवेशले निरन्तरता पाइरहेको छ । किनकी २०६२/०६३ को आन्दोलनपछि २०७२ सालमा संविधान बनाएर २०७४ मा निर्वाचन गरियो । यस निर्वाचनमा बामपन्थीहरूको झण्डै दुईतिहाइ बहुमत आयो । त्यसलाई पाँच वर्ष टिकाउन त्यस्तो केही समस्या थिएन । तर, फेरि पनि बामपन्थी दलको आन्तरिक कारणले गर्दा पुनः समस्या देखियो । तर शासन पद्धतिको विकासका क्रममा संविधानमै दुई वर्षभित्र सरकार बदलिने अथवा अविश्वासको प्रस्ताव ल्याउन नपाउने, दुई वर्षपछि पनि केही गरी अविश्वासको प्रस्ताव आयो तर पारित हुन सकेन भने फेरी एक वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने जस्ता प्रावधानहरू ल्याइए । मूलतः सरकारको स्थायित्वको लागि यी प्रावधानहरू राखिएका हुन् । यो एउटा सकारात्मक पक्ष हो । अबको दिनमा राजनीतिक दलहरूले गर्नु पर्ने काममा शासकीय पद्धति र निर्वाचन प्रणालीमा पनि केही सुधार तथा परिमार्जन गरेर एउटा दलको सरकार बन्ने र एउटा दलको सरकार पाँच वर्षसम्म टिक्न सक्ने

किसिमका आधारहरू कसरी तयार गर्ने भन्ने बारेमा सोच्नु पर्ने हुन्छ । त्यसमा मूलतः प्रतिनिधित्व र समावेशीका विषयलाई पनि सँगसँगै जोडेर जानु पर्दछ। त्यसैको लागि वैज्ञानिक ढङ्गबाट नेपालको शासकीय स्वरूप र निर्वाचन पद्धतिलाई निर्धारण गर्नका लागि विज्ञ समूहसँग बसेर लामो बहस, छलफल, अन्तरक्रिया, संवाद, गर्नु पर्दछ । जनप्रतिनिधिहरूसँग छलफल गरेर आगामी पाँच वर्ष मा एउटा नयाँ निर्वाचन पद्धति र नयाँ शासकीय स्वरूपको निर्माण गरेर निर्वाचनमा जान सक्ने ठाउँ छ ।

मुलुकमा सञ्चालन हुने अस्थिर सरकारबाट सुशासन, आर्थिक संवृद्धि र विकासमा नराम्रो प्रभाव पर्दछ । यी प्रभावहरू विशेषतः सुशासन र आर्थिक विकासमा पर्दछन् । निर्वाचन पद्धति सही भएन, शासकीय स्वरूप सही भएन जसको कारणले सरकार निरन्तर पाँच वर्षसम्म टिक्न नसक्ने अवस्था सिर्जना हुन्छ। जसले गर्दा मध्यावधि हुने र बीचैमा दलहरू परिर्वतन भएर सरकार बन्ने अवस्थाहरू सिर्जना हुने हुँदा अहिले नेपालको संविधान २०७२ ले गरेको व्यवस्थामा प्रधानमन्त्रीले संसद विघटन गर्ने र मध्यावधिमा जाने किसिमका प्रावधानहरू राखेको छैन । यसले गर्दा विगतमा गिरिजाप्रसाद कोइरालाले विधटन गरेको वा मनमोहन अधिकारीले विघटन गरेको या शेर बहादुरले विघटन गरेको जस्ता घटनाहरू पुनरावृत्ति भई मध्यावधिमा गइहाल्नु पर्ने स्थिति छैन । यस अवस्थामा संविधानले सुधार ल्याएको छ। अहिले पनि संविधानतः पहिले एउटा बहुमत ल्याएको दलले सरकार बनाउने, त्यो हुन सकेन भने दुई वा दुईभन्दा बढि दलहरूको सरकार बनाउने, यो पनि हुन सकेन भने सबैभन्दा ठूलो दलले सरकार बनाउने, अनि एक महिनाभित्रमा विश्वासको मत लिने । यो पनि हुन नसकेको अवस्थामा मात्रै राष्ट्रपतिबाट अर्को निर्वाचनका लागि आव्हान गर्ने प्रावधानहरू छन् । त्यसकारण यी प्रावधानहरूले पनि एउटै कार्यकालमा दुईपटक तीनपटक मध्यावधि हुने अवस्थाबाट रोकिएको छ । तर, सँगसँगै अहिले सम्पन्न भएको निर्वाचनको उज्याला पक्षहरू पनि छन् । केही नयाँ दलहरू परिवर्तन, विकास, सुशासनका विषयलाई उठाउदै निर्वाचित भएका छन् । नयाँ युवाहरूको शक्ति स्थापित भएको छ। यसले नेपालको राजनीतिमा एउटा आशाको किरण देखाएको छ। यसले गर्दा पुरानो शक्तिलाई पनि त्यतातिर डोऱ्याएर सुशासन, र पद्धतिबद्ध विकास गर्नेतिर दिशानिर्देश गरेको छ। तीनै दलहरू पनि हुँदाको अवस्थामा स्थिर सरकार भएन भने यसले समस्याहरू खडा गर्ने र सुशासन र आर्थिक विकासमाथि असर गर्ने कुराहरू हुन सक्छन् । त्यसैले पनि यति सकारात्मक र उज्यालो पक्ष हुँदा हुँदै पनि निर्वाचन प्रणाली र शासकीय स्वरूपमा भएका कमी कमजोरीहरूलाई सँगसँगै सुधार गरेर लैजानु पर्ने देखिन्छ। यसरी स्थायित्व र स्थिर सरकार निर्माण गर्ने बाटोमा जान सकिन्छ । नयाँ युवाहरू नयाँ राजनीतिक दलहरूको जोश र जाँगरको कारणले गर्दा हाम्रो जस्तो मुलुकमा चाँडै सुशासन र विकासको लहर आउन सक्ने सम्भावनाहरू देखिएका छन् । सुशासन र विकासतर्फ पुराना ठूला दलहरूको रुझान र प्रतिवद्धताले केही आशाका किरण सञ्चार भएको प्रारम्भीक आशा नेपाली जनतामा पलाएको त छ तर स्थायित्वको विषयमा विश्वास भने जागेको छैन । यो नै अहिलेको सरकार र दलहरूको मुख्य चुनौती हो ।

■

# निर्वाचनमा समावेशिता



**मोहना अन्सारी**

नेपालमा लोकतन्त्रसँग जोडिएको आन्दोलनको इतिहासलाई केलाउँदा त्यसमा समग्र जातजातिको योगदान र उपस्थिति समानरूपमा रहेको देखिन्छ । तर, आन्दोलन पछिका परिवर्तन गर्ने र अधिकार बाँडफाँडको सवालमा भने समावेशीकरण वा सबैको सहभागीता भएको देखिदैन । वस्तुतः समग्रमा नेपालको राज्यसत्तामा जातजातिको समिश्रण बिरलै देखिन्छ भने अर्कोतर्फ अधिकार प्राप्तिका लागि उठाएको आवाज पनि प्रजातान्त्रिक एवं लोकतान्त्रिक आन्दोलन जतिकै लामो छ । लोकतन्त्रसँग जोडिएको प्रत्येक आन्दोलनसँगै विविध पहिचान बोकेका समुदायको समावेशीकरणको माग एवं कार्यसूचीको स्वरूप र मुद्दाहरू २०६२।२०६३ को आन्दोलनसम्म आइपुग्दा निकै बृहत्त र परिमार्जित भएको थियो । दुवै पटकको संविधान सभा निर्वाचनमा देखिएको परिणाम र तत्पश्चातको लामो असन्तुष्टिको आन्दोलनको प्रतिविम्ब नेपालको संविधान २०७२ जारी गर्दा पनि नदेखिएको होइन । यसरी असन्तुष्टि र चुनौतीका बाबजूद पनि नेपालले लोकतान्त्रिक प्रकृयालाई आत्मसात गर्दै आवधिक निर्वाचन प्रकृयालाई नियमित सञ्चालन गर्दै आएको कुरा नकार्न सकिदैन । यो नै लोकतन्त्रको सुन्दर पक्ष हो । हालको व्यवस्थालाई हेर्दा केही आशा गर्ने ठाउँ छ ।

निर्वाचनमा समावेशीकरणको बारेमा भएका पछिल्ला प्रगतिहरूबाट कुराको उठान गर्नु उपयुक्त हुन्छ । निर्वाचनको मिति नजिकिदै गर्दा आमरूपमा दलहरूमाथि समावेशीताको सिद्धान्तलाई व्यवहारिक रूपमा लागू नगरेको आरोप पनि लाग्यो । निर्वाचनको परिणाम आउँदासम्म केही सत्यता पनि उजागर भएको छ । जस्तै, समुदाय विशेषको प्रतिनिधित्व घट्नु अहिले चिन्ताको विषय बनेको छ । समुदाय विशेषको प्रतिनिधित्व कसरी घट्यो भन्ने कुरामाथि गहन छलफलमा हुनु पर्छ । स्थानीय निर्वाचनको उम्मेदवारीमा दलहरूले “स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पद मध्ये कुनै एक पदमा महिलाको उम्मेदवारी दिने भन्ने निर्देशन गरेको थियो । तर, त्यसको केही समयपछि राजनीतिक दलहरूले निर्वाचन आयोगको विरोध गर्न सुरू गरे र निर्वाचन आयोग दलको विरोध कै कारण आफूले गरेको निर्णयबाट पछि हटेर सम्बन्धित कानुनी प्रावधान सच्याउन बाध्य भयो । यसबाट संविधान

एवं कानून मा लेखिएको कुरा भन्दा राजनीतिक दलको विरोधले स्थान पाउँछ भन्ने कुरा प्रमाणित भयो ।

निर्वाचन आयोगको उक्त संशोधनको परिणाम स्थानीय तहको प्रमुख र उप प्रमुख वा अध्यक्ष र उपाध्यक्ष पद मध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलालाई उम्मेदवार मनोनयनमा प्राथमिकता दिएन र कतिपय ठाउँमा पुरुषहरू नै स्थानीय तहमा प्रमुख र उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पदमा निर्वाचित भए र महिलाको मनोनयन गर्नु पर्ने बाध्यात्मक व्यवस्थालाई हटाई राजनीतिक दलहरूको चुनावी तालमेल (गठबन्धन) गरेर जाने बाटो खोल्यो जसको कारण गठबन्धनले कुनै पालिकामा आफ्नो उम्मेदवारलाई मनोनयन गर्दा गठबन्धनबाट नै पालिका प्रमुख र उप प्रमुख वा अध्यक्ष र उपाध्यक्ष मध्ये एउटा पदमा महिला अनिवार्य गर्नुको सट्टा प्राथमिकतामा राख्ने भन्ने त्रुटीपूर्ण निर्णय गर्‍यो । यदि कुनै एक पदमा मात्रै मनोनयन गर्ने हो र उक्त पदमा पुरुष मात्रै मनोनयन दर्ता गर्ने हो भने महिलाहरूको प्रतिनिधित्व घट्ने भई महिलाहरूमाथि स्वभाविक रूपमा अन्याय हुन् जान्छ। सदियौँदेखि बञ्चितीकरणमा पारिएका महिलाहरूलाई क्षतिपूर्ति स्वरूप भए पनि विशेष व्यवस्था गर्नुको सट्टा संविधान र स्थानीय तह निर्वाचन ऐन २०७५ को दफा १७(४) को बाध्यकारी व्यवस्थालाई समेतलाई नजरअन्दाज गरियो । परिणामस्वरूप महिलाहरूको पालिकाको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदमा निर्वाचित हुने अधिकारमा समेत कुठाराघात भयो । संवैधानिक तथा कानुनी व्यवस्थालाई बेवास्ता गरेर गरिएको यो अभ्यासको असर पछिल्लो समय प्रतिनिधिसभा एवं प्रदेशसभामा देखियो ।

## समावेशीतासम्बन्धी संवैधानिक व्यवस्था

महिलाहरूको लागि नेपालको संविधानको धारा १८ समानताको हक, धारा ३८ महिलाको हक, र धारा ४२ सामाजिक न्यायको हक एंव स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७ (४) उपदफा (१) बमोजिम मनोनयन पत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष प्रमुख र उप प्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उप प्रमुख मध्ये पच्चास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने बाध्यकारी व्यवस्था गरेको छ सो व्यवस्थामाथि नै कुठाराघात गरे जसको असर प्रत्यक्षरूपमा महिलाहरूको उम्मेदवार हुन पाउने अधिकारमाथि पर्‍यो । अर्कोतर्फ राजनीतिक दलले माहिलालाई उम्मेदवार मनोनयनमा प्राथमिकता दिने भन्ने उल्लेख गरेको अवस्था छ जसकाकारण उक्त पदहरूमा महिलाको प्रतिनिधित्व पच्चास प्रतिशतभन्दा कम भई महिला प्रतिनिधित्व बिस्तारै न्यून हुने देखिन्छ।

नेपालको संविधानको धारा १८ ले समानताको हकको प्रत्याभूति गरेको छ र उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था छ । यसैगरी उपाधारा (२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक, अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएको व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त, वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न भनेको छ ।

## समावेशिता/समानताको अवधारणा

समानतालाई लिएर विभिन्न बहस र छलफलहरू भइरहेका छन् । आखिर किन र कसका लागि समानताको आवश्यकता हो पहिले यो बुझ्नु आवश्यक छ । समानताको अधिकार एक सकारात्मक अवधारणा (Positive Concept) हो । जसको प्रचलन (Conforcement) कुनै नागरिक वा अदालतभन्दा पनि सिङ्गै राज्यद्वारा गराइन्छ र जसको जिम्मेवारी राजनीतिक दलले पनि बहन गर्नु पर्ने हुन्छ । अधिकार विशेषाधिकार/सुविधा तथा कानुनी हैसियतहरूमा सबै मानिस कानूनको अगाडि समान हुन्छन् भन्ने मान्यतामा समानताको अधिकारमा आधारित छ । यो अवधारणा आर्थिक तथा सामाजिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित छ । समान आदर र चासोको सिद्धान्त (The Principle of Equal Concern and Respect) प्रसिद्ध विधिशास्त्री रोनाल्ड डोरकिनले प्रतिपादन गरेका थिए ।

उक्त सिद्धान्तले दुईवटा कुरामा जोड दिन्छ । पहिलो, मानवीय प्रतिष्ठाको व्यवहार, अर्थात, राज्यले प्रत्येक व्यक्तिलाई समाजको पूर्ण सदस्यको रूपमा व्यवहार गर्नुपर्दछ र दोस्रो, राजनीतिक समानताको व्यवहार, अर्थात समाजको सबल वा निर्बल प्रत्येक सदस्यले उसको आफ्नो राज्यबाट समान आदर र चासो प्राप्त गर्ने अधिकार राख्दछ । अतः समान आदर र चासोको सिद्धान्त अनुसार राज्यले अन्य समुदायका व्यक्ति सरह अल्पसंख्यक तथा सीमान्तकृत वर्ग/समुदायका मानिसहरूको सम्मान र चासोलाई समान रूपमा ध्यान दिनु पर्दछ । समानताको अधिकारसम्बन्धी दोस्रो अवधारणा सकारात्मक अवधारणा हो । यस अवधारणा अनुसार एउटा मात्र कानून सबै अवस्थामा व्यक्तिहरूमा एकैनास लागू हुँदैन ।

एउटा राज्यभित्र एउटा कानून को सर्वव्यापी प्रयोग (Universal application) हुनु भनेको परिस्थितिको फरकपनलाई आत्मसाथ नगर्नु हो भन्ने यस अवधारणाको मान्यता हो । अतः यसले समानहरूका बीचमा असमानता (Equality Among Uneqals) खोज्दछ, तर असमानहरूका बीचमा समानता (Equal Among Unequal) खोज्दैन । अर्को शब्दमाभन्दा पिछडिएको वर्गका समुदायका मानिसहरूका लागि राज्यले समान अवस्थाको वर्ग वा समुदायको पहिचान गर्न उचित वर्गीकरणको सिद्धान्त (Doctrin of reasonable classification ) अवलम्बन गर्दछ । तथापि, राज्यको अन्तिम लक्ष्य समानता नै हो । समान अवस्थामा समान व्यवहार यसको मूल ध्येय हो । यसो नगरेमा यान्त्रिक समानताले अन्यायलाई प्रश्रय दिन्छ । उस्तै अवस्थामा (Same Footing Doctrine) कानून को समान संरक्षण केवल सारवान कानून को हकमा मात्रै नभई कार्यविधिगत कानूनमासमेत समानरूपमा लागू हुन्छ । अनुसूचीकृत जाति, समुदाय र वर्ग यसका मुख्य सरोकारवाला हुन् भन्ने व्यवस्था छ ।

सारवान समानताको मुख्य उद्देश्य समाजको सक्षम र असक्षम, सबल र निर्बल, शिक्षित र अशिक्षित, धनी र गरिब, सहाय र असहाय, साङ्ग र अपाङ्ग, महिला र पुरुष अनि यस्तै अन्य आधारमा रहेको सारवान असमानतालाई हटाई सारवान रूपमा नै समानता कायम गर्नु रहेको छ । यसका लागि महिला, दलित, आदिवासी, जनजाति, तराईवासी, मधेशी, किसान, मजदुर, वा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग, क्षेत्र, बालक, बृद्ध, तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानून द्वारा विशेष व्यवस्था गर्नु पर्दछ भन्ने यस सिद्धान्तले जोड दिन्छ ।

नेपालको संविधानको प्रस्तावनामा “बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एंव प्रबर्धन गर्दै, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको

अन्त्य गरी आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै भन्ने उल्लेख गरिएको छ । यसरी नेपालको संविधानको प्रस्तावनाले समानुपातिक सामवेशी र सहभागितामूलक सिद्धान्तलाई पूर्णरूपमा अङ्गीकार गरेको अवस्था छ ।


## निष्कर्ष

नेपालजस्तो असमान सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था रहेको देशमा समानता र समतामूलक समाजको निर्माण गर्नका लागि निर्वाचन र निर्वाचित हुने अधिकारको सुनिश्चितता बेगर यो सम्भव छैन र त्यसका लागि राजनीतिक इमान्दारीता पहिलो खुड्किलो हो ।

*(लेखक राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानवअधिकार आयोगको पूर्व सदस्य हुनुहुन्छ ।)*

▪

# निर्वाचन आचारसंहिताः कार्यान्वयनमा प्रश्न



**प्रा. डा. विरेन्द्र प्रसाद मिश्र**

निर्वाचन आचारसंहिताको इतिहास निर्वाचनको ईतिहासजस्तो लामो छैन, किनकी निर्वाचन बेगर लोकतन्त्रको कल्पना गर्न सकिदैन तर आचारसंहिताबेगर पनि स्वच्छ निर्वाचन सम्भव हुन्छ । नेपालको पहिलो लोकतान्त्रिक निर्वाचन २०१५ सालमा भएको थियो र त्यसबेला निर्वाचन आचारसंहिता बनेको थियो कि थिएन एकिन साथ भन्न गाह्रो छ । त्यसबेला हाम्रो छिमेकी मुलुक भारतमा पनि निर्वाचन आचारसंहिता थियो कि थिएन त्यो पनि भन्न गाह्रो छ तर वर्तमानमा लागू भएको आचारसंहिता एउटा आदर्श संहिता हो जसलाई सबै दलले सहर्ष पालना गर्दछन । यो एउटा नैतिक बन्धन हो कानूनी हैन ।

निर्वाचन आचारसंहिता बनाउनको मुख्य उद्देश्यहरू निम्न छन् ः

१. निर्वाचनलाई निस्पक्ष र स्वतन्त्र बनाउनु,

२. निर्वाचनलाई कम खर्चिलो र तडकभडक बिहिन बनाउने,

३. निर्वाचनलाई अनुचित प्रतिस्पर्धा र सत्ता दुरूपयोगबाट मुक्त राख्ने,

४. जन साधारणको सामान्य जीवन र अधिकारमा खलल नपर्नेगरी निर्वाचन गराउने,

५. निर्वाचन संचालन तथा प्रचार प्रसारलाई स्वतन्त्र र मर्यादित रूपमा गराउने,

६. आचारसंहिताको स्वतः क्रियाशील बनाउने, आदि ।

लोकतन्त्रको पूर्नस्थापनापछि भएको प्रथम निर्वाचन २०४८ सालमा आचारसंहिता एउटा आदर्श संहिता थियो जुन संक्षिप्त रूपमा थियो । मध्यावधि निर्वाचन २०५१ मा लागुगरिएको आचारसंहिता करिबकरिब २०४८ सालको जस्तो नै थियो । विकासशिल मुलुकहरूमा लोकतन्त्रलाई शासकीय प्रणालिको रूपमा अंगालिएका थिए, निर्वाचनलाई स्वतन्त्र र निस्पक्ष बनाउने काम चुनौतिपूर्ण नै थियो । शासनमा रहेका राजनीतिक दलले जहिले पनि आफै सत्तामा रहिरहने मानसिकता बोकेकोले सत्ताको दुरुपयोग गरी सत्तामा बनिरहने प्रयास गर्न थाले । हुनतः संवैधानिक निकायको रूपमा निर्वाचन आयोगलाई स्थापना नगरिएको हैन तर त्यसले स्वतन्त्र र निस्पक्ष निर्वाचन गराउन नसकेकोले विभिन्न मुलुकहरूले निर्वाचन आचारसंहितलाई वैध र कानुनी संरचना बनाउन थालेको परिप्रेक्ष्यमा नेपालले पनी सम्बन्धित ऐनमा संसोधिन गरी आचारसंहितालाई निर्वाचन मिति घोषणा भएदेखि लागू हुने गरी कानुनी अधिकार आयोगलाई दियो । त्यसै अनुरुप निर्वाचन आयोगले आचारसंहिता २०५३ जारी गऱ्यो र २०५६ सम्मको आम निर्वाचन त्यसै अन्तर्गत सम्पन्न भएको थियो ।

२०७९ सालको आम निर्वाचनको सन्दर्भमा निर्वाचन आयोगले भाद्र १३ गते निर्वाचन आचारसंहिता राजपत्रमा प्रकाशित गरेको थियो र असोज १२ देखि सो लाई लागू गरेको थियो । जबकी निर्वाचनको मितिको घोषणा श्रावन १९ गते नै भएको थियो । आचारसंहितालाई ढिलो लागू गरेको अर्थ के थियो भने सत्तामा रहेका दलहरूलाई नयाँ-नयाँ परियोजनको शिलान्यास, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखलाई दलहरूको रोजाइअनुसार सरुवा गर्न अवशर दिनु थियो । निर्धारित बजेटबाट रकमहरूको रकमान्तर गरि सत्तामा रहेका दलहरूको हितमा प्रयोग गर्न दिने अवसर प्रदान गर्नुले अनुचित प्रतिस्पर्धालाई प्रोत्साहन दिने हो ।

हुनतः निर्वाचन आयोग ऐन २०७३ को दफा २२ (३) मा पुरानो ऐनको प्रावधान "निर्वाचन घोषणा भएको मिति देखि आचारसंहिता लागू हुने" हटाएको तर त्यसलाई निषेध गरेको थिएन । यदि आयोगले त्यसलाई लागू गरेको खण्डमा त्यो पक्कै कानून विपरित हुने थिएन र श्रावण १९ गते देखि असोज १२ गते बिचका ५५,६० दिनसम्म सत्ताधारी दलले आफूखुसि निर्वाचनको शुद्धता र निष्पक्षतालाई धमिलो पार्न सक्दैनथ्यो ।

आचारसंहिताको मूख्य उद्देश्य स्वतन्त्र र निस्पक्ष निर्वाचनको लागि निर्वाचनको मैदानलाई सबैको लागि समथल वा एकनाश बनाउने नै हो । सत्तामा बसेकाले सकेसम्म राजकिय सत्ताको दुरुपयोग नगरुन भन्ने मूख्य उद्देश्य राखि निर्वाचनलाई कम खर्चिलो र राजकीय प्रभावलाई मुक्त राख्ने विचारले आचारसंहिता जारी गर्नुपर्ने परम्परा सुरुवात भएको थियो ।

## आचारसंहिताको बनोट

२०४८ साल र २०५१ सालका आचारसंहिताहरू छोटो थियो तर २०५३ सालको आचारसंहिता केही लामो बनेको थियो । त्यसको मूख्यकारण प्रचारप्रसारको खर्चलाई ७५ वटा जिल्लालाई ४ भागमा बाँढी खर्च सीमा निर्धारित गरिएको थियो र खर्चलाई पनि विभिन्न शीर्षक अन्तर्गत सिमित पारी उम्मेदवारहरूलाई खर्चको विवरण राख्न सजिलो पारेको थियो । हालै सम्पन्न संघिय प्रतिनिधि सभा, प्रदेश सभाको निर्वाचनताका जारी गरिएको आचारसंहिता बढि नै लामो भएकोले त्यसको कार्यान्वयनमा कठिनाई आउनु स्वभाविक हो । उम्मेदवारहरूलाई वा तिनका प्रतिनिधिलाई पुरै आचारसंहिताको पाठ र अध्ययन पक्कै गाह्रो भएकोले त्यसलेपनि आचारसंहिताको कार्यान्वयनलाई चुनौतिपूर्ण बनाएको थियो । हुनतः विभिन्न ऐनहरूमा प्रचारप्रसारको प्रक्रियामाथि कानुनी बन्देज र

दण्ड सजायको व्यवस्था नगरेको हैन । तरपनी विभिन्न प्रावधान राखेर आचारसंहितालाई लामो बनाउनु सट्टा छोटो या संक्षिप्त बनाउनु बान्छनीय देखिन्छ ।

निर्वाचन आचारसंहिता बनाउने बेला व्यवहारिकतालाई पनि हेर्न पर्दछ । जस्को व्यवस्था निर्वाचन आचारसंहितामा नभएको देखिन्छ । एउटा क्षेत्रको उम्मेदवार अर्को क्षेत्रमा नजाने जस्ता प्रावधानले आचारसंहिताको व्यवहारिकतामाथि प्रश्न उठाउँदछ ।

निर्वाचन प्रचारप्रसारको खर्चको अनुगमनको लागि व्यवहारिक भएर अनुगमन गर्नुपर्ने थियो र प्रचारप्रसार अवधिभित्रनै खर्च विवरण बुझाउन पर्ने (खण्ड-खण्ड गरेर राख्दा सजिलो हुन्थ्यो) । आचारसंहिताको कार्यान्वयनको एउटा चुनौति प्रचारप्रसारको समयसीमा पनि हो । विगतका निर्वाचनहरूमा उम्मेदवारहरूले कानुनी तवरले ऐनले नै ३० दिनसम्मको सीमा पाउँथे जबकि गत आम निर्वाचनमा उक्त सीमा ३९ दिनसम्म बढाइयो । सबभन्दा दुखद कुरा के छ भने, उम्मेदवारीको अन्तिम नामावली प्रकाशन र मतदानको बीचको सीमा लाई छोट्टयाउनु सट्टा उम्मेदवारहरूलाई प्रचारप्रसार गर्ने अवधि नै छोट्टयाइएको थियो । जुन, एक किमिसमले उम्मेदवारहरूको प्राकृतिक अधिकारलाई नै बन्देज लगाइएको थियो ।

आचारसंहिता निर्वाचन आयोगले विभिन्न दलहरूको परामर्शमा निर्वाचनको निस्पक्षता र स्वतन्त्रतामा कुनै किसीमको आँच नआउने गरी बनाउनु पर्ने हुन्छ । हुनत विभिन्न लोकतान्त्रिक मुलुकहरूमा निर्वाचन आचारसंहिता बेगर पनि र कुनै-कुनै देशमा एउटा नैतिक आचारसंहिताको स्वीकार गरी स्वतन्त्र र निष्पक्ष निर्वाचन हुँदै छ । हाम्रो मुलुकमा पनि २०४८ साल र २०५१ सालको मध्यावधि निर्वाचनमा आचारसंहिता एउटा नैतिक दस्तावेज मात्रै थियो । निर्वाचन आयोग ऐनमा २०५२ सालमा आचारसंहिता बनाउनु पर्ने प्रावधान राखि यसलाई एउटा कानुनी दस्तावेज बनाएर बढी प्रभावकारी बनाउने प्रयास गरियो र त्यसै अनुरूप निर्वाचन आचारसंहिता २०५३ जारी भयो र सोहिअनुसार २०५४ मा पनि स्थानीय निकाय निर्वाचनमा पनि जारी गरियो । निर्वाचन आचारसंहिता २०५३ अनुसार नै २०५६ सालको आम निर्वाचन सम्पन्न भएको थियो ।

नेपालको निर्वाचन आचारसंहिताको यस २०४८/२०७९ को सानो इतिहासमा एउटा कुरा छर्लङ्ग भएको छ कि राजनीतिकदल, सरकार, उम्मेदवार, प्रशासनिक संयन्त्रलाई आचार संहिताको मर्यादाभित्र राखिएको छ जबकि आयोग स्वयं यसबाट बाहिर रहदै आएको छ । निर्वाचन संचालन खर्च प्रत्यक निर्वाचनमा आकसिदै गएको निर्वाचन आयोगको आफ्नो प्रशासनिक खर्चलाई विवेकीकरण गरिरहेको छैन । आयोगले २०४८, २०५१, २०५६ सम्म आयोगका पदाधिकारीहरू र कर्मचारीहरूको लागि दिने आर्थिक सुविधाको अध्ययन नगरी त्यसलाई पनि न्यून पार्ने आयोगको नैतिक दायित्व हो ।

सबभन्दा ज्वलन्त उदाहरण निर्वाचन आयोगद्वारा गरिएको चियापन समारोह जसमा स्वयं राष्ट्रपति र प्रधानमन्त्रीसमेत सहभागी हुनु भएको समाचार प्रसारित छ । के यस चियापान समारोह आवश्यक थियो र संविधानका संरक्षक जो रास्ट्रपति संस्था हो त्यसमा सहभागी हुनुको सट्टा त्यसता आयोजना रोक्नु पर्दैन किनभने आखिर यसमा भएको खर्च राष्ट्रले बेहोरेको होइन, के यसले निर्वाचन खर्च बढाउदैन । के निर्वाचन सम्पन्न गराउनका लागि संवैधानिक निकाय निर्वाचन आयोगको काम कर्तव्य यहि हो ? यस माथि कसले विचार गर्ने ?

■






भित्र
महिला
मतदान केन्द्र
धुम्रपान निषेधित क्षेत्र
मोबाइल निषेध




पुरुष
भित्र
महिला

निर्वाचन पर्यवेक्षण समिति नेपाल

**Election Observation Committee Nepal**

**(EOC-Nepal)**

Buddhanagar, 10 Kathmandu Nepal
Tel: 014794568,4791044,
eocnepal123@gmail.com, www.ecocnepal.org.np